
अमर ज्योति साहित्यिक त्रैमासिक पूर्णाङ्क ६१

६१


# अमर ज्योति

## साहित्यिक त्रैमासिक






फागुन-२०८२



(नेपाल विद्युत प्राधिकरणको साहित्यिक प्रकाशन)

जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

वर्ष : २२, पूर्णाङ्क ६९
(पुस–फागुन २०८२)

# अमर ज्योति

साहित्यिक त्रैमासिक

**संरक्षक**
हितेन्द्र देव शाक्य

**प्रधान सम्पादक**
विष्णुप्रसाद आचार्य

**कार्यकारी सम्पादक**
युवराज शर्मा

**सम्पादक समिति**
मुकुन्दप्रसाद प्रसाईं
भोला शर्मा
अनिल पौडेल

**व्यवस्थापक**
संगिता अधिकारी (पौडेल)
रीता चालिसे (खनाल)
शारदा पराजुली
बलराम पुडासैनी
मिमन पुलामी
रामराजा ओझा

**आवरण कला**
उपेन्द्र शिवाकोटी

**सल्लाहकार**
मातृका पोखरेल
कुलप्रसाद पराजुली
वीरेन्द्र पाठक
केशवप्रसाद रूपाखेती
विष्णुबहादुर सिंह
पुण्य घिमिरे
रामेश्वर राउत 'मातृदास'
कृष्णदेव रिमाल 'शब्दसेना'

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

**प्रकाशक**
**विद्युतकर्मी साहित्यिक समाज**
नेपाल विद्युत प्राधिकरण

**सम्पर्क**
रत्नपार्क, काठमाडौँ, नेपाल
विद्युतीय ठेगाना : amarjyoti@nea.org.np

नोट : अमरज्योतिमा प्रकाशित लेख/रचनाको सम्पूर्ण जिम्मेवारी लेखक स्वयम्मा नै रहने छ ।

मुद्रण : प्रज्ञा छापाखाना, कमलादी, काठमाडौँ

# सम्पादकीय

## साहित्य र राजनीति

साहित्य समाजको दर्पण हो । त्यस्तैगरी, राजनीति–देश र जनताप्रति सेवाभावी अर्पण हो । दुवैको साझा ध्येय समाजलाई सभ्य, सुसंस्कृत र उन्नत मार्गतर्फ डोऱ्याउनु नै हो । साहित्यले चेतना दिन्छ, राजनीतिले दिशा । चेतना र दिशाको संयोजनमार्फत राष्ट्रको भविष्य उज्ज्वल बन्छ ।

शान्त मन र एकान्त वातावरणमा अन्तरहृदयबाट उर्लिएका भावनाका सुन्दर तरङ्ग नै वास्तविक साहित्य हुन् । पीडा, अशान्ति र कोलाहलको बिचमा पनि साहित्य प्रतिविम्बित हुन्छ । उक्त परिस्थितिमा प्रतिविम्बित साहित्यले समाज र देशलाई उत्तेजित त बनाउन सक्ला तर समाधान दिन कठिन हुन्छ ।

राजनीतिभित्र गम्भीर दायित्व रहेको हुन्छ । जनताका आकाङ्क्षा र राष्ट्रका आवश्यकतालाई व्यवहारमा उतार्ने माध्यम नै राजनीति हो । राजनीति सेवाभावबाट विचलित भई व्यापारिक शैलीमा रूपान्तरण हुँदा हाम्रो मूलनीति देश र जनताको केन्द्रबाट टाढा गएको आभास जनतामा परेको छ ।

घोषणापत्रहरू कहिलेकाहीँ उत्कृष्ट साहित्यिक कृतिजस्तै देखिन्छन्– उत्कृष्ट शब्द, आकर्षक वाचा र उज्ज्वल भविष्यको चित्रण । साहित्यलाई समयले मूल्याङ्कन गर्छ, राजनीतिलाई परिणामले । शासनको नेतृत्वमा पुगिसकेपछि घोषणापत्र कार्यान्वयन हुन नसक्दा जनमानसमा निराशा गहिरिन्छ । त्यसैले अब असम्भव र काल्पनिक आश्वासनभन्दा यथार्थपरक प्रतिबद्धता आवश्यक छ ।

आज देशमा राजनीतिक प्रतिस्पर्धा तीव्र छ । पुराना दल र नयाँ उदीयमान शक्तिबीच प्रतिस्पर्धा स्वाभाविक हो । प्रतिस्पर्धा नीतिमा हुनुपर्छ, नारामा होइन । कार्यक्रमको सम्भावनामा हुनुपर्छ, लोकप्रियतामा होइन । शान्त मनबाट आएको दृष्टिकोण र व्यावहारिक योजना मात्र दीर्घकालीन र जनपक्षीय हुन्छ ।

नेपाली सभ्यता प्राचीन सभ्यता हो । वेद, महाभारत, त्रिपिटक र मुन्धुमजस्ता ज्ञानसागरले सत्य, करुणा, धर्म र कर्तव्यको मार्ग देखाएका छन् । ती केवल धार्मिक ग्रन्थ मात्रै होइनन्, तिनमा शासन, कूटनीति र समाजसेवाका जीवन्त पाठहरू छन् । यदि साहित्यले ती मूल्यलाई पुनर्जीवित गऱ्यो र राजनीतिले व्यवहारमा उताऱ्यो भने समाज थप उन्नत बन्छ ।

नेपाली साहित्य र राजनीति मूलधारमा आउन आवश्यक छ । त्यसका लागि पैसा, पुरस्कारका लागि लेखिने घोस्ट लेखनी कार्यबाट साहित्यकार र शताब्दीसम्म पूरा नहुने राजनैतिक घोषणापत्रबाट राजनैतिक नेतृत्व बच्नुभन्दा अर्को विकल्प हुन सक्दैन ।

अबको समयमा– साहित्यले चेतना जगाओस्, राजनीतिले चरित्र प्रस्तुत गरोस् । शब्द र व्यवहारबिच तादम्यता मिले मात्रै राष्ट्र सुदृढ बन्छ । विश्वको शिर सगरमाथाको देशले सभ्यताको मार्गदर्शन गर्न पहिले आफ्नै मूलनीतिलाई सेवा, सत्य र उत्तरदायित्वमा आधारित बनाउनु आवश्यक छ ।

कार्यकारी सम्पादक

## विषयसूची

### कथा/लघुकथा


| | | |
|---|---|---|
| नयाँ ग्राहक | डा. कृष्णराज अधिकारी | ५ |
| क्षमता | डा. पुष्करराज भट्ट | २८ |
| विसर्जन | अशोक कुँवर 'नेत्र' | ४६ |
| निलो फूल | रीता खत्री | ६५ |
| रिक्तता | अनिल पौडेल | ७० |


### कविता/गीत/गजल/मुक्तक


| | | |
|---|---|---|
| मौन मन्तव्य | विष्णु पादुका | १६ |
| गजल | मिसन अधिकारी | १७ |
| चोक | मणिराज सिंह | ४१ |
| भूमध्यरेखा | कृष्णदेव रिमाल 'शब्दसेना' | ४२ |
| दुई कविता | रमेशप्रसाद 'सागर' | ४४ |
| मान्छे खोजिरहेको छ ... | विष्णु ज्ञवाली | ४५ |
| नाटक | सीता शर्मा | ५० |
| मन, जिब्रो र म | नारायणप्रसाद आचार्य | ५१ |
| गीत | वसन्तराज अज्ञात | ६१ |
| समयको घट्ट ! | छविरमण सिलवाल | ६७ |
| बौद्धिक दास | विवेक धिमाल | ६८ |
| गीत | युवराज शर्मा | ६९ |
| पर्यटक | लोकनाथ ढुङ्गाना | ७४ |
| मायालु नजर | ई. लक्ष्मण मण्डल | ७५ |
| बा | सुरज रेग्मी | ७६ |
| आकाश | सविना गौतम | ७७ |
| मेरो एक भोट लिलामीमा छ | मनोरञ्जन मल्ल ठकुरी | ८६ |
| माइतीको घरैमा | शारदादेवी पोखेल भट्टराई | ९७ |

| | | |
|---|---|---|
| झुटो आश्वासन | कविता पोखेल (सुवेदी) | ९९ |
| मनको आशा | मिमन पुलामी | १०० |

## संस्मरण

| | | |
|---|---|---|
| युरोप यात्रा | मदन तिम्सिना | १८ |
| भिरमौरीको सिकार | प्रकाश आचार्य | ५२ |

## निबन्ध

| | | |
|---|---|---|
| मन | प्रदीप सापकोटा | ६२ |

## लेख

| | | |
|---|---|---|
| सुदूर अब दूर नाइँ ... | चतुर्भुज गौतम 'निर्मलश्री' | ७९ |
| भाषाको मानकीकरण र ... | अतृप्ताचार्य | ८८ |

## वृत्ति-वाटिका

| | | |
|---|---|---|
| नेपाल विद्युत प्राधिकरणको ... | भरत के.सी. | ९४ |

## समालोचना/समीक्षा

| | | |
|---|---|---|
| माटोको गीतको मूर्च्छना ... | महेश पौड्याल | २९ |

## गतिविधि



# नयाँ ग्राहक

डा. कृष्णराज अधिकारी

उसले बल्ल महसुस गरी, बेरोजगार भएर दिन बिताउनु जस्तो गाह्रो केही हुँदो रहेनछ । अझ, आफू धानिँदै आएको आय-स्रोत बन्द हुँदा पनि काठमाडौँको डेरामा एक्लै बस्नुपर्ने नियति कति अत्यास र सकसपूर्ण हुँदोरहेछ ! बन्दाबन्दीको समय । दिनभर के गरेर बिताउनु ? सुत्नु, कति सुत्नु । जानु, विना गन्तव्य त्यसै भौँतारिएर कहाँ जानु ! मोबाइल पनि कति चलाउनु, वाक्क लागिसक्यो उसलाई । बेलुकीपख रत्नपार्क, ठमेल, जमल, वीर अस्पतालको वरपर र आकासे पुलहरूमा डुल्ने गरे पनि आजकल उसका लागि त्यो सब निरर्थक र उपलब्धिहीन हुने गरेको छ ।

बाहिर सुनसानजस्तै छ । फाटफुट रूपमा हिँडेकाहरू पनि त्यसै त्रसित र आतङ्कितजस्ता देखिन्छन् । पहिला-पहिला ऊसँग नजिकिन खोज्नेहरू अहिले यसरी तर्किने गर्छन् कि मानौँ ऊ कुनै विषकन्या हो र जसलाई चुम्छे विषको असरले ऊ ठहरै हुन्छ, वा उसले कुनै आत्मघाती बम लिएर बसेकी छ, जसलाई छुन्छे त्यहीँ विस्फोट हुन्छ । यसैले आजकल ऊ बेलुकीपख एकचक्कर डुल्ने गरे पनि दिउँसो भने निद लागे वा नलागे पनि कोठामै पल्टिने गरेकी छ । पहिला-पहिला भने ऊ यसरी दिनभर सुत्ने गर्दैनथी । सुते पनि यसो डेढ-दुई घण्टासम्म पल्टने गर्थी । कहिलेकाहीँ रातभर सुत्न नपाउँदाको बेग्लै कुरा । त्यस्तो अवस्थामा चाहिँ बरु बिहान आठ-नौ बजेसम्मै सुतिदिन्थी । तीन-चार महिना भयो उसको दिनचर्या फेरिएको । एक महिनादेखि त उसको मनस्थिति समेत फेरिएको छ । मनमा एकखाले उदासी र बेचैनीले डेरा जमाएको छ । मनमा विभिन्न कुराहरू खेलाउने गर्छे । कहिले पकाएर खाइहाल्छे, कहिले भोकै पनि पल्टिदिन्छे । कहिलेकाहीँ निराशाको बादलले सबै उज्यालो ढाक्न पुग्दा त सुतेपछि ब्युँझनै नपाई ओछ्यानमै मर्न पाए हुन्थ्यो भन्नेसम्म हुन्छ । आज त झन् पटक्कै उठ्ने मन छैन उसलाई । खाना खाएर एक बजेतिर पल्टिएकी ऊ दिउँसोको चार बज्दा पनि ओछ्यानमै पल्टिरहेकी थिई ।

मोबाइलको घन्टीले उसलाई उठायो । घन्टीको आवाजसँगै फोन गर्ने व्यक्तिका बारे अनुमान गरी । चार-पाँच महिना अघिसम्म निरन्तरजसो आइरहने फोन पछि-पछि भने ठप्पजस्तै भएको थियो । यसैले पहिलो अनुमान त्यही बारम्बार आइरहने नम्बरमा लगाई र केही उत्साहित भई । तर, पहिलो अनुमानले उत्साह जगाउन नपाउँदै बिहान आएको फोनको सम्झनाले उसलाई निराश बनाइदियो । लगातार तीन-चार घन्टी आएपछि मन नलागी-नलागी सिरानीमुनि राखिएको मोबाइल झिकेर हेरी । नभन्दै घरबाट आएको रहेछ । मन त्यसै-त्यसै भरिएर आयो । एकछिनसम्म उठाऊँ कि नउठाऊँ भयो । बिहान पनि आएको थियो तर उठाएकी थिइन । उठाऊँ– के भन्ने, नउठाऊँ– कतिञ्जेल नउठाउने ? मोबाइलमा सेभ गरेको भाइको नाम घन्टी आउँदासम्म स्नेहपूर्वक हेरिरही । घन्टी आउन रोकिएपछि भाइलाई सम्झँदै मोबाइललाई छातीमा चपक्क अँठ्याएर भक्कानिई अनि त्यसलाई सिरानीमा राखी र एकछिनसम्म त्यसै टोलाइरही । के-के सोच्दै जाँदा ऊ आवाज नआउने गरी बेसरी रोई । जति रोए पनि उसको त्यो रुवाइ र आँसु देख्ने-सुन्ने कोही थिएन । उर्लिएको पीडाको बाढी आँसुको रूपमा बाहिर निस्केपछि अलि हलुका महसुस भयो । केही बेरपछि उसैले फोन गरी–

"बाबु ! सन्चै छौ ? के गर्दैछौ ? पढाइ कस्तो चलेको छ ? अनि आमा... ?"

उताबाट भाइ बोल्यो– "अरू त ठिकै छ दिदी, आमालाई अलि सन्चो छैन... किन नि तपाईंले फोन नउठाउनु भएको ? यहाँ ... ल दिदी, आमा बोल्छु भन्नुभएको छ ।" उसले नजिकै बसेकी आमाको मुखतिर हेर्‍यो र भन्नै लागेको घरको अवस्था भन्न नसकी आमालाई मोबाइल दियो ।

दुवै आमाछोरी फोनमा कुरा गर्दै रुन थाले । आमा रोएको छोरीले थाहा पाए पनि छोरी रोएको भने आमाले पत्तै पाइनन् । आमाले थाहा पाउलिन् भनेर ऊ सचेत हुँदै सिँगान र आँसु पुछी । बोल्दाबोल्दै भक्कानो छुट्न लागेपछि उसले कुरा टुङ्ग्याउँदै भनी–

"नआत्तिनोस् आमा । म आफैँ आउँछु भन्ने लागेर पैसा नपठाएकी हुँ । अफिसको काम परेर बाहिर जान परेकाले आउन पाइन । म अर्को हप्ता आउँछु । कसै आउन पाइन भने पनि पैसा पठाइदिन्छु । भाइलाई पढ्न नछुटाउनु होला । जति रिन लागे पनि बिस्तारै तिरौँला ।"

ऊ मोबाइल बन्द गर्दै ओछ्यानमा घोप्टिएर रुन थाली । एक हप्ता जति भयो, पेट दुखेर उस्तै भएको छ । महिनावारी पनि नियमित हुँदैन, कहिलेकाहीँ त रगत बगेर उठ्नै नसक्ने बनाउँछ । यतिखेर त तीन महिना भयो महिनावारी रोकिएको पनि । कतै ...... ! ऊ थप चिन्तित बनी ।

०

काठमाडौँ क्षेत्रपाटीको एउटा पुरानो घरको दोस्रो तलाको पछिल्तिरको कोठा । दायाँबायाँतिर जोडेर बनाइएका अग्ला घरहरू । पछाडिपट्टि मुस्किलले झ्यालसम्म खोल्न मिल्ने एक-डेढ फिट खाली ठाउँ र अगाडि छ-सात फिट जतिको साँघुरो गल्ली भएकाले प्रकाश त के हावा पनि पर्याप्त नछिर्ने कोठा । यही कोठामा तीन वर्ष बिताएकी थिई उसले । छ महिना अघिसम्म अगाडि र पछाडिका गरी सँगैका दुईओटा कोठा लिएकी थिई । अगाडिको कोठा केही उज्यालो र अलि ठुलो पनि थियो । अगाडिको कोठा आफ्ना लागि र पछाडिको कोठा पाहुनाका लागि छुट्याएकी थिई । कोरोना महामारीको बन्दाबन्दीसँगै उसको आम्दानी पनि ह्वात्तै घटेकाले अगाडिको कोठा छोडिदिएकी थिई । चार महिना भयो यही कोठाको भाडा पनि तिर्न नसकेको । धन्न अरूले जस्तो धेरै किच-किच गरेका छैनन् र बस्न दिइरहेकै छन् घरभेटीले ।

मोबाइलबाट समय हेरी, पाँच बजिसक्यो ! उसले सोची– यसरी कतिन्जेल बस्ने ! घरमा कहिलेसम्म के भनेर टार्ने ? घरभेटीलाई कहिलेसम्म ढाँट्ने ? आफैँ के खाएर बस्ने ? यसरी कतिन्जेल बाँच्न र टिक्न सकिएला र खै ! मोबाइलमा सेभ भएका नाम हेर्दै गई । आफूलाई बारम्बार सम्पर्क गर्ने र आइरहनेमध्ये रेशम बोहोरालाई फोन हानी, उठेन । चन्द्रलाललाई हानी -उठेन । उपेन्द्र ठाकुरलाई हानी, सम्पर्क हुन सकेन भन्यो । कुनै उपाय नदेखेपछि लामो श्वास तानेर उठी अनि बोतलको पानी खाई । टाउको दुख्लाजस्तो भएपछि कालो चिया बनाउन थाली । ग्यास पनि सिद्धिन लागेझैँ निलो बल्न थालेको थियो । अगाडिको बाटो बन्द देखेपछि ऊ पछाडि फर्केर सोच्न थाली– 'काठमाडौँ आएर ठुलो गल्ती गरेँ । भविष्य नियाल्न नसक्ने मेरो अल्लारे उमेर, अभिभावकविहीन पारिवारिक स्थिति, जर्जर आर्थिक अवस्था अनि अरूको दुःख-अप्ठेरोमा फाइदा लिन उद्दत समाज र संस्कारकै उपज हो यो ।

काठमाडौँ आउनु मेरो विवशता मात्र होइन विद्रोह पनि थियो तर पनि बेलैमा अर्को विकल्प खोज्नतिर नलाग्नुचाहिँ मेरो आफ्नै कमजोरी रह्यो । आफूलाई गाउँका सैतान र फटाहाहरूको सिकार हुनबाट जोगाउन र भाइको भविष्य बनाउन खोज्दा 'तावाको माछा भुङ्ग्रोमा' हुन पुगेँ ! घरको र यहाँको ऋण तिर्न पुग्ने गरी अलिकति पैसा जम्मा गर्न पाएँ भने तुरुन्त यो ठाउँ र पेसा छोडेर हिँड्नुपर्छ । अहिलेसम्म मेरो पेसा र अवस्था गाउँ-घर र आफन्त कसैलाई थाहा छैन । अब पनि यसरी नै बसिरहने हो भने एकदिन सबै छताछुल्ल हुने छ र मेरो बाँच्ने धरातल बाँकी रहने छैन । मेरो अनुपस्थितिमा घर-परिवारको अवस्था......।' ऊ चिया पिउँदा-पिउँदै आफ्नो अवस्था सम्झेर अत्तालिन पुगी ।

०

छ बज्नै लागेको थियो । रत्नपार्कतिर हिँड्नलाई मुख धोई, कपाल कोरी, हलुका मेकअप गरी अनि कुर्ता-सलवार लगाई । एकपटक ऐनामा आफूलाई राम्ररी हेरी– ओहो ! निकै दुब्लाएछु । अनुहारको चमक पनि पहिलाजस्तो छैन । आफ्नो शारीरिक अवस्था देखेर चिन्तित भई । हातमा थोरै सेनिटाइजर दली अनि मुखमा मास्क लगाई । ढोका खोलेर निस्कनै लाग्दा मोबाइलको घन्टी बज्यो । सेभ नभएको नयाँ नम्बर थियो । उत्सुकतापूर्वक उठाई । कुरा गर्दै जाँदा केही उत्साह पलाएर आयो । फोन कुनै आफन्त वा साथीको नभई अपरिचित व्यक्तिको थियो । कोठा नजिकैको गल्लीबाट फोन गरेको रहेछ । बल्लतल्ल भेट्न आएको धेरै दिनपछिको पाहुना ! फुत्कन दिनु हुँदैन भन्ने लागेर हतपत तल ओर्लेर आगन्तुकले भनेकै ठाउँनेर बाटोमा निस्की । आफैँले फोन गरेर आफू उभिएको ठाउँ र हुलिया बताएपछि भेट भयो । मुखमा मास्क लगाएकै भए पनि सुनिताले ग्राहकलाई देख्नासाथ अनुमान लगाई– भर्खरको, हेर्दै खाइलाग्दो, कुनै लाहुरेजस्तो पो छ ! अनि, कोठामा लिएर आई ।

हाउभाउ र चालढाल हेर्दा ऊ अन्य ग्राहकहरूभन्दा अलि फरक र शालीन देखिन्थ्यो । यस पेसामा लागेको साढे दुई वर्षको अवधिमा सयभन्दा बढी ग्राहकहरूसँग सङ्गत गरेकी थिई तर सबैजसो भोकाएका ब्वाँसाजस्ता । सबैलाई अर्काको शरीर लुछ्दै आफ्नो भोक मेटाउन हतारो हुन्थ्यो । अझ कतिपय त यातना दिनुमै आफ्नो सन्तुष्टि मान्दथे । अठार-बीस वर्षका किशोरदेखि पैँसठ्ठी-सत्तरी वर्षका वृद्धसम्मले ओछ्यान बनाए उसलाई । तर निकै लामो अन्तरालपछि आएको उक्त युवक अलि बेग्लै प्रकृतिको देखिन्थ्यो । उसले पहिले ढोकाभित्रको सानो टेबुलमा राखिएको सेनिटाइजर उठाएर हातमा दल्यो अनि नजिकैको खाटको छेउतिर बस्दै उसको परिचय माग्यो । कसैलाई पनि आफ्नो वास्तविक परिचय नदिएकी सुनिताले त्यस युवकलाई पनि ढाँटेरै आफ्नो नाम भनिदिई– "गीता ।" उसले सोध्ने जति सबैलाई वास्तविक नाम नभनेर यही नाम भन्दै आएकी थिई । आगन्तुक नामले मात्र सन्तुष्ट भएन र सोध्यो– "गीता के ?"

उसले थोरै मुस्काएर भनी– "न्यौपाने ।"

"अनि घर ?" –फेरि सोध्यो । कता भनौँ-भनौँ भएपछि एकछिन अडिएर भनी– "धादिङ ।"

"धादिङ कुन ठाउँ ?"

अब उसलाई अप्ठेरो पऱ्यो । के भनौँ-भनौँ भयो । धादिङ भन्ने नामसम्म सुनेकी थिई, काठमाडौँबाट घर जाने बाटोमा पर्ने भए पनि उसलाई धादिङका गाउँहरू थाहा थिएन । कहिल्यै गएकी भए पो ! उसका केही साथी धादिङका भएकाले त्यही ठाउँ भनिदिएकी थिई । कुनै पनि ग्राहकले यसरी चासो दिएर

सोधेका पनि थिएनन् । सोधिहाले जे भनिदिए पनि हुन्थ्यो । नाम-ठेगाना जेसुकै होस् कुनै सरोकार थिएन । राम्रो अनुहार र पुष्ट शरीर भए पुगिहाल्थ्यो उनीहरूलाई । सबैलाई आफ्नो भोक मेट्नै हतारो हुन्थ्यो । उसले जबाफ नदिएपछि आगन्तुकले थोरै मुस्काएर भन्यो– "धादिङ होइन होला । कहाँ हो, नढाँटी भन न ।"

"किन चाहियो त घर ? जहाँ भए पनि के फरक पर्छ र तपाईंलाई ?" –उसले ग्राहकतिर हेर्दै मुस्कानमा व्यङ्ग्य मिसाउँदै भनी । आगन्तुक ऊ बसेकै खाटमा बसेको थियो दुई-तीन फिट पर । उसको बोली र व्यवहार अन्य ग्राहकको भन्दा फरक महसुस गरी । अरू ग्राहकहरू यसरी दुरी कायम राखेर बस्दैनथे । हतपत टाँसिएर गिजोल्न आइपुग्थे । आगन्तुक दुरी कायमै राखेर बसेको देखेपछि उसले फरक अनुभूति गर्न थाली । ग्राहकतिर पुलुक्क हेरी । उसमा कुनै उत्तेजना-भाव देखिँदैनथ्यो । के सम्झेर हो उसले फ्यास्स भनिदिई– "पाल्पा हो ।"

आगन्तुकले उसको अनुहारतिर हेरेर भन्यो– "ए ! पाल्पा कुन ठाउँ पर्‍यो भन त ?"

ऊ अलि झस्केझैँ भई अनि उसैले सोधी– "किन ? तपाईंको नि त्यतै हो र ?"

"हैन, मेरो त बुटबलतिर हो, पाल्पातिर मेरा आफन्तहरू छन् त्यै भएर ।" ग्राहकले सामान्य भएर भन्यो ।

आफ्नो घरतिरको रहेनछ भन्ने लागे पनि उसले आफ्नो गाउँ नभनेर मावली गाउँ भनिदिई–

"रामपुर हो ।"

"कति भयो काठमाडौँ आएको ?" –उसले सोध्यो ।

गाउँबाट आएको लामो समय भन्नुभन्दा छोटो समय भनिदिँदा उचित हुने ठानेर उसले काठमाडौँ आएको समय पनि ढाँटेरै भनी ।

"एक वर्ष हुन लाग्यो ।"

उसलाई आगन्तुकको व्यवहार अनौठो लाग्न थाल्यो । कतै ग्राहक नभएर आफ्नो बारेमा बुझ्न आएको अर्कै कोही हो कि भन्ने आशङ्का पनि लाग्न थाल्यो । तर, यस्तो अवस्थामा बल्ल-बल्ल भेटिएको ग्राहक कतै त्यसै फर्किने हो कि भन्ने लागेपछि ऊ आफैँ अग्रसर हुँदै आगन्तुकको आडैमा टाँसिदै आएर भनी–

"पहिला त आउनु भएको थिएन नि ? कसरी थाहा पाउनुभो मेरो नम्बर ?"

"एकजना साथीले दिएको, तिमी बस्ने लोकेसन र नम्बर ।"

पहिला-पहिला ग्राहकहरू हतार गर्थे भने अहिले उसैले हतार गरेकी थिई ।

ग्राहकलाई सन्तुष्ट पारेपछि उसले अपेक्षाभन्दा बढी नै पैसा पाई ।

यही सन्तुष्टिमा उसले ग्राहकलाई चिया खाएर जान भनी, जुन आजसम्म कुनै पनि ग्राहकलाई भनेकी थिइन् । ग्याँस सल्काएर पानी बसालेपछि ऊ हतपत

तल झरी र दुध लिएर आई । दुवैजना चिया पिउन थाले । आज किनकिन उसले छुट्टै अनुभूति गर्न पुगी ।

झमक्क साँझ परिसकेको थियो । ग्राहक निस्कन लाग्दा उसले भनी– "कहाँ बस्नुहुन्छ ?"

"ठमेलमा । एउटा होटलमा साथी र म सँगै बसेका छौँ । ऊ अलि बिरामी छ, नत्र ऊ पनि सँगै आउँथ्यो होला ।"

ग्राहक निस्कन लाग्दा सुनिताले अनायासै उसको हात समाउन पुगी । मानौँ ऊ कुनै ग्राहक नभएर उसको अभिभावक हो वा अझ लोग्ने हो, जो उसँग बिदा भएर जान लाग्दैछ । सुनिताको कोमल हातको न्यायो स्पर्शबाट उम्केर जान उसलाई पनि गाह्रो भयो । निस्कन लागेको ऊ सुनिताको हात समाउँदै फेरि खाटमा आएर बस्यो । सुनिताले पुनः एकपटक उसलाई आफ्नो शरीर सुम्पिदिई ।

OO

"कस्ले लगाइदियो यस्तो काम ?" सुनितालाई एकपटक गढेर हेरेपछि उसले सोध्यो ।

"परिस्थितिले ।" सुनिताले छोटोमा जबाफ दिई ।

उसले घरको अवस्थादेखि काठमाडौँ आउँदासम्मको र काठमाडौँको रेस्टुरेन्टमा काम गर्दादेखि यहाँसम्म आउँदाको परिस्थितिजन्य घटनालाई सरसर्ती सम्झन पुगी ।

"कस्तो परिस्थिति ? मलाई एउटा ग्राहक हैन, शुभेच्छुक सम्झेर भन्न सक्छ्यौ ?"

ग्राहकको बोली र व्यवहारले उसलाई प्रभाव पार्दै लगे पनि एउटा अपरिचित ग्राहकसँग आफ्नो अवस्था र बाध्यता खोल्नुको अर्थ उसले देखिन । यसैले पन्छिन खोज्दै भनी–

"तपाईं ग्राहककै रूपमा आउनुभएको छ त मैले ग्राहक नसम्झेर के सम्झूँ ? यस्तो घृणित पेसामा लागेकी मेरा बारेमा किन सोध्नुहुन्छ ? बरु जानोस्, अँध्यारो भइसक्यो । कहिलेकाहीँ मेसो परेमा आउँदै गर्नुहोला ।"

"किन अत्याएकी ? अरू कोही आउँदैछन् र ?"

"यस्तो बेलामा को आउँथ्यो ! तपाईंलाई जान अप्ठेरो पर्ला, ढिला भयो भनेर ।"

"केको अप्ठेरो ? त्यहीँ ठमेल पुग्ने त हो । त्यो पनि घर होइन, होटल हो ।" उसले घडी हेऱ्यो– पौने आठ भएछ । सोच्यो– 'आखिर सुत्ने नै हो । साढे नौ-दश बजेतिर जाँदा पनि हुन्छ ।' अनि सुनितातिर हेर्दै भन्यो– "अप्ठेरो पर्दैन भने बरु मलाई पनि खाना यहीँ बनाऊ, आज मलाई यहीँ तिमीसँगै बसेर खान मन लागेको

छ । बरु जाऊ, मासु, तरकारी के-के चाहिन्छ किनेर ल्याऊ । तिमीलाई देख्दा मलाई कुनै परिचित व्यक्ति देखेजस्तो, कोही आफन्त भेटेजस्तो लागिरहेछ । आत्मीय भावले द्रवित भइरहेछु । म उता साथीलाई 'अलि ढिला हुन्छ, खाना खाएर आउँछु' भनिदिन्छु । ल, यो लेऊ ।" उसले पर्स निकालेर हजारका दुईओटा नोट दियो । धेरै दिनसम्म कसैलाई नभेटेर आर्थिक सङ्कट र मानसिक तनाव झेल्दै आएकी सुनितालाई उसको बोली र व्यवहारले उद्वेलित पारिदियो ।

सुनिताले अचम्म मान्दै एकछिनसम्म उसको अनुहारतिर हेरिरही र ढिलो गरेर पैसा समाई । 'हैन, कस्तो ग्राहक हो यो ! कतै ... ।' मनमा अनेक आशङ्का उब्जिन थाले । फेरि अर्को मनले सोच्यो– 'पैसाको लागि आफ्नो शरीर लुटाउँदै आएकी मैले अरू के नै सोच्नु छ र !' एकैछिनमा ऊ बाहिर पसलतिर निस्की अनि नजिकैको पसलबाट चामल, तरकारी, मासु र तेलसमेत ल्याएपछि खाना बनाउन थाली । ग्राहक खाटमा पल्टिएर मोबाइल चलाउँदै घरीघरी सुनितासँग बोलिरहेको थियो–

"यहाँ म अर्कै मनस्थितिले आएको थिएँ तर तिमीलाई देख्नासाथ मेरो मनस्थिति बदलिन पुग्यो । त्यसै फर्किन पनि सकिनँ ... । तिमीप्रतिको सहानुभूतिले द्रवित बनायो । यसैले तिम्रो बारेमा जान्न खोजेको हुँ, अन्यथा केही होइन । नढाँटी भनन, घरमा को को हुनुहुन्छ ? कस्तो परिस्थितिले यहाँ आइपुग्यौ ?'

ग्राहकको बोली र व्यवहारले ऊ पनि पग्लँदै गएकी थिई । तैपनि ग्राहकका बारेमा केही थाहा पाएपछि मात्रै आफ्नो कुरा भन्नु उपयुक्त हुने सम्झी–

"पहिला तपाईंको परिचय दिनोस् न । घर कहाँ पर्‍यो ? के गर्दै हुनुहुन्छ ? अनि, किन यस्तो कोरोनाको बेलामा पनि मलाई खोज्दै आउनुभयो ?"

ग्राहकले एकपटक पुलुक्क सुनिताको अनुहारतिर हेर्‍यो अनि भित्ताको सानो झ्यालतिर हेर्दै भन्यो– "तिमीलाई किन ढाँट्नु छ र गीता ! सोमनाथ हो मेरो नाम । हिजो मात्र साउदीबाट फर्केको । आजै घरतिर हिँड्नुपर्ने हो तर किन किन जान मन लागेन र यतै बसेँ । तिमीलाई केही महिनाअघि भेटेर गएको मेरो एक जना साथीले सबै कुरा बताएर लोकेसन र फोन नम्बर दिएपछि नियास्रो मेट्न यहाँ आएको हुँ ।"

उसलाई भेट्न थुप्रै ग्राहकहरू आउने गरे पनि आफ्नो मोबाइल नम्बर प्रायः दिँदैनथी र धेरैले माग्दैनथे पनि । तर कतिपयलाई भने आफ्नो पेसागत हितलाई ध्यान दिँदै नम्बर दिने गरेकी थिई । यसैले कसले नम्बर दिएछ भनी ठम्याउन सकिन र आवश्यकता पनि देखिन ।

दुवैले सँगै बसेर खाना खाए । ग्राहकले 'पुग्यो' भन्दाभन्दै पनि उसले अलिकता थपिदिई । मुस्कानसहितको त्यो खाना थपाइमा उसले छुट्टै माया र

हार्दिकताको अनुभूति गऱ्यो ।

"कस्तो भयो खाना ?" सुनिताले थोरै लजाउँदै औपचारिकता निभाई ।

"साह्रै मिठो पकाइछ्यौ ! नत्र, यति धेरै खाँदैनथेँ ।"

सुनिताले जुठा भाँडाहरू भोलि बिहान माझ्ने विचारले सामान्य पखालपुखुल गरी एउटा बाँटामा राखी । अनि हात धोएर खाटमा आई ग्राहककै आडमा बस्न पुगी ।

"कति भयो साउदी गएको ? अनि, को को हुनुहुन्छ घरमा ?" प्रश्न उसैले तेर्स्याई ।

"गएको त पाँच-छ वर्षै भयो । बिचमा एकपटक आएको थिएँ, अनि अहिले ।" एकछिन अडिएर उसले भन्यो– "छन त घरमा सबै छन्–बाबु, आमा, भाइ र बहिनी । तर सबै भएर पनि कोही नभएजस्तो भइरहेछ । बुटबल हो घर । स्याङ्जा, चापाकोटकी इन्दुसँग प्रेम बसेको थियो । हामी दुबै जनसेनाको एउटै कम्पनीमा थियौँ । तीन वर्षसम्मको प्रेम सम्बन्धपछि पार्टीले नै हाम्रो बिहे गरिदिने तय भइसकेको थियो । तर, स्याङ्जा आक्रमणपछि भालुपहाडमाथिको बाटो हिँड्दै गर्दा त्यहाँ बाटो कुरेर बसेका सेनाको आक्रमणमा परी उनी सहिद भइन् । पछि सेना समायोजन गरिँदा मलाई अयोग्य भनी सामान्य बाटाखर्च दिएर पठाइयो । एकपटक कमान्डरसँग विवाद गरेकै कारण मलाई अयोग्य बनाइएको हुनुपर्छ, अरू कुनै कारण थिएन । एकातिर आफ्नी प्रेमिकाको हत्या अर्कातिर त्यत्रो त्याग गरेर कतिपय मोर्चामा अग्रपङ्क्तिमा लडिसकेर पनि समायोजनमा अयोग्य हुनुपर्दाको पीडा सहन नसकी विक्षिप्त मन लिएर म साउदी अरबतिर लागेको हुँ । इन्दुकै माया र सम्झनाले हालसम्म बिहे गर्न पनि सकिरहेको छैन ।" एकछिन अडिएर उसले भन्यो–

"साथीले मेरो मनोदशा बुझेर होला मन बहलाउन यता तिमीसँग पठाइदियो । तर, तिमीलाई देख्नासाथ मेरो मनस्थिति परिवर्तन भयो । तिमीमा इन्दुको प्रतिरूप देख्न पुगेँ र भावुक बनेँ । इन्दु काटीकुटी तिमीजस्तै थिई, यस्तै पातली, गहुँगोरी र अग्ली । बोली पनि तिम्रैजस्तो । यसैले म जुन उद्देश्यले यहाँ आएको थिएँ तिमीलाई देखेपछि त्यसै शिथिल हुन पुगेको थिएँ । तिम्रो आग्रहले मात्र .... ।"

स्याङ्जा, चापाकोटको नाम अनि घटनाको प्रसङ्ग आउनासाथ सुनिताको मुटु सिरिङ्ग भएर आयो । उसले आफू सानै छँदा उक्त घटना सुनेकी थिई । गाउँमा व्यापक चर्चा पाएको थियो त्यस घटनाले । उक्त घटना भएको केही महिनापछि घटेको अर्को घटनाले उसको जीवन तहसनहस पारिदिएको थियो ।

"तिम्रो बोली, व्यवहार र पेसाका बिच पटक्क मेल खाँदैन । कसरी

यहाँसम्म आयौ र किन यस्तो पेसा अँगाल्यौ ? सुरुमै मलाई तिम्रो अवस्था जान्ने कुतूहलता लागेको थियो । अहिले झनै व्यग्र बनेको छु । विश्वास गर, तिम्रो कुरा मबाट बाहिर जाँदैन ।"

ग्राहकको कुराले सुनिताको परिवारमा घटेको करिब दुई दशक अघिको त्यो कहालीलाग्दो घटनालाई उधिनिदियो । उसले ग्राहकतिर हेरी । किनकिन यतिखेर उसले त्यस ग्राहकमा आफ्ना बाबुको प्रतिविम्ब देख्न पुगी । अब उसले आफ्नो यथार्थ लुकाउनुपर्ने कुनै आवश्यकता देखिन ।

सुनिताले काठमाडौँमा बसेर गरेको कामका बारेमा उसको गाउँ-घर र परिवार कसैलाई पनि थाहा थिएन । उसले काठमाडौँको एउटा सहकारीमा मार्केटिङको काम गर्छु भनिरहेकी थिई । उस्तैलाई चाहिँ ठमेलको रेस्टुरेन्टमा वेटरको काम गर्छु भनेकी थिई । उसको त्यो भनाइ नपत्याउने अवस्था पनि थिएन । उसको हाउभाउ, लवाइ र बोलीबाट कसैले पनि अन्यथा सोच्न सक्तैनथे ।

एकैछिन मौन रहेपछि लामो श्वास लिएर भन्न थाली– "मैले अहिलेसम्म कसैलाई पनि आफ्नो स्थिति भनेकी थिइन । घरमा समेत आफ्नो यथार्थलाई लुकाउँदै आएकी छु । पहिलोपटक तपाईंलाई विश्वास गरेर भन्दैछु । यो कुरा तपाईंमा मात्र सीमित रहोस् । मैले अघिसम्म पनि तपाईंलाई आफ्नो परिचय ढाँटिरहेकी थिएँ । तर तपाईंको बोली र व्यवहार अनि भोगेको पीडाबाट प्रभावित हुँदै जाँदा यतिसम्म नतमस्तक भएँ कि, अब कुनै पनि कुरा लुकाउन सक्ने मनस्थिति नै रहेन । गीता भने पनि मेरो खास नामचाहिँ सुनिता हो । यहाँ मैले सबैलाई आफ्नो नाम गीता नै भनिदिने गरेकी छु । काम त थाहा पाइहाल्नुभो ।" बोल्दाबोल्दै उसका आँखा टिल्पिलाउन थाले ।

"म पाँच वर्षकी हुँदा बाबाको हत्या भयो । स्याङ्जा बजारबाट चापाकोट घर आउँदै गर्दा खै कसैले सुराकी लगाएर हो कि त्यसै माओवादीको शङ्का गरेर हो प्रहरीले गोली हानेर बाटोमै उहाँको हत्या गऱ्यो । भाइ दुई वर्षको थियो । बाबाको हत्या भएपछि ठूलोबुबा त्यहाँको अंश बेचेर बुटबलतिर जानुभयो, काकाचाहिँ डराइ-डराइ त्यहीँ बस्नुभयो । बाबाको हत्यापछि पनि प्रहरीहरू घरमा आएर आमालाई हैरान पार्थे । हामी त्यहाँ बस्न सक्ने स्थिति नभएपछि मामाघर रामपुर गयौँ । मामाघरकी हजुरआमाले नै मलाई निकै दुःख गरेर एस.एल.सी.सम्म पढाउनुभयो । मामाघर बसेकी अवला सम्झेर होला एकदिन चापाकोटबाट मामाघर आउँदा बाटो ढुकेर बसेका दुईजना गुन्डाहरूले मलाई बलात्कारको प्रयास गरे । म बल्लतल्ल जोगिएर आई मामालाई सबैकुरा भनेँ । मामाले ती बलात्कारीको बाबुसँग कुरा गर्दा 'हाम्रा छोराहरू त्यस्ता छैनन्, तपाईंकै भान्जी त्यस्ती हो । त्यसलाई यहाँ राख्ने हो भने फेरि पनि त्यस्तो सुन्नुपर्छ, उसलाई घरमै

पठाइदिनुहोस्’ भनेपछि मामालाई पनि अप्ठेरो परेछ । यता मामाघरमा हजुरआमा बुढी भइसक्नुभएको र मामा माइजूले घरै गइदिए हुन्थ्यो भन्न थालेपछि भने मलाई पनि मामाघरमा आफू बोझ बनिदिएको महसुस हुन थाल्यो । आमाले पनि आफ्नै घर फर्किने निर्णय गर्नुभयो । त्यही बेलामा मामाघर आएकी माइजूकी दिदीले काठमाडौँको कपडा उद्योगमा काम पाइन्छ, म लगाइदिन्छु उतै पढ्छे भनेपछि मलाई ‘के खोज्छस् काना, आँखो !’ भनेझैँ भयो । उनैले मलाई यहाँ लिएर आइन् । दुई-तीन दिन उनको घरमा बसेँ । के भएर हो उनले भनेको ठाउँमा काम पाइएन । त्यत्तिकै गाउँ फर्किनुभन्दा जेजस्तो भए पनि यतै काम गरेर बस्न ठिकजस्तो लाग्यो । उनैले आफ्नो जेठाजुको छोरालाई भनेर ठमेलको एउटा रेस्टुरेन्टमा काम लगाइदिइन् । उनैको भतिजाले मेरो लागि कोठा पनि खोजिदियो ।”

*सुनिताको कुरा सुन्दै जाँदा ग्राहकको अनुहार बिग्रँदै जान थालेको थियो । विगत सम्झँदै जाँदा उसको मस्तिष्क भारी भएर आयो । ऊ बसेको खाट र सम्पूर्ण कोठा नै फनफनी घुमेझैँ हुन थाल्यो ।*

सुनिता बोल्दाबोल्दै एकछिन अडिई अनि लामो श्वास छोडेर पुनः भन्न थाली–

उसले जागिर र कोठा खोजिदिएबापतको पारिश्रमिक एक दिन मेरो इज्जत लुटेर उपर गर्‍यो । ऊ त्यत्तिमै सीमित भएन, मसँग बिहे गर्ने आश्वासन दिँदै बारम्बार कोठामा आउन थाल्यो । म एउटी असहाय र अनाथ, त्यसमाथि यहाँको परिवेशसँग बिलकुलै अपरिचित । उसको त्यो सहयोग र आश्वासनले म ऊसँग नजिकिन पुगेँ । उसले त्यसको फाइदा उठाउँदै निरन्तर मेरो इज्जत लुटिरह्यो । यो कुरा मैले कसैलाई भन्न सकिनँ । त्यति बेलै उसकी काकीलाई भन्नुपर्थ्यो तर उसले दिएको आश्वासनले सबै गुपचुप राखेँ, सबै सहेर बसेँ । उसको नियत राम्रो रहेनछ । अलि पछि त उसले अरू साथीहरू पनि लिएर आउन थाल्यो । अनि पछि-पछि त ऊ नआउने तर उसका साथीहरू भने आउने गर्न थाले । मैले त्यो कोठा छोडेर अन्त सरेँ तर पहिला आउनेहरू कता-कताबाट पत्ता लगाएर त्यहीँ आउन थाले । म पहिल्यै चुकिसकेकी थिएँ, यसैले प्रतिरोध गर्ने नैतिक साहस बाँकी थिएन । उनीहरू काम सकेर हिँड्ने बेलामा केही पैसा दिएर छाड्थे । अन्तै काम खोज्ने र कोठा सर्ने विचारले मैले रेस्टुरेन्टको काम छाडेँ तर तुरुन्तै अर्को काम भेटाउन सकिनँ । मैले भाइलाई पढाउने जिम्मा लिएर आएकी थिएँ । घरमा केही

पैसा पठाउन नसके उसको पढाइ छुट्ने मात्र होइन बाँच्नकै समस्या थियो । आमा पहिल्यैबाट अलि रोगी हुनुहुन्थ्यो, गाह्रो काम गर्न नसक्ने । यसैले घरको सबै जिम्मेवारी मेरै थाप्लोमा थियो । यस्तो बेला खाली हात त्यत्तिकै घर फर्किने स्थिति थिएन । यता खान र कोठाभाडा तिर्ने उपायसमेत नभएपछि म बिस्तारै यही काममा अभ्यस्त हुन पुगें ।"

सुनिताको कुरा सुन्दै जाँदा ग्राहकको अनुहार बिग्रँदै जान थालेको थियो । विगत सम्झँदै जाँदा उसको मस्तिष्क भारी भएर आयो । ऊ बसेको खाट र सम्पूर्ण कोठा नै फनफनी घुमेझैँ हुन थाल्यो । उसले आफू जन्मेको ठाउँ चापाकोट, त्यहाँको परिवेश र पारिवारिक अवस्था सम्झियो– आफू नौ-दश वर्षको हुँदा बाबुसँगै बुटबल बसाइँ सरेको, पछि बाबुका दाजुभाइहरू छुट्टिएर अंशबण्डा हुँदा त्यहाँको जग्गा काकाले किनेर लिएको, आफू कुनै-कुनै वर्ष दसैँमा टीका लगाउन चापाकोट जाने गरेको, डिल्ली ठुलाबालाई प्रहरीले हत्या गरेपछि ठुलाबाका छोराछोरी मामाघर रामपुर बस्ने र आफ्नो परिवारचाहिँ बुटबलतिर बस्ने भएकाले कहिलेकाहीँ चापाकोटतिर जाँदा पनि ठुलाबाका छोराछोरीसँग भेट हुने अवस्था नभएको, ठुलाबाका छोराछोरी मामाघर पढ्दै गरेको भन्ने सुने पनि आफू अलि ठुलो भएपछि जनसेनामा र पछि साउदी अरबतिर गएकाले उनीहरूसँग भेट नभएको ..... ।

ग्राहक त्रसित र आतङ्कित हुँदै सुनितालाई हेर्न पुग्यो । सुनिताको अनुहारमा उसले सानैमा देखेकी ठुलाबाकी चञ्चले छोरीको अनुहार देख्यो । अनि कायर हुँदै कम्पित स्वरमा सोध्यो–

"तिमी डिल्लीकी छोरी त हैनौ ?"

सुनिता झनै आतङ्कित बनी । आफ्नो बाबुलाई चिनेको कुनै आफन्त वा गाउँले रहेछ भन्ने लागेपछि ऊ स्तब्ध बनी । अरू केही सोच्न सकिन ।

त्रसित हुँदै सोधी – "कसरी चिन्नुभयो बाबालाई ?"

ग्राहकको मुखबाट अनायासै फुत्कियो–


"मेरो ठुलाबा !"

"ठुलाबा ?!!" उसको मस्तिष्क तीव्र रूपले उथलपुथल भयो । बुटवल घर भनेको र बाबालाई ठुलाबा भनेको सुन्नासाथ उसको मस्तिष्कले तुरुन्त पहिचान गरिहाल्यो र उसको मुखबाट भक्कानो छुट्यो–

"सोम दाइ ? !!"

■

**पोखरा, हाल : काठमाडौँ**



# मौन मन्तव्य

**विष्णु पादुका**

एक नायक हुन नसक्नुको
नहोस् कहिल्यै पश्चात्ताप
नायक कुरेर बस्न नपरोस् कहिल्यै
कर्तव्यको बाटो डोऱ्याउन
नायक चाहिने आँखामा बिझाइरहें

थाहा छ
यो मखमली जिन्दगी
हेर्दाहेर्दै कात्रो भइदिन्छ
किन बेलैमा कसैको लाज नढाकूँ ?
भाडाकै हो यो सवारी भने
कसैले त निःशुल्क प्रयोगमा
किन नल्याओस्
झर्ने नै छ पात एकदिन
टिपोस्- बेलैमा कुनै चरीले
अनि आफ्नो गुँड बनाओस्
चितामा जल्नु छ चिन्ता छैन
जल्नुअघि कसैलाई
उज्यालो दिन सकिन्छ भने
त्यो अवसर किन गुमाऊँ !

सजिलो छैन इमानको बाटो
मन माझ्न कठोर छ
अन्तिम दिन आई नपुग्दै
उज्यालो पार्नु छ मनको महल
सुख खुसी कहाँ पाइन्छ र किन्न !
सरलताको साँचोमा गालिएपछि
सबै आसपास भेटिन्छ

खरानी या माटोमा भोलि
भेटिने छैन यो सुन्दरता
जिन्दगीको थोरै मिठास बाँड्नु छ
प्रसादको रूपमा
नआओस् कोही भोलि
फूल चढाउन छातीमा
आज नभागूँ यो बाटोका घोचिने काँडासँग

जन्म मृत्युको किनार जोड्ने
बेवारिसे यो पुलबाट
कोही तरोस् र भेटोस् मनको मान्छे
अथवा नयाँ गन्तव्य
घमण्डको खियाले बलियो देखिएको
मासुको यो महल
ढल्ने छ पक्कै भूकम्पबिना नै
कर्तव्यको इन्धनले चुस्त किन नराखूँ सदैव !

भोक नलागोस् प्रसिद्धिको
प्यास नलागोस् पुरस्कारको

एक धब्बा कसैले मेटाउन नपरोस् अनुहारको
छोप्न नपरोस् झुटले यो लाज
बाँचेका दिन जिउँदा रहून्
दिन मारेर बाँच्न नपरोस् कहिल्यै ! ■

**कोहलपुर -४, कोहलपुर**





# गजल

**मिसन अधिकारी**

नजिक नआऊ भने झन् झन् सरिरहन्छु मनैदेखि
तिमी जे-जे भन माया गरिरहन्छु मनैदेखि

कति भेटूँजस्तो लाग्छ, कहिले देखूँजस्तो हुन्छ
हर्दम् हर्दम् नदी, खोला तरिरहन्छु मनैदेखि

त्यो जीवनमा यो जीवनको अर्थ होस् कि नहोस् कत्ति
तिमीलाई सम्झी आफैँमा रङ भरिरहन्छु मनैदेखि

कहिलेदेखि भएँ पागल, कति भएँ, किन भएँ ?
तिमीलाई 'मेरी' भनी मक्ख परिरहन्छु मनैदेखि

काँडा हुँ म आफैँ दुख्छु; गुराँस, गुलाफ फुल्छु
तिमी हिँड्ने बाटोमा फूल छरिरहन्छु मनैदेखि

मिसन के हो ? 'आफैँलाई भुल्यो' भनुन् के भो
तिम्रै नाममा हजार चकचक गरिरहन्छु मनैदेखि । ■



# युरोप यात्रा

**मदन तिम्सिना**

२०८१ फागुन ६ गते मङ्गलबार, तदनुसार १८ फेब्रुअरी २०२५ ।

KTM (DXB-Dubai) को ट्रान्जिट, सिट नं. २० D, कुल ३२×६ सिट, एयर इमिरेट्सको narrow body विमानको यात्रामा हामी नेपाल विद्युत् प्राधिकरणका ५ जना, ठेकेदार पक्षबाट १ जना गरी ६ जनामध्ये ३ जना सपत्नी कुल ९ जनाको हाम्रो यात्रु टिममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भेट भयौँ । गत साउन-भदौतिर निर्णय भए तापनि विविध कारणले यो यात्राको मिति बल्ल जुर्न पुगेको छ । शतप्रतिशत जलबाटै विद्युत् उत्पादन गर्ने उत्तर युरोपेली मुलुक नर्वेको अवलोकन भ्रमण गराउने सम्झौताअनुरूपको यो भ्रमणमा निजी खर्च र बिदासमेत गरेर आतेजातेसहित १४ दिन अवधिभित्र सुरुमा फ्रान्सको पेरिस अवतरण गर्ने अनि क्रमशः इटालीको रोम, स्वीजरल्यान्डको जुरिच, स्वीडेनको Stockholm, नर्वेको ओस्लो, डेनमार्कको Kopehegan हुँदै नेपाल फर्किंदा UAE को दुबईमा transit बनाई २ दिन घुमेर फर्किने गरी ट्राभेल एजेन्सीले भ्रमण तालिका, टिकट, होटल reservation लगायतको व्यवस्थापन गरेको थियो । आज यात्राको सुरु दिन एजेन्सीका प्रतिनिधि पनि विमानस्थल आएका थिए । उनले केही ठाउँका होटल र स्थानीय यातायातका टिकट बुझाए । युएईको भिसा सो दिनसम्म प्राप्त भएको थिएन । यद्यपि आउँछ नै भनिएको छ । विषम अवस्थामा दुबई नघुमी काठमाडौँ नै सोझै आउने टिकट पठाइदिने पनि भनिएको छ ।

TIA मा हाम्रो एयरपोर्ट पुग्ने समय ६ बजे भनिएको थियो, फ्लाइट ९:२० को थियो । म त्यहाँ पुग्दा अन्य सबै साथी पुगिसकेर मलाई कुरिरहनुभएको रहेछ, ट्राभेलका साथी पनि आउनुभएको थियो आवश्यक documents बुझाउन । ३ जोडी र ३ सिङ्गल गरी कुल ९ जना हामीले चेकइन (लगेज बुझाएर बोर्डिङ पास लिने काम) गरी अध्यागमन मा आयौँ । दुबईको transit अनि यस पूर्वको अनुभवले त्यहाँ निकै भीड हुने र समय लाग्ने हाम्रो पूर्वानुमान विपरीत त्यहाँ पूरै खाली पाइयो र हामी सहजै अध्यागमन र सुरक्षा जाँच पार गरी बोर्डिङ कक्षको गेट नं.

४ सामुन्नेमा waiting hall मा बस्यौँ र हाम्रो itinerary check गर्दै चिया कफी खायौँ । निर्धारित समयमा प्रस्थानको गेट खुल्यो र हामी विमान चढ्यौँ । १९ र २० नं. row का ९ सिटहरू हाम्रा थिए । विमान निर्धारित समयभन्दा करिब ४० मिनेट ढिलो उड्यो । ७०१ kmph को गतिमा १०,३६३ मिटर (करिब ३४००० फिट) को उचाइ लिँदै हाम्रो विमानले भारतमाथिको आकाशमा उडान लियो । नेपालभन्दा १:४५ घण्टा ढिलो (-) अनि ३००० कि.मि. टाढा रहेको दुबई विमानस्थलसम्मको उडान समय ५:२० घण्टा (अर्थात् स्थानीय समयअनुसार १२:५५ मा ल्यान्ड गर्ने) उल्लिखित थियो भने Delay भएअनुसार १३:२० मा अवतरण हुने भनी सिट अगाडिको स्क्रिनमा देखिन्थ्यो। कराँची सहरको दक्षिण हुँदै gulf of Oman पार गर्दै निर्धारित समयमै पुग्दैछ fly Dubai को विमान । Terminal २ मा arrival र depart हुने भए पनि अवतरणपछि करिब २० मिनेटको ड्राइभमा shuttle bus ले departure lounge पुऱ्यायो ।

दुबईबाट पेरिस जाने विमान ठुलो Airbus A३८० Double decker (८५ row × १० seat भएको) थियो । १४:५० मा दुबईबाट उडान भई १९:२० ( स्थानीय समय) मा पेरिसमा ल्यान्ड हुने तालिका छ । विमानस्थलमा २ वटा भ्यान आउने छन् हामीलाई लिन र होटल पुऱ्याउने छन् । भोलि (दोस्रो दिन) ९ बजेतिर आइफल टावर चढेर १३:३० मै होटल चेकआउट गर्ने प्लान छ ।

Eiffel Tower को संरचनामा करिब १८,००० फलामका टुक्राहरू र २५ लाख rivets joints प्रयोग गरिएको भनाइ छ, यो tower १८८७ देखि १८८९ सम्म( २ वर्ष २ महिनामा) बनाइएको थियो । यो डिजाइन इन्जिनियर Gustave Eiffel को कम्पनीले गरेको हो । ६ महिनामा यसको payback भएको थियो । १२० m 2ND FL सम्म हिँडेर गइयो ६०० steps. तत्पश्चात् थप १४० मिटर (कुल २८० मिटर) चाहिँ लिफ्ट चढेर गइयो । ३३० मिटर अग्लो यो संरचना निर्माणको समयमा यो विश्वको सर्वैभन्दा अग्लो थियो । यो घुमाउने गाइड पाकिस्तानी तर राम्ररी बुझाउने खालको थियो । तोकिएको समयमा meeting point मा उभिएको थियो गाइड । टावर घुमेर यथासमयमा १५-२० मिनेट हिँड्दै होटल आएर चेकआउट गरी रोम (इटाली) जानका लागि हामीलाई पेरिसको ओर्ली विमानस्थल छोड्न बाहिर लिन आएको भ्यान चढ्यौँ । दुईटा भ्यानमा आएका हामी फरक समयमा ओर्ली विमानस्थल आएर एक समूहले अर्कोलाई पर्खिंदा एकछिन अलमल भयो । भेट भएर चेकइन काउन्टरमा लाइन लाग्यौँ । चेकइन गरिसक्नुपर्ने समय अझै २०/२५ मिनेट बाँकी देखाइरहेको थियो । त्यही स्क्रिनमा हाम्रो समूहको लाइनको सुरुमा उभिने मलाई सहजै बोर्डिङ पास दियो, दोस्रोमा हुने मेडमलाई ४५ युरो थप मागेछ फेरि किन ? भनेपछि छोडेछ ।

त्यसपछि क्रमशः अरू साथीहरू छेउको काउन्टरमा चेकइन गर्दा त्यस्तै ४५ युरो थप माग्ने, किनभन्दा सुरुमै अनलाइन चेकइन गरेर आउनुपर्नेमा नगरेकाले ओभर बुकिङ भयो, सिट नपाउन सकिन्छ, waiting मा बस्नुपर्ने हुन्छ भन्दै सिट नखुलाई बोर्डिङ पास दिएछन्, लगेज भने सबैको पास भएको थियो । मलाई पनि बोलाउनु भन्थे रे फेरि पछि छोडेछन् । म वर आएर पर्खिरहेको थिएँ । साथमा उहाँहरूलाई इमेल, फोन सबै भराएर एउटा फर्ममा सही पनि गराएछ त्यहाँ । अनि हामी सरासर सेक्युरिटी चेक गराएर बोर्डिङ गेटमा लाइन लाग्यौं । अलि अव्यवस्थित र भीड बढी थियो त्यहाँ । त्यहाँ पनि सिट नखुलेको बोर्डिङ पास हुने हामीहरूलाई साइडमा उभ्यायो अनि सिट दिएको म र अर्को मेडमलाई भने बोर्डिङ हुनुस् भन्यो तर हामीले बाँकी ७ जनालाई चाहिँ किन नदिएको, हामी समूहको मान्छे, confirmed ticket भएको लाई यसरी छुट्याउन कसरी मिल्छ ? भन्दा क्षमा माग्दै, २ जना आजै जानुस् बाँकी ७ जनालाई भोलि बिहानको फ्लाइटमा पठाइने छ र आज होटलतिर राखिने भन्न थाले । तर हामीले त्यो प्रस्ताव स्विकारेनौं, सबैलाई सँगै पठाउनुपर्छ त्यो पनि आजै । यदि नमिल्ने नै हो भने ९ जनाकै भोलिको टिकट, होटल बास र बिलम्बबापतको क्षतिपूर्ति चाहिने अड्डी लिँदै बहस गर्दागर्दै त्यो ४:२० बजेको विमान उडिरहेको थियो । त्यो बोर्डिङ काउन्टर पनि बन्द हुने भएपछि २ जना महिला स्टाफले हामीलाई Follow me भने हामी पछ्याउँदै गयौं । निकैबेर हिँडाएर एउटा मोनोरेलसमेत चढाएर लगेपछि ब्यागेज सङ्कलन गर्ने ठाउँमा पुऱ्याए जहाँ हाम्रा "चेकइन लगेज" बेल्टमा घुमिरहेका थिए । आआफ्ना लगेज टिप्यौं, एउटा थप लगेज पनि आएछ । बिचरा हाम्रो यो समस्याको घानमा कसको लगेज छुटेछ भन्दै फेरि पछिपछि लाग्थ्यौं र यो पाली एउटा Alyzia नामको काउन्टर अगाडि पुऱ्याएर त्यहाँ बसेकी एक महिला स्टाफलाई उनीहरूले फ्रेन्च भाषामा केही भनेर हामीलाई चाहिँ २० मिनेट जति कुर्दै गर्नु, एक जना सुपरभाइजर आउँछ उसले आवश्यक सबै "डिल" गर्छ भन्दै निस्के । हामीले त्यो आउने मान्छेको नाम/नम्बर माग्यौं तर त्यो दिन मिल्दैन भनेर हिँडे । हामी भने अब आज नमिले पनि भोलि बिहान सबै चीजसहित रोम जान पाइहालिन्छ भनेर चित्त बुझाउँदै, नेपालको ट्राभेल एजेन्टलाई समेत WhatsApp मा सम्पर्क गर्दै २० मात्र होइन १ घण्टा जति कुऱ्यौं तर कोही आएन ।

घडीमा फ्रान्सभन्दा पौने पाँच घण्टा तेज नेपालमा त्यतिखेर रातको ११ बजिसकेको थियो । यत्रोबेरसम्म कोही हामीलाई सम्पर्क गर्न नआएपछि त्यो Alizia काउन्टरमा रहेकी महिलालाई सोध्न गयौं । सुरुमा अङ्ग्रेजी आफूले नबुझ्ने भन्दै टार्न खोजी, पछि भोलिको कुनै टिकट नरहेको तर रोमको लागि पर्सिको मात्र टिकट रहेको भनी । जब कि हाम्रो भोलिपल्टको राति ८ बजेतिर

रोमबाट स्विट्जरल्यान्डको जुरिच आउने टिकट थियो । अनि हामीलाई पर्खिंदै गर्नू भनेर जाने ती २ जना स्टाफ र आउने भनिएको सुपरभाइजरको बारे सोध्दा त्यसबारे आफूलाई केही नभनेको जानकारी नभएको कुरो बताई । अब भने हाम्रो तनावको पारो बढ्दै गयो, समय पनि घर्किंदै जाँदै थियो । त्यहाँ हामी ९ जना अट्ने गरी बस्न कुर्सीहरू पनि थिएनन् । किनकी त्यो आगमन कक्ष थियो जहाँबाट बाहिर निस्कन (exit) मिल्थ्यो । यस बिचमा हामीले फ्रान्सस्थित नेपाली दूतावासमा समस्या बिसाउन सम्पर्क गर्ने कोसिस गर्‍यौं तर फोन उठेन । त्यो दिन प्रजातन्त्र दिवसको बिदा पनि थियो । मलेसियामा मेरै दाइ राजदूत हुनुहुन्थ्यो उहाँलाई पनि फोन गरें तर समय अन्तरले त्यहाँ आधारात भएकाले सुतिसक्नु भएर होला फोन उठेन, मेसेज छोडें । भोलिपल्ट रिप्लाई गर्नुभयो । यो सबै ठगी र बदमासी गर्ने Wizz Airlines थियो जसको त्यहाँ कुनै काउन्टर/अफिस भेटिएन । अब हामीले पुलिसमा कम्प्लेन गरौं भनेर एयरपोर्ट पुलिस खोज्दा एक भारतीय मूलको स्टाफ भेटिए । उनले हाम्रो समस्या सबै सुनें, फोन पनि लगाए अनि त्यही काउन्टरमा उभिँदै गर्नु कोही आउँछ सहयोग गर्न भने तर कोही आएन । अर्को एक अफ्रिकन स्टाफले पनि काउन्टरमै आएर कुरा गर्‍यो तर केही समाधान निस्केन ।

रातको ९:३० जति भइसकेको थियो, काठमाडौंस्थित हाम्रो ट्राभेल एजेन्ट रातको १-२ बजे पनि हाम्रो नयाँ टिकट र त्यो रातको बासको प्रबन्ध गर्नका लागि लागिरहेका थिए । फ्रेन्चको धोका खाइसकेकोले अब यिनीहरूप्रति हरेक कुरामा विश्वास गुम्न थालेको थियो हाम्रो । धन्न एयरपोर्टभित्र इन्टरनेट चलेको थियो र हाम्रो सबैतिर सञ्चार सम्पर्क भइरहेको थियो । अब हामीले एयरपोर्ट बाहिर पुलिस स्टेसन जाने अनि रोम जाने योजना दुवै रद्द गर्‍यौं किनकी हामीसँग समय थिएन । अब अनलाइन होटल खोजी गर्‍यौं र बाहिर निस्केर सबै लगेजसहित ९ जना अट्ने दुई भ्यानहरू समेत खोजी बर्सी भन्ने ठाउँमा रहेको आइबिस होटलतर्फ आयौं । यी ड्राइभरचाहिँ इमानदार नै भेटिए । फ्रान्सबाहिरका पनि रहेछन् । ५०/५० युरो भाडा दिएर होटल रिसेप्सनमा आयौं । आफैं अनलाइन दर्ता गर्नुपर्ने रहेछ । ५ रुमहरू लिएर लगेज रुममा राखेर केही खान निस्क्यौं । होटलदेखि बाहिर बाटो निकै भीडभाड थियो, इन्डियन पाराको केही खान पाइने होटल नजिकैको ठाउँ खोजेर, खाएर सुत्न लाग्दा रातको १२:०० भइसकेको थियो । घरमा मेसेज छोडेर सुतियो ।

तेस्रो दिन ।

बिहान बिउँझिँदा हाम्रो त्यही दिन अपराह्न ३ बजे पेरिसबाट स्वीजरल्यान्डको जुरिच जाने स्विस एयर (डेढ घण्टाको उडान) को टिकट हाम्रो WhatsApp

group मेसेजमा देखियो । होटल बुक गर्दा प्रायः बिहानको खाजाको मूल्य त्यसमै जोडिएकै हुन्छ । सोहीअनुसार हिजोको शारीरिक र मानसिक थकानलाई पर्याप्त आराम दिने गरी अलि ढिलै उठेर फ्रेस भएर ९ बजेतिर ब्रेकफास्ट गर्न सबै भेला भयौँ । हिजोजस्तो समस्या नआओस् भन्नका लागि अलि चाँडै अर्थात् १२ बजे एयरपोर्ट पुग्ने, ११ बजे होटल चेकआउट गरी निस्क्यौँ, २ वटा ठुला भ्यान आइसकेका थिए । करिब पौने १२ बजे पेरिसको CDG int'l airport पुग्यौँ । अनलाइन चेकइन गरी ब्यागेज ड्रप गऱ्यौँ र सुरक्षा जाँचपछि बोर्डिङ हलमा पुगेर wait गऱ्यौँ । विमान आधा घण्टा delay थियो । विमान चढेर स्वीसको आकाशमाथि उड्दा त्यो भूगोल नेपालजस्तै डाँडाकाँडा, भित्री मधेसजस्तो तर अत्यन्तै सफा, घरहरू झिँगटी लाएजस्ता भिरालो छत भएका ससाना, योजनाबद्ध विकास गरिएको सहर, फ्याक्ट्रीको चिम्नीबाट निस्केको धुँवा पनि बादलजस्तै सेतो (सफा) देखिन्थ्यो । जुरिच सहर साँच्चै आकर्षक देखिन्थ्यो । विमानबाट ओर्लेर हामीलाई लिन आएका २ वटा भ्यानले हामीलाई होटलतिर लगे । ड्राइभर दुवै भारतीय मूलका थिए । चेकइन गरी फ्रेस भई नजिकैको भारतीय रेस्टुरेन्टमा खाना खाएर आएर सुतियो ।

चौथो दिन ।

हामीलाई टुरिस्ट बसले बिहान ९ बजेदेखि सुरुमा जुरिचको Lucerne village tour गरायो । मौसम हिजैदेखि केही न्यानो थियो अगाडिका दिनभन्दा घाम लागेकोले ४/५ डिग्री सेल्सियस भए पनि जाडो महसुस भएन । करिब डेढ घण्टा त्यहाँको नहर, पुराना संरचना तथा घरहरू, chapel Bridge, ड्याम, गिर्जाघरलगायत बजार घुम्दै पुनः गाडीमा बसेपछि त्यहाँबाट करिब ११०० मिटर उचाइमा रहेको करिब ३५ किमी टाढा Engelberg भन्ने गाउँ हुँदै Mt. Titlis को बेस क्याम्पमा पुऱ्यायो । पहाडी भूभागको त्यो गाउँ त्यस्तै सुन्दर, गाईपालन हुने, सानासाना, झिँगटीले छाएजस्तो भिरालो छाना भएका घरहरू र अलि भिरतिर घर भएकालाई सहज आवतजावत गर्न साना छोटा केबलकारसमेत थिए । त्यसपछि मुख्य आकर्षण टिटलिस हिमाल चढ्न हामी केबलकार चढ्यौँ, करिब ८ जना अट्ने बिसौँ सङ्ख्यामा थिए । त्यसले करिब आधा दूरीमा पुऱ्याएपछि ४०/५० जना अट्ने उभिएर जाने अर्को गोलो केबलकार चढियो । मुनि हिउँ नै हिउँले ढाकिएको भिर एवम् पाखामा स्केटिङ खेलिरहेका पर्यटकहरू कमिलासरि देखिन्थे । दोस्रो केबलकारले ३०२० मिटर (१०,००० फिट) उचाइमा रहेको हिँउले ढाकिएको Titlis summit मा पुऱ्यायो । त्यहाँ हिउँमाथि हिँड्ने (Cliff walk), फोटो खिच्ने, हिउँकै गुफा (Glacier cave), Ice Flyer, भित्र घुम्ने गरी करिब ३ घण्टामा हामी

केबलकारमै तल फर्कियौं । तल एउटा इन्डियन क्याफेमा हल्का खाजा खाएर बिहान ल्याउने बस चढी होटल फर्कयौं ।

पाँचौं दिन ।

दिउँसो १२:४० मा जुरिच विमानस्थलबाट २:३० घण्टाको फ्लाइटमा स्वीडेनको राजधानी स्टकहोम आउने योजनाअनुसार पर्याप्त समय लिएर बिहानी नास्ता लिई, चेकआउट गरी विमानस्थल आयौं । यसपालि बोर्डिङ पास होटलमै अनलाइनमार्फत लिएका थियौं र यता अनलाइनबाटै ब्यागेज ट्याग लिने, त्यो लिएर ब्यागेज ड्रप आफैं गर्ने गऱ्यौं । यसरी प्रविधिले बिस्तारै सबै प्रणाली मान्छे र कागज नचाहिने गर्दैछ विश्वमा । प्लेन समयमै उड्यो । डेनमार्कमा PEC Chandigarh मै पढेका भाइ दिलीप खतिवडा युनिभर्सिटीमा पढाउँछन् । उनले ऊर्जा इन्जिनियरिङमा विद्यावारिधि गरेका छन् । सपरिवार बस्छन् । उनीसँग सम्पर्क गरेको थिएँ भेट्न भनेर । हामी होटल पुगेको केही समयमै उनी होटलको रिसेप्सनमा आइपुगे । समय साँझको ४:३० भएको थियो होला । योलगायत स्कान्डिनभियन मुलुक (नर्वे, डेनमार्क) उत्तरी युरोपमा पर्छन्, घाम त्यति लाग्दैन र बढी चिसो हुने रहेछ । तापक्रम त ४ डिग्री सेल्सियस देखाएको थियो । हल्का मात्र न्यानो लुगा लाएर हामी सबैले दिलीप भाइलाई पछ्यायौं । नजिकका ठाउँ हेर्न, घुम्न लाग्यौं । बाल्टिक समुद्र किनारमा रहेछ यो सहर, साँझको ठिही चिसोले भित्रै छोयो मलाई त । टोपी, पञ्जा, ट्राउजर सबै थियो तर लगाइएन । यति चिसो होला भन्ने लागेन । अनि भाइले बोकेको पञ्जा लाएँ । साँझको करिब २ घण्टाको पैदल हिँडाइमा हामीले राजदरबार, रत्नपार्कजस्तो प्रदर्शन गर्ने ठाउँ, दरबारमार्ग, संसद् भवन र नोबेल पुरस्कार बाँड्ने ठाउँ सबैको दृश्यावलोकन गर्दै बाँकी भोलि सिटी टुरमै हेर्ने भनेर होटल फर्क्यौं । भाइ सार्वजनिक सवारी लिएर फर्के, करिब २५ मिनेट लाग्ने रहेछ घर पुग्न । हामीले छेउको इन्डियन रेस्टुरेन्टमा बिरयानी र ल्याम्ब (भेडाको मासु) खाएर आआफ्नो रुम आई सुत्यौं ।

छैटौं दिन ।

सो दिन बिहान १० बजे Vasa म्युजियम पुगेर त्यहाँ हेर्ने/घुम्ने अनि हप अन हप अफ बसमा चढेर सहर घुम्ने मात्र प्रोग्राम थियो । सोहीबमोजिम खाजा खाएर गुगलम्यापको सहायताले हिँड्दै म्युजियम पुग्यौं । यो मौसममा यी नोर्डिक देशमा प्रायः घाम नदेखिने, पानी पर्ने, जाडो हुने हुँदो रहेछ । सो दिन दिउँसो हल्का रिमझिम पानी पऱ्यो । अघिल्लो दिनको भोगाइले न्यानो हुने गरी कपडा लगाएका थियौं । त्यो म्युजियममा सत्रौं शताब्दीमा (सन् १६२८ मा) सैनिकहरू बोकेको

'वासा' नामको ठुलो पानीजहाज केही किमी गएपछि डुबेर हराएको र ३३३ वर्षपछि मात्र त्यसलाई निकालेर त्यो ठाउँमा पुनर्निमाण गरी राखिएको रहेछ। काठलाई रिभेट जोइन्टले जोडेर बनाइएको सो जहाजलाई बोल्ट प्रयोग गरी पुनर्निमाण गरिँदै रहेछ। सन् २०२८ मा ४०० वर्षको अवसरमा सम्पन्न गर्ने गुरुयोजना रहेको जानकारी पाइयो। त्यहाँ करिब २/३ घण्टा बिताएर अगाडि बस स्टपमा डबल डेकर बस समातेर माथिल्लो तलामा बसियो जहाँबाट सहर मज्जाले देखिन्थ्यो। बाहिर चिसो र हल्का पानी परे पनि भित्र वातानुकूलित भएकोले न्यानो थियो। हरेक सिटमा राखिएका हेडफोनले कुन स्टपमा पुगियो, त्यस ठाउँको महत्त्व के हो भनेर अनेकन भाषामा बोलिरहेको हुन्थ्यो। यसरी स्वचालित प्रणालीबाट पर्यटकलाई धेरै सहज हुन्थ्यो। अधिकांश ठाउँ अघिल्लै दिन हेरेको, बिहान पैदल आउँदा पनि हेर्दै आएकोले पुरानो सहर भएको स्टपमा ओर्लेर घुम्दै, कफी खाँदै हिँड्यौं। शौचालय छिर्न सोही देशको सिक्का आवश्यक हुने भएकोले पनि कुनै क्याफे छिरेर कफी खानुपर्ने हुन्थ्यो। यसरी साँझसम्म घुम्दै हिँड्दै होटल फर्कियौं।

सातौं दिन।

हामी बिहानको ७:३० को ट्रेन चढेर नर्वेको ओस्लो पुग्नु थियो। ६:३० बजे मात्र खोल्ने ब्रेकफास्ट हाम्रो अनुरोधमा ६:१५ मै खोलेको थियो, अनि ६:४० को ट्याक्सी चढेर समयमै सेन्ट्रल ट्रेन स्टेसन पुग्यौं। ६ घण्टाको ट्रेन यात्रा सहज नै थियो। उता उत्रेर ३ ट्याक्सी खोजेर होटल चेकइन गर्‍यौं। अनि केहीछिन आराम गरेर नजिकैको सपिङमल निस्क्यौं। प्रायः यात्राभर बिहान ९ बजेतिरको ब्रेकफास्टले दिउँसोको लन्चसम्म खान्थ्यौं भने हरेकले कोही न केही ड्राई फ्रुट्स दालमोठ/बिस्कुटहरू ल्याएका थियौं, त्यो पनि बाँडेर खान्थ्यौं। साँझ खोजेजस्तो खान नपाउँदाखेरि फास्टफुडले पनि पार लाइन्थ्यो। त्यो साँझ चिकेन बर्गर र कोठामा फर्केर नेपाली पाराले सबै मिलेर हल्का मद्यपान पनि गरियो।

आठौं दिन।

त्यो दिन १० बजे मुख्य चोकमा भेला भएर गाइडले पैदलै ओस्लोको प्रमुख पर्यटकीय स्थलहरू घुमाउने अनि २ बजेबाट रिभर क्रुजको यात्राको प्रोग्राम थियो। त्यो दिनको ब्रेकफास्ट अरू दिनको भन्दा बढी आइटमसहित अलि राम्रो थियो। सोहीबमोजिम खाएर हामी १० बजे नै मिटिङ प्वाइन्टमा पुग्यौं जहाँ अन्य देशका पर्यटक पनि भेला भएका थिए। गाइडले सबैलाई कुन देशबाट आएको भनेर परिचय लिइन्। साथै त्यो दिनको मौसम पानी नपरेको कारण ठिक भएको, करिब १ हप्ता अघि मज्जैले हिउँ परेको कुरा बताइन्, नभन्दै हरेक ठाउँमा मेसिनले

हिउँ सोहोरेर एउटा साइडमा थुपारेको देखिन्थ्यो भने कतिपय सडकमा हिउँको एक तह अझै जमेकै थियो । उनले हामीलाई पैदल नै करिब २ घण्टा ओस्लो सहर, जुन नर्वेको राजधानी पनि हो, विभिन्न ठाउँ, विशेष गरी पुरानो ठाउँ, राजाको दरबार, ओपेरा हाउस, म्युजियम, नोबेल शान्ति पुरस्कार दिने ठाउँ, स्मारकहरूको जानकारी दिँदै घुमाइन् । त्यो सकिएपछि केही साथी सोभेनियर पसल छिर्नुभो अनि त्यो सकेर क्याफेमा कफी खाएर हामी क्रुजतिर लाग्यौं । गुगलम्यापले थोरै झुक्यायो, फर्केर सही ठाउँमा आउँदाआउँदै हामी ५ मिनेट ढिलो भएकोले त्यो क्रुज छुट्यो अनि त्यतिन्जेललाई हाम्रो घरेलु खाजा खाँदै अर्को २ घण्टापछिको क्रुजलाई पर्ख्यौं । त्यसमा ९० मिनेटको यात्रा गरेर हामी फर्क्यौं । बाटोमा एउटा इन्डियन रेस्टुरेन्ट खोजेर छिर्‍यौं तर बस्ने ठाउँ नपाएर अर्कोमा छिरेर चिकेनकट्टी रोल खाएर होटल फर्क्यौं । आज हाम्रो हिँडाइ करिब १०/१२ किमी भयो ।

नवौँ दिन ।

त्यो दिन हाम्रो तेस्रो नोर्डिक मुलुक डेनमार्कको कोपेनहेगन पुग्न करिब ८ घण्टाको टुरिस्ट बसको यात्रा गर्नु थियो, जुन १२ बजेतिर सुरु थियो । त्यसैले यो दिन बिहान अलि खाली समय भएकाले र १० बजेसम्म ब्रेकफास्ट हुने भएकाले सबै सामानहरू प्याकिङ गरी लगेज तयार गरेर करिब पौने घण्टा मर्निङ वाकमा निस्कैँ । युरोपमा कतै होटलमा जिमखाना देखिएन । त्यसैले त्यो दिन बसयात्रा मात्र हुनाले केही क्यालोरी खर्च गर्न केही हिँड्नु जरुरी थियो । हिँडेर आएर एकछिन आराम गरी ब्रेकफास्ट गरी हामी बस स्टेन्ड आयौँ । ६० सिट भएको सो बसमा शौचालयसमेत थियो । बिचमा एक ठाउँ चिया कफी खान करिब २० मिनेट रोक्यो भने अरू समय लगातार चलिरह्यो । आज बसमा हिँडेपछि केही समय घाम लाग्यो । नर्वेबाट करिब अरेसन्ड समुद्र पार गरेर राति ८:३० बजे बस डेनमार्कको कोपनहेगनमा पुग्यो र सबैलाई उतार्‍यो । करिब २ किमी टाढा रहेको होटल जान ट्याक्सी खोज्दा कतै पाइएन र लगेज गुडाउँदै गुगलम्याप लाउँदै होटल पुग्यौं । ९:२० तिर सबैले चेकइन गरी कोठामा सामान राखी खान निस्किँदा सबै होटलहरू ९:३० मै बन्द हुँदा रहेछन् । यताउता निकै भौँतारिदा कतै पाइएन, नजिकको रेलवे स्टेसनको म्याक डोनाल्ड भए नि बल्ल भेटियो र एक एक चिकेन बर्गर खाएर रुम आएर सुतियो ।

दसौँ दिन ।

आज खाजा खाएर स्वीडेनको दक्षिणमा पर्ने लुन्ड र माल्मो सहर घुमाउने कार्यक्रमअनुसार टुरिस्ट बस चढ्यौं । बस चालक रमाइलो खालको थियो । हिजो

त्यति लामो यात्रामा केही नदिने आज ५ घण्टाको यात्रामा पानीको बोतल दियो, अडियो गाइडको लागि एयर फोनसमेत थियो । बाटोमा कफी खान रोक्यो आधा घण्टा एउटा पुरानो सहर अनि अर्को डेढ घण्टाजस्तो एउटा हेल्सिङ्गरस्थित ह्यामलेट नामको पुरानो गढी (castle) मा अनि कोपेहेगनबाट करिब २ घण्टाको बस यात्रापछि समुद्र पार गर्ने क्रममा ठुलो फेरिमा नै बस हालेर एरेसन्ड समुद्र तारेर दक्षिणी स्वीडेनको हेल्सिनवर्ग हुँदै लुन्ड सहर पुऱ्यायो । करिब १५०० देखि हजार वर्ष अघि निर्मित दरबार, सङ्ग्रहालय, विश्वविद्यालय, गिर्जाघर, चौक (square), सालिक (statue), बाटोघाटोलगायतका पुरातात्त्विक भवन तथा भौतिक सभ्यता र संरचनाहरूको अवलोकन गरियो । धेरै सफा सुग्घर, योजनाबद्ध तरिकाले बनाइएका र संरक्षण गरिएका छन् हरेक संरचनाहररू त्यहाँबाट अर्को आधा घण्टामा पुगिएको मोल्मो सहर पनि त्यस्तै पुरानो, सुन्दर र व्यवस्थित थियो । सपिङ सेन्टरहरू उपलब्ध थिए । अनि हामीलाई ५:३० मा सुरु गरेर सिधा बाटो जुन करिब १६ किमीचाहिँ अरेसन्ड नामको समुद्रलाई पुल र सुरुङमार्ग भएर पार गर्दै १ घण्टामै कोपेनहेगन सहरमा ल्याएर छोड्यो । सो दिन भने नजिकको इन्डियन रेस्टुरेन्टमा गएर नान रोटी, दाल, तरकारी र भातसमेत खान पाइयो । सर्भ गर्ने नेपाल बुटवलकै स्नातक अध्ययनरत नानी रहिछन् । सोही दिन राति नेपालमा सिन्धुपाल्चोकको चीन सीमाना नजिक केन्द्रबिन्दु भएर करिब ६ रेक्टरको भूकम्प गएको खबर आयो । नेपालमा बिहान २:५१ बजे, उता रातको १०:३० भएको थियो ।

एघारौँ दिन ।

आज हाम्रो युरोप सकेर कोपेनहेगनबाट दिउँसो २:४५ मा दुबई उड्ने प्लान छ । हल्का रुघा लागेकोले म ७ बजेतिर उठेर, सामान/लुगा प्याकिङ गरेँ । दुबई त गर्मी हुन्छ । त्यहीअनुसारको हाते ब्यागमा हल्का शीतल र न्यानो जति ठुलो ब्यागेजमा हालेर मिलाएँ । नुवाइधुवाइ गरी तयार भई ८:४५ तिर आधा घन्टालाई मर्निङवाक निस्केँ । वरिपरि, ९:२० तिर फर्केर ब्रेकफास्ट गरेर ९:५० मा चेकआउट गरियो । आज एयरपोर्ट जान हामी ९ जनाको लागि मात्र ठुलै बस आएको रहेछ । ११:१५ मा मात्र चेकइन खुल्यो । लगेज पठाएर युएई भिसा प्रिन्ट गरायौँ । ड्युटी फ्री पसलमा केही चकलेट किनियो । यो स्कानडीभियन मुलुकहरूमा युरो, डलर नगद प्रायः नचल्ने, डलर कार्ड मात्र चल्ने देखियो । कतै चले पनि फिर्ताचाहिँ सोही मुलुककै मुद्रा आउने । समयमै बोर्डिङ भयो आजको विमान इमिरेट्सको एयरबस A३८०-८००, जुन दुई तले र ६८० सिट क्षमता भएको थियो ।

हाम्रो ७४/७५ तिर सिट परेको छ । यो पौने ६ घण्टाको फ्लाइट छ भने त्यहाँ मध्यरातको १२:०५ तिर पुग्यो । हाम्रो समूहका पवनजीको ४ घण्टाको

ट्रान्जिटपछि दिल्ली हुँदै काठमाडौँको उडान थियो । बाँकी हामी दुबई दुई दिन घुम्ने योजना थियो । यहाँ अध्यागमनबाट निस्कँदा (आगमन नजिक) सबैलाई लोकल सिम कार्ड निःशुल्क दिइँदो रहेछ जसबाट १० जी.बी. डाटा २४ घण्टा चल्ने अनि ४८ घण्टामा त्यो सिमको म्याद सकिने रै'छ । बाहिर निस्कँदा हामीलाई एकजना ड्राइभर लिन आएको थियो । यसको पार्किङ नै विशाल थियो । हामी १ बजेतिर होटल पुग्यौँ र सुत्यौँ ।

बाह्रौँ दिन ।

ढिलो सुतेकाले उठ्दा ९ बजेछ । फ्रेस भएर ब्रेकफास्ट गर्न गइयो । जुन १० बजेसम्म खुला हुन्थ्यो । सो दिन २ बजे पछि डिजर्ट सफारी गर्ने योजना थियो सोहीअनुसार गाइडको गाडीले मरुभूमिको बालुवामाथि साहसिक ड्राइभिङ गरायो । हामीले पनि २ ओटा जिपजस्ता गाडी चलाएर आनन्द लियौँ । त्यो सकेर साँझ विभिन्न नाच र डिनरसहितको show (प्रदर्शनी) पनि हेरियो । सफारी जानुअघिको खाली समयमा हामीले नजिकैको गोल्डन मार्केट पनि घुमेर सानोतिनो खरिद गऱ्यौँ । तोकिएको परमाणभित्र VAT र भन्सार शुल्क मिनाहा हुनाले सुन तोलामा २०/२५ हजारसम्म सस्तो पर्दोरहेछ ।

तेह्रौँ दिन ।

आज पनि २ बजेपछि अनेकन फूल र हरिया बोटबिरुवाले भरिएको मिराकल गार्डेन नामको बगैँचा अनि विश्वकै अग्लो टावर बुर्ज खलिफा घुमाएर यो यात्रा टुङ्ग्याएर भारतको नयाँ दिल्ली ट्रान्जिट हुँदै नेपाल फर्कने कार्यक्रमअनुसारको घुमघाम भयो । ७.२ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त मिराकल बगैँचामा ५ करोड फूल र २५ करोडको सङ्ख्यामा बोटबिरुवा भएको विश्वकै ठुलो र बृहत् बगैँचा रहेछ । यसलाई सन् २०१३ को भ्यालेन्टाइन दिवसका दिनदेखि सञ्चालनमा ल्याइएको रहेछ । हरेक दिन उत्तिकै ताजा फूलहरू अनि बोटबिरुवा, रुख कसरी स्याहार गरेर राखिएको होला भनी हामी अचम्ममा पऱ्यौँ । सरसफाई त्यस्तै थियो । सिँचाइ र बोटविरुवाको सजावट (हाँगा र पात कटाइ) कतिखेर गर्दा हुन्... यस्ता प्रश्न मनमा राख्दै हामी ८२८m उचाइ रहेको विश्वकै सबैभन्दा अग्लो १६३ तल्ले बुर्ज खालिफा टावर चढ्न गयौँ । जसको टिकट साँझ ७:३० को थियो । तर छेउमै र मुनि रहेको विशाल दुबई मल घुम्दै, फाउनटेन हेर्दै, बुर्ज खलिफाको प्रवेशद्वारतिर गयौँ । यसको निर्माण २००४ मा सुरु भई पाँच वर्षपछि २००९ मा पूरा भएको रहेछ । यसको मुख्य संरचना रेनफोर्स कङ्क्रिट ( reinforced concrete), स्टिल र एल्मुनियमले बनेको यो बिशाल भवनको

निर्माण लागत करिब डेढ अरब अमेरिकी डलर रहेछ । अलि लामै लाइन लागेपछि माथि लाने लिफ्टमा पुगियो, जसले १ मिनेटमै १२५ औँ तलाको अब्जरभेसन डेस्कमा पुऱ्यायो । त्यहाँबाट झिलिमिली दुबई सहरको सुन्दर दृश्यपान राम्रैसँग गरियो । करिब एक घण्टा घुमघाम गरेपछि हामी लिफ्टबाट नै झऱ्यौँ । त्यहाँका प्रायः रेस्टुरा, टिकट काउन्टर, सुरक्षा चेक पोइन्ट सबैतिर नेपाली दाजुभाइहरू भेटिनुहुन्थ्यो । बाहिर पसलहरूमा समेत । ओर्लेर भुइँतलाको इन्डियन रेस्टुरेन्टमा खान खाएर हामी गाडी पार्कतिर जान निकै हिँड्यौँ । यसरी हाम्रो विदेश भ्रमण समापन भएको थियो । ■

**कार्यरत : नेपाल विद्युत् प्राधिकरण**

लघुकथा .....



# क्षमता

**डा. पुष्करराज भट्ट**

म आफ्नो कार्यकक्षमा बसिरहेकी थिएँ ।

एक जना मानिसले ढोका उघारेर बाहिर गए । म हेरिरहेकी थिएँ, ती वयस्क मानिसले चार पटकसम्म यही क्रिया गरिरहेका थिए ।

जब पाँचौँ पटक उसले ढोकाबाट चियायो, मैले उसलाई बोलाएर भनेँ, “तपाईंले धेरै पटक ढोका खोल्ने र बन्द गर्ने काम गरिरहनुभएको छ । कसलाई खोज्नुभएको हो ?” मैले सोधेँ ।

“हाकिम साबलाई ?”

“म नै हुँ यहाँको हाकिम ।”

“भर्खरको केटी मान्छे हाकिम ?” आश्चर्यचकित हुँदै भने ।

“मानिस उमेर र लिङ्गले जिम्मेवारीमा पुग्ने होइन्, क्षमताले पुग्ने हो ।” मैले जोरदार आवाजमा भनेँ । ■



# माटोको गीतको मूर्च्छना : मनप्रसाद सुब्बाको 'भुइँभुट्टा शब्दहरू'

**महेश पौड्याल**

कला केका लागि भन्ने तर्कका दुई आद्यरूप फेला पर्छन्, जसबाट दुई समालोचनात्मक धारहरू विकासित भएर गए। पहिलो कित्तामा छन्, कला कलाकै लागि भन्ने सौन्दर्यशास्त्रीहरू, जसले कला आफैँमा पूर्ण भएको तर्क गरे र यसको मानव जीवनमा अर्को कुनै प्रयोजन हुँदैन भने। यो विचारधारा अरस्तुदेखि लोन्जाइनस हुँदै, राफेलका अनुयायीहरूबाट नयाँ पुस्ताका अनेकानेक कलाकारहरूमा हस्तान्तरण भएर आजपर्यन्त शक्तिशाली समालोचनात्मक तर्कको रूपमा विद्यमान छ। अर्काथरि समाजशास्त्री, विशेष गरी मार्क्सवादी हुन्, जसले कलाको प्रयोजन निम्न वर्गका मानिसहरूको जीवन सुधार्नका लागि प्रयोग हुने बताए।। फ्रेङ्कफर्ट स्कुलका नवमार्क्सवादीहरू यी दुई विचारहरूको लगभग बिचबाट आफ्ना तर्कहरू उठाउँछन् र भन्छन्, कलाले आफूभित्र समाविष्ट विपर्यासहरूबाट समाजमा व्याप्त असमानतालाई उजागर गरिदिन्छन् र अन्ततः समाज सुधारका कारक बन्न पुग्छन्। यी मार्क्सवादीले कुसार्ग तर्कक्षमतासहित मार्क्सवादी सौन्दर्यशास्त्रका नयाँ आयामहरू खडा गरे।

कलाका बारे गरिएका यी सबै तर्कहरूमा एउटा समानता छ। सो के भने, यी कलाको एक सर्वमान्य परिभाषाको सम्भावनालाई स्वीकार गर्दछन् र आफूअनुरूप परिभाषाको विकासका लागि कार्यरत छन्। तर केही दशक यता कलाको परिभाषा र प्रयोजनलाई सांस्कृतिक शास्त्री र विनिर्माणवादीहरूले फेरिदिएका छन्। ती नयाँ तर्कअनुसार, कला त्यो साझा डबली हो, जसको अर्थ र अभिप्राय निर्माताामा निहित नभई पाठक, श्रोता वा दर्शकमा हुन्छ वा भनौँ प्रसङ्गहरूको परिवर्तनसँगै यसको उपादेयतामा परिवर्तन आउँछ। यी उत्तरआधुनिकतावादी हुन्। अर्काथरि समालोचकहरू जो इतिहास र संस्कृतिको अध्ययनको अत्यन्त निकट छन्, उनीहरू भन्छन्, सिर्जनशीलताको नवीनतम आयाम भनेको निरन्तर हिंस्रक बन्दै गएको मानवीय प्रवृतिलाई समन गर्ने अभिप्रायबाट प्रेरित छ। आशीष नन्दीलगायतका दार्शनिकहरू यस कित्ताका चिन्तक हुन्।

यो कलालाई हेर्ने नयाँ दृष्टिकोण हो । यो न आधुनिकतावादी दृष्टिकोण हो, न र उत्तरआधुनिक दृष्टिकोण । युरोपको ज्ञानोदय हुनुभन्दा पूर्व, पुनर्जागरण कालमा मानवको सौन्दर्य र वैश्विक व्यवस्थामा मानवलाई केन्द्रमा राख्ने ह्युमेनिस्ट विचारधाराबाट कलाको व्याख्या गरियो तर यसको सीमा के भयो भने मानवको सौन्दर्य-प्राचुर्य र आधिपत्य स्थापित गर्ने अभिप्रायमा कला पूर्णतः मानवकेन्द्री भइदियो र पर्यावरण र गैरमानवीय जीवन र जगत्को पूर्णतः उपेक्षा गरियो । यसले अन्ततः मानवलाई हिंसातिर उद्यत गरायो ।

आधुनिकता र उत्तरआधुनिकताले पनि कलाको व्याख्यामा निहित यस विभेदकारी यथार्थलाई त्यति सम्बोधन गर्न सकेनन् । इकोक्रिटिसिज्म अर्थात् पर्यावरणीय समालोचना मानवभन्दा पनि प्रकृतितिर बढी केन्द्रित छ र मानवमा निरन्तर एकप्रकारको ग्लानि र क्षोभको सञ्चार गरिरहन्छ, यद्यपि, त्यसभित्र मानवको प्रवृत्तिगत परिवर्तनको आकाङ्क्षा छ नै । तर आधुनिक समयमा केही इतिहासकार र संस्कृतिक अध्येता भन्छन्, सबैखाले विचार, वाद र घटनाक्रमले मानवलाई निरन्तर हिंस्रक बनाइरहेको परिप्रेक्ष्यमा कलाको सर्वोच्च प्रयोजन भनेको मानवभित्रको त्यस हिंस्रक प्रवृत्तिलाई समन या शान्त गराउनु नै हो ।

उत्तरआधुनिकता, नश्लचेतना, पर्यावरणीय चेतना, सांस्कृतिक जागरण र इथ्नोराइटिङ्का अनेकानेक आयामलाई समेट्दै आएका मनप्रसाद सुब्बाका कविताभित्र त्यही मानवको हिंस्रक प्रवृतिको विरोध र त्यसलाई निराकारण गरिनुपर्ने कुराको बोध पाइन्छ । यी हिंसाहरू एक अविधात्मक रूपमा बोधगम्य “हिंसा” कै रूपमा परिलक्षित हुनपर्छ भन्ने छैन । यसका सूक्ष्म र अदृश्यप्रायः अमूर्त स्वरूप पनि त हुन्छन् । उदाहरणका लागि, युगौंदेखि अनेकानेक आलेख, मान्यता, कर्त, ग्रन्थ आदिमार्फत तल्लो तप्कामा रहेका मानिसहरूको स्वतन्त्र चिन्तनलाई सङ्कथनको बलले आफू अनुकूल बनाउनु र मानिसको स्वतन्त्र चिन्तनको गोरेटोलाई नै परिवर्तित गरिनु पनि एकप्रकारको हिंसा हो, जसलाई एन्तोनियो गाम्ची “हेजेमोनी” भन्छन् । यस कुरालाई मनप्रसाद सुब्बाले “सपना” शीर्षकको कवितामा सुन्दर ढङ्गले सम्बोधन गरेका छन् :

यसरी सडकै ढाकेर निद्रामा एकोहोरो हिँडिरहेको भीड हेर्दै
मञ्चमा विराजमान मान्छे चैं अचेल
झलमल्ल मुस्कुराइरहन्छ ।
सपनाको रङले छ्यापछ्याप्त छेपिएका आँखाहरूले
त्यो मञ्चको ठुलो पर्दामा
त्यै सपना अझ ठुलो रूप देख्छन् (सपना)

यसरी, समाजको उपल्लो तप्कामा बस्ने मानिसहरूले आफू अनुकूल

सपना देखाएर मान्छेको स्वतन्त चिन्तन र विद्रोह चेतना अर्थात् “ह्युमन एजेन्सी” लाई समन गरेर गायत्री चक्रवर्ती स्पीभाकले भन्ने गरेको ज्ञानको हिंसा अर्थात् “एपिस्टेमिक भाइलेन्स” गरिरहेका हुन्छन् । यसको प्रतिवादमा, शास्त्रीय मार्क्सवादीले भनेजस्तो क्रान्ति वा विद्रोहले पुनः अर्को हिंसाकै बाटो लिने हुँदा, बरु ती निमुखाहरूको कल्पनाशीलतामै चेतना प्रवाह गर्नुपर्ने तर्क सबाल्टर्न इतिहासकारहरूको छ । मनप्रसाद सुब्बाका कविताहरू यस्तो कल्पनाहीनतामा चेतना जगाउने आयामका हिमायती देखिन्छन् ।

त्यसैले, एउटा असन्तुलित र विभेदकारी ज्ञानमार्गले जन्माएको भ्रामक यथार्थलाई चिर्दै उपेक्षितहरूको नवीन र वैकल्पिक ज्ञानकोष खडा गर्न उद्यत कविको कविताको मूल कथ्य तल्लो तप्काकै पात्रहरूको चिन्तनबाट विकसित भएर आउनु स्वाभाविक हो । त्यसैले मनप्रसाद सुब्बाका कविताभित्रका नायक भनेका किसान, मजदूर, जनजाति, आदिवादी, जङ्गलवासी र इतिहासले छुटाएका सबाल्टर्नहरू नै हुन् । उनको कविता जमिनबाट उठ्छ र आकाशको बाटोतिर बढ्छ । उनी जमिनमै टेकेर जीवन दर्शन निर्माण गर्ने कवि हुन् ।

मनप्रसादका कवितामा सबभन्दा बढी माटोमाथि मानवको ज्यादतीप्रतिको विरोधको स्वर प्रखर भएर गुञ्जिएको थाहा पाउन सकिन्छ । माटो, जो मूक र आवाजविहीन छ, ती सम्पूर्ण भावभूमिहरूको प्रतिनिधित्व गर्दछ, जो दैनन्दिन मानवसिर्जित ज्यादतीहरूलाई अनुभूत गर्न अभिशप्त छन् । तर, मोटामोटी विभाजन गर्दा, मनप्रसाद सुब्बाका कविताहरूलाई यी चार शीर्षकका बाँडेर हेर्न सकिएला :

१. धरती र मान्छेको सम्बन्ध
२. सांस्कृतिक चेतना र सीमान्तकृतको आवाज
३. जीवनदर्शन
४. उत्तरआधुनिकता

**१. धरती र मान्छेको सम्बन्ध**

मनप्रसाद सुब्बाको यस कवितासङ्ग्रहको पहिलो प्रयोजन भनेकै स्थापित शक्तिकेन्द्रहरूले निर्माण गरेका ज्ञानधारा र परिभाषाहरूलाई एक आममानवको दृष्टिकोणबाट पुनः परिभाषित र व्याख्यातित गरिनुमा केन्द्रित भएको बुझ्न सकिन्छ । धरतीको नापतौल, यसबारे गरिने प्राज्ञिक तर्कहरूभन्दा पृथक्, उनी धरतीलाई खान नपाएको एउटा भोको वा दुधमुखे बालकका मृदु र सूक्ष्म अनुभूतिहरूबाट परिभाषित गर्छन् । यसको अर्थ हो, अनेकानेक सङ्कथनहरूको शृङ्खलाबद्ध परम्पराको आडमा व्याख्याति “यथार्थ” संसारको एकमात्र शाश्वत यथार्थ होइन र दृष्टिबिन्दुको परिवर्तनसँगै संसार फरक र नितान्त नौलो देखिन सक्छ भन्ने

यथार्थतिर उनको यो प्रयोगशीलता केन्द्रित भएको भान हुन्छ। उनी भन्छन् :

भनौँ भने यो धरती
यौटा भोकोले खान पाएको
एक थाल भातभन्दा गह्रौँ हुँदैन। (धरती २)

यसै कवितामा केही हरफ तल गएर फेरि सुब्बा भन्छन् :

अँगालोमै नअटाउने बृहत् होइन यो
दुधमुखे नानीले चुसिरहेको
आमाको स्तनका मुन्टाभन्दा ठुलो पनि होइन यो।

धरती एक रूपक अलङ्कार हो, जसलाई दुई वर्गले दुई प्रकारले परिभाषित गर्दछ। सम्भ्रान्त र शक्तिशालीहरूका लागि धरती त्यो क्रीडास्थल हो, जहाँ उनीहरूका बेलगाम आकाङ्क्षाहरू अन्य सम्पूर्ण कुरालाई कुल्चेर उडिरहेका हुन्छन्। आमजनताका लागि धरती जीवनको श्रोत हो। यी द्विचर विभाजनका बिच मनप्रसाद धरतीको यस जीवनप्रदायक चरित्रलाई सामान्य मानिसहरूको दृष्टिबिन्दुबाट पुनर्परिभाषित गर्छन्, यसरी :

धरतीको ओजन चैँ कति छ ?
यो कुरा जान्नु छ भने
लत्रिएको टाउको थामिरहेको
कुनै हत्केलालाई हेरे हुन्छ। (धरतीको नापजोख)

पुनः "धरती १" मा कवि धरतीको आयतनलाई एउटा गरीबको खुट्टोले नाप्नुपर्ने तर्क गर्छन् :

धरती अहिलेसम्म कति हिँडिसक्यो त ?
उत्तरको एक ठेली महाभारत
ती फाटेका जुत्ताहरूमा हेर्नू
अर्थात् अनगिन्ती हरिनास फुटेका कुर्कुच्चाहरूका
चिरा-चिरा अक्षरहरूमा पढ्नू।

पृथ्वीलाई हेर्ने भोगवादी र समतावादी यी दुई दृष्टिकोणका आआफ्नै इतिहास छन्। अङ्ग्रेजी चिन्तक जोन लोकहरूले पहिलोपल्ट जमीन, पानी र हावासमेतलाई भागबण्डा गर्ने र युरोपबाहिरका मुलुकहरूका धरतीपुत्र आदिवासीहरूको पृथ्वीसँगको सम्बन्धलाई तेड्ने अभिप्रायले पहिलोपल्ट निजी सम्पत्तिको अवधारण ल्याएका हुन्, जसको प्रयोग गरेर अङ्ग्रेजहरूले अमेरिका मूल वासीहरूलाई धरतीसँगको उनीहरूको लगावसँग विछिन्न गराए र अन्ततः उनीहरूको वंशविनाश नै गरे। यसैबाट युरोपसिर्जित भोगवादी दृष्टिबिन्दुको विकास भयो,

जसलाई शासन व्यवस्थाकै संरचनामार्फत विश्वभरि उपनिवेशकालीन समयमा भित्र्याइयो । आज विश्व यसै दृष्टिकोणका कारण आक्रान्त छ र प्रकृतिमाथि मानव एक भयानक विनाशकको रूपमा जाई लागिरहेको छ । आज वातावरणमा देखिएका अनेकानेक समस्याको जड यही दृष्टिबिन्दु हो । यस भोगवादी दृष्टिबिन्दुको विरुद्ध, एक समतामूलक दृष्टिबिन्दुको फेरि वकालत गर्नुपर्ने समय आएको छ र त्यस नवीन प्रकृतिवादी दृष्टिबिन्दुको वकालत धरतीको पूर्वीय गोलार्धले नै गर्न सक्छ । यी दुई दृष्टिबिन्दुलाई मनप्रसादका यी हरफहरूमा बुझ्न सकिन्छ :

जति तिमी पृथ्वीपारिको अपार्थिव कुरा गर्छौ
उति नै म चैं
रुखका जराहरूसित भित्रभित्रै फैलेर
पृथ्वीको काखभित्र घुस्रिरहन्छु (पृथ्वी अनि म)

धरती र मानवबिच सिर्जित कृत्रिम भोगवादी पर्खालका कारण आज पश्चिमा मुलुकहरू रुखविहीन बन्दै गइरहेका छन् । सिङ्गापुर एक्कोर्ड र क्योटो प्रोटोकोलजस्ता अन्तर्राष्ट्रिय पर्यावरणीय सन्धिका सारलाई हेरियो भने, पश्चिमा मुलुकहरू आफूकहाँ रुखको सङ्ख्या न्यून हुँदै गएको हुनाले भारत, श्रीलङ्का, भुटान, नेपाल आदि एसियाली मुलुकहरूले उनीहरूका लागि अब रुखलगायत अन्य प्रकृतिक सम्पदाको संरक्षण गरिदिनुपर्ने भन्ने तुच्छ दृष्टिकोणबाट प्रेरित देखिन्छन् । हुन त पश्चिमी सभ्यताले मान्छेलाई माटोबाट विछिन्न गराएको कुरा टेड ह्युजे र डब्ल्यू. एस. मर्विन्‌लगायतका कविहरूले निकै अगिदेखि गर्दै आएका छन् तर आचरणमा यो भएको देखिँदैन । त्यसै भोगवादी दृष्टिकोणले मानवलाई माटोको गन्धबाट विमुख गराइरहेको छ, जसलाई मनप्रसाद सुब्बाको कवि यसरी चित्रित गर्दछ :

माटोलाई माटोबाटै छुट्ट्याउन
मेफिस्टोफिलिसका एजेन्टहरू आउँछन् । (खेतमाथि आक्रमण)

यस सभ्यताका विरुद्ध, धरतीपुत्रहरू आफूलाई माटोमै समाहित गर्छन् र माटोमै आफ्नो सम्पूर्ण जीवनको निजत्वलाई स्थापित गर्छन् :

खेतका गर्भबाट जन्मेका खेतका सन्तानहरू
खेतआमा बचाउन
खेतअघिल्तिर उभिन्छन् । (खेतमाथि आक्रमण)

कवि मनप्रसाद सुब्बा पुनः माटो-मान्छेको द्विचर विभाजनलाई ध्वस्त पारिनुपर्ने र माटो र मान्छेको अर्गानिक सम्बन्धलाई पुनः मुखरित गरिनुपर्ने वकालत गर्छन् :

खानीभित्रको मजदुर होस् या सबम्यारिनभित्रको नाबिक

या त स्पेस-सटलभित्रको एस्ट्रोनट नै किन नहोस्
मान्छे त हरक्षण माटो नै गन्हाउँछ । (मान्छे माटो गन्हाउँछ)

यसरी, मानव र प्रकृति र विशेष गरी मानव र धरतीको सम्बन्धका आधारमा मानव सभ्यताका आगामी आयामहरू निर्माण हुनुपर्छ भन्ने मनप्रसाद सुब्बाको धारणालाई उनको यस कृतिले सम्बोधन गरेको छ । यसको अर्थ यो हो, जीवन र यसका आयामहरूको परिभाषा अब सत्ता र शक्तिमा बसेका मठाधीशको पोल्टाबाट झिकेर वास्तविक धरतीपुत्रहरूको कर्मशीलता र प्रकृतिप्रेमभित्र खोजिनुपर्छ । त्यसैले उनी धरतीपुत्रहरूलाई "जङ्गली" भनेर हेयदृष्टि राख्ने भारतका वित्तमन्त्री पी. चिदम्बरम्को कठालो समाउन पनि पछि पर्दैनन् :

यो धरती कसको ?
ती प्राचीन आदिवासीको
कि तपाईंका मसिनको :
हो, तिनीहरू जङ्गलमा बस्छन्
अनि जङ्गल तिनीहरूमा बस्छ । (ती जङ्गलकाहरू)

## २. सांस्कृतिक चेतना र सीमान्तकृतको आवाज

सीमान्तकृत वर्गको आवाजलाई मुखरित गर्दै आउनुभएका कवि मनप्रसाद सुब्बा आफूले भोगी र बाँची ल्याएको संस्कृतिको उत्थानमार्फत आफ्नो र आफ्नो समुदायको स्वर मुखर गर्न लागिपरेका कवि पनि हुन् । आम रूपमा कविता वा अन्य विधाका साहित्यमा प्रयोग हुँदै आएको सबाल्टर्नको विषयमा मनप्रसाद सुब्बाको एप्रोच अलि फरक प्रतीत हुन्छ । देशको राष्ट्रवादी इतिहासले अभिलिखित नगरिदिएका सीमान्तकृत, असङ्गठित र नेतृत्वविहीन सबाल्टर्नहरूलाई अधिकांश आलेखहरूमा चेतनाविहीन समुदायका रूपमा चित्रित गरिँदै आइएको परिप्रेक्ष्यमा मनप्रसाद सुब्बा सीमान्तकृत वर्गहरूलाई ज्ञानको अर्को लोकेसन र विशिष्ट सांस्कृतिक धरोहरको अर्को केन्द्रको रूपमा चित्रित गर्न प्रयासरत छन् । परम्परित राष्ट्रवादी ऐतिहासिक रणनीतिका विरुद्ध सबाल्टर्नहरूको दृष्टिबिन्दुबाट नयाँ मानव इतिहास लेखिनुपर्छ भन्ने कुराको पक्षमा उनी उभिएका छन् ।

यस तर्कको पुष्टिका लागि हामी मनप्रसाद सुब्बाका केही शक्तिशाली कविताहरूलाई उद्धृत गर्न सक्छौँ । "मेरी किराती आमा" शीर्षकको कवितामा नेपाल र भारत दुवै भूगोलमा सीमान्तीकृत हुन पुगेको तर किरात परम्पराको लामो इतिहास र ज्ञानकोषको उत्तराधिकारी किरात समुदाय, त्यसमा पनि लैङ्गिक रूपले सीमान्तकृत एउटी आमाको दृष्टिबिन्दुबाट संस्कृतिलाई हेरिएको छ । सुब्बा लेख्छन् :

अक्षर नचिन्ने तिनै चिम्से आँखाले
रातका रहस्यहरू पढ्थिन्
बिहानै माङ्हरूसित बात गर्थिन्
सुकेको तितेपाती धुपौरोमा हालेर धुप मगमग बाल्थिन्
युमा पुज्थिन्
युमा पुज्दापुज्दै
मेरी किराँती आमा
अब आफैँ युमा भइसकिन् । (मेरी किराँती आमा)

अत्यन्तै प्रयोगात्मक र प्रतीकात्मक शैलीमा लेखिएको उनको अर्को कविता "एक धुपौरो रातो आँगार" मा किरात समुदायमा प्रचलित धामी-झाँक्री परम्परा र यससँग सम्बन्धित विम्बहरूको प्रयोगद्वारा प्रचलित ज्ञानधारामाथि प्रश्न गरिएको छ र त्यस आदिम दृष्टिबिन्दुबाट अहिले आधुनिक भनिएको युग खोक्रिँदै गएको यथार्थ अगि सारिएको छ । "यो पाहाडको शिर ढलेको छ" भन्दै आधुनिक युगको पतनोन्मुख मूल्यहरूको सापेक्षतामा पुनः आस्था बाँध्ने परम्परागत आधारहरू खोजिनुपर्छ र आदिम मानवीय मूल्यहरूलाई पुनः स्थापित गरिनुपर्छ भन्ने कथ्यबाट यो कविता ध्वनित छ :

उफ्रँदै नाच
नाच्दै उफ्र
धम् धम् धम्
धम् धम् धम्
पाताल लोकको देउतालाई विवेक बेच्ने छौँडाहरू भागुन्
लट्टा परेको कालो झाँक्रो फिँजाएर भालेको डाक अघि नै
हाम्रो घरको गर्भ तुहाइदिने बोक्सीहरू भागुन् ।
(एक धुपौरो रातो आँगार)

वर्तमान युगको सन्दर्भमा पाताल लोकको देउतालाई विवेक बेच्ने छौँडाहरूले थुप्रै दलालहरूलाई सम्बोधन गर्दछ, जसले मानवीय अस्मितालाई हरिश्चन्द्र घाटका बिक्रीका लागि राखेका छन् र आफू अनुकूल समयलाई व्याख्यातित गरेका छन्, युगौँदेखि स्थापित शाश्वत मानवीय मानबिन्दुहरूको मूल्यमा । यसका विरुद्ध हाम्रो सभ्यताका ती आदिम मूल्यहरूलाई नै पुनः स्थापित गरिनुपर्छ र मानवताका पक्षमा उभिनुपर्छ भन्ने तर्क कविताले गरेको प्रतीत हुन्छ ।

मनप्रसाद सुब्बाका कविताले गरेको सांस्कृतिक चेतनाको तर्कको मूल जड भनेको राष्ट्रवादी इतिहासले नियोजित रूपमा सीमान्तकृत गरेको र तद्नुरूप राष्ट्रिय व्यवस्था, योजना र प्रतिनिधित्वबाट वञ्चित, इतिहासका किनारमा उभ्याइएका

समुदायहरूको दृष्टिबिन्दुलाई मुखरित गर्नुमै छ । उनले अपनाएको रणनीति के छ भने, मूलप्रवाहले जति अवहेलित गर्न सक्छ सीमान्तकृतहरूलाई, सीमान्तकृतहरूले पनि मूलप्रवाह भन्ने व्यवस्थाले लादेका कुराहरूलाई बेवास्ता गरिदिएर एक सापेक्षित विद्रोह गरिदिनुपर्छ :

अब मूलधारको सङ्गीतमा
मेरो आफ्नो सुरले यौटै ठाउँ नपाएसम्म
मूलधारले अह्राएको गीत म गाउने छुइनँ
यसका चम्किला शब्दहरू सुनेर
मोहनीले लट्ठिएझैँ हुने छुइनँ
ती झिलिमिली शब्दहरू जो हमेशा
मेरा आफ्ना शब्दहरूलाई लठ्याउन आइरहन्छन् (मूलधारा अनि म)

सांस्कृतिक अल्पसङ्ख्यक र सीमान्तकृतहरूका बारेमा मनप्रसाद सुब्बाका सम्पूर्ण कविताहरूले गरेको प्रमुख तर्कलाई दुई हरफमा समेट्नुपर्दा यी पङ्क्तिहरू उधृत गर्न सकिन्छ :

इतिहासको यो ग्रुपफोटोमा
मेरो फोटो चैँ खोई ? (मेरो स्पेस)

### ३. जीवनदर्शन

जीवनदर्शन र यसको गहिराइ मनप्रसाद सुब्बाका लागि लोकप्रिय विषय हुँदै हो कविता लेखनको । तर उनको जीवनदर्शन आमरूपमा बुझिएको अध्यात्मवादभन्दा पृथक् छ । उनी कुनै अमूर्त, कपोलकल्पित संसारको परिकल्पनाबाट जीवनको मार्ग र आयतन निर्धारित गरिनुपर्छ भन्ने पक्षमा देखिँदैनन् । बरु मानव जीवनको सम्पूर्ण आयतन यही पृथ्वी, माटो र जीवनप्रदायक पञ्चभूतकै सापेक्षतामा परिभाषित गरिनुपर्ने तर्क गर्छन् । यस अर्थमा उनी एक आदर्शवादी कवि होइनन् । बरु उनी एक प्रेगमेटिक कवि हुन् ।

उनको सम्पूर्ण जीवनदर्शन पञ्चमहाभूतले कोरेको सीमाबाट एक सीमाहीन अस्तित्वतिरको महाप्रस्थानतिर परिलक्षित छ भन्ने कुराको शक्तिशाली प्रमाण उनको “मुक्त-उन्मुक्त मेरी आमा” शीर्षकको कविता हो । यस कवितामा आफ्नी आमा, माटो, पानी, प्रकाश, हावा, आकाश हुँदै, आकाशबाट पनि एक अमूर्त अस्तित्वमा परिणत भएको कुरालाई सुन्दर शैलीगत कौशलमार्फत प्रस्तुत गरिएको छ :

मेरी आमा फैलेर बनेको आकाश
मैले आँ गर्दैपिच्छे पस्छ मुखभित्र

अनि मेरो चेतनाको सिलिङसम्म टाँसिएर बस्छ
भोको भाँडोको पर्खाइ भएर पनि बस्छ
अनि सपनाहरूको क्षितिज उघार्दै फैलिरहन्छ
मेरो सारा अस्तित्व नै आकाशमय बनाइराखेर
मेरी आमा अब
आकाशमै पनि नबाँधिने गरी मुक्त भइन् ।
(मुक्त-उन्मुक्त मेरी आमा)

पञ्चभूतका अरू पनि आयामहरू छन्, जसको अर्गानिक सम्बन्ध जीवनसँग छ नै । मनप्रसाद सुब्बाले यी पञ्चभूतका अन्य आयामहरूलाई पनि आफ्ना कविताका विषय बनाएका छन् र जीवनका कुनै पक्षको प्रतीकको रूपमा प्रयोग गरेका छन् । उनको "बिचरा आगो" शीर्षकको कविताले कुनै पनि शक्ति, ज्ञान या प्राचुर्यको दुरूपयोग कसरी प्रत्युत्पादक हुन सक्छ जीवनमा भन्ने कुरातर्फ पाठकको ध्यान खिचेको प्रतीत हुन्छ । आगो, जो आफ्नो धर्ममा सधैँ अविछिन्न, अडिग र अटल छ, केही मानिसहरूले गरेको उसको दुरूपयोगबाट पनि त आक्रान्त छ । अर्थात् कुनै पनि शक्ति, गलत हातमा पर्नु त्यस शक्तिकै ह्रास हुँदै जानु हो । कवि लेख्छन् :

आगोले त आफ्नो धर्म छोड्दैन
तर धर्मछाडाहरूले उसलाई
झुक्याएर कहाँ कहाँ पुऱ्याई नाङ्गै नाच्न लगाइरहन्छ
घरीघरी यसरी ठगिएकोमा
दुवै हातले कालो अँगार मुट्ठ्याएर
आफैंलाई धिक्कार्छ आगो । (बिचरा आगो)

यसरी संवेग, आवेग, द्वेष, प्रेम, हिंसा, ईर्ष्या आदि गुण र दुर्गुणहरूको भारी बोकेर बगिरहने जिन्दगीका बारेमा तर्क गर्न सकिन्छ, स्थापित परिभाषाहरूको विनिर्माण गर्न सकिन्छ, नयाँ परिभाषा र दृष्टिकोणहरू जन्माउन सकिन्छ तर यसको तात्त्विकता सधैँ मानिसको चेतनाको परिधिभन्दा माथि र अभेद्य हुन्छ । हामी आफ्नो कल्पनाशीलता, अध्ययन, संस्कार र अनुभूतिका आधारमा यो वा त्यो भनेर तर्क गर्न सक्छौँ र गरिरहन सक्छौँ । तर यो विश्व र यसको विविध रूप र यसैसँग गाँसिएको हाम्रो जीवन आफैँमा त्यो एउटा रहस्य हो, जसले अनगिन्ती तर्कहरूलाई जन्माएर पनि आफू कहिल्यै पूर्ण रूपमा उद्घाटित हुँदैन । मनप्रसाद सुब्बाको यो जीवनदर्शन उनको "हिउँदमा शिरीषको रुख" शीर्षकको कवितामा भेटिन्छ, जसको सारमा व्याख्यानशास्त्रले जीवनको रहस्यहरूको किनारलाई व्याख्यातित गरे पनि यसको सम्पूर्ण तत्त्वलाई भने व्याख्या गर्न सक्दैन भन्ने

कुरातिर लक्षित भएको पाइन्छ :

उः पर त्यो शिरीषको रुख
किन नाङ्गै उभिएको हँ यस्तो जाडोमा
...
मनपरी दादागिरी देखाइहिँड्ने
हैकमवादी हिउँदविरुद्ध
...
मुन्तिर मसिना झारपात र बिरुवालाई
न्यानो घाम नछेलियोस् भनेर
...
फिनिक्सले जस्तो आफूलाई फेरि नवीकरण गर्न
....
एड इन्फिनिटम
तर्क र अनुमान थप्दै जानुहोस् पाठकहरू
तर
कसैले पनि देख्दैन रहेछ मलाई...आफू देख्छन्...
(हिउँदमा शिरीषको रुख)

**४. उत्तरआधुनिकता**

नेपाली कविताको सन्दर्भमा उत्तरआधुनिकलाई सैद्धान्तिक रूपमा स्वीकार गरेर यसका केही आधारभूत मान्यतालाई कवितामार्फत मुखरित गर्ने पहिलो पुस्ताकै कवि हुन् मनप्रसाद सुब्बा । उत्तरआधुनिकतालाई अन्धाधुन्ध पूर्णतामै स्वीकार गर्नुभन्दा पनि उनले यसका केही तर्कसङ्गत मान्यतालाई आत्मसात् गरेका छन् तर उत्तरआधुनिक समयका केही विकृत मान्यताप्रति उनी असहमत पनि छन् । उनले स्वीकार गरेका र आत्मसात् पनि गरेका दुई शक्तिशाली उत्तरआधुनिक मान्यता हुन् : कुनै पनि सङ्कथनको अन्तिम र एकमात्र अर्थ हुन सक्दैन र सन्दर्भसँगै त्यो फेरिइरहन्छ र दोस्रो, शक्तिवालाहरूको कित्ताबाट इतिहास बहुलतातर्फ गइरहेको छ, जसमा ससाना समूहहरूको लघुइतिहास, बोली र यथार्थको पनि उपादेयता उत्तिकै सशक्त बनेर आएको छ ।

जहाँसम्म सङ्कथनको प्रश्न छ, मनप्रसाद सुब्बा कुनै पनि सङ्कथनका आधारहरूलाई विनिर्माणको पद्धतिबाट फरक दृष्टिबिन्दुसहित अध्ययन गरिँदा, परिवर्तित समय र सन्दर्भमा त्यसको अर्थका जडताबाट त्यो स्वयं मुक्त हुन जान्छ र त्यसले नयाँ अर्थहरू ग्रहण गर्दै जान्छ भन्ने पक्षमा देखिन्छन् । यो विनिर्माणवादको

एक आधारभूत मान्यता पनि हो । उनको बहुचर्चित कविता "मेरो शब्द" मा सुब्बाले यसलाई सुन्दर ढङ्गले यसरी सम्प्रेषित गरेका छन् :

एकपल्ट सोधेँ उसलाई–
"तँ किन यसरी बदलिइरहन्छस् हँ, मेरो शब्द ?"
यसले ठाडै जबाफ दियो–
"अरे ! तिमी चाहिँ कि बदलिन चाहँदैनौ ?
के तिमीले आफूलाई कहिल्यै नबदलिने भगवान् सम्झेको ?
बदलिरहनुमा आनन्द छ । बदलिरहनुमा त
गति छ अनि जीवन छ । बुझ्यौ ?" (मेरो शब्द)

कुनै पनि कवि लेखकले लेखिसकेपछि, लिपिमा देखापरेका अक्षरहरूले कविको हैकम स्वीकार्दैनन् र कविकै निजी अनुभूतिलाई मात्रै प्रतिनिधित्व गरिरहँदैनन् भन्ने तर्क उत्तरआधुनिक तर्क हो । फ्रान्सेली दार्शनिक मेरिस ब्लेङ्कोले त यहाँसम्म भने, आलेख तयार भएपछि लेखकको मृत्यु हुन्छ । अर्थात्, आलेखले सधैँ लेखककै आग्रहको प्रतिनिधित्व गरिरहेको हुँदैन । यस मान्यतालाई मनप्रसाद सुब्बाले पनि स्वीकार गरेको पाइन्छ । यसमा पाठकहरूले याक्स डेरिडाको "मेटाफिजिक्स अफ प्रेसेन्स" सँग पनि जोडेर मनप्रसाद सुब्बालाई हेर्न सक्लान् :

यति भन्नलाई पनि
मैले शब्दहरूकै हात समात्नुपऱ्यो
अनि हेर न
यति भनिसक्दा नसक्दै
मेरो हात झट्कारेर शब्दहरू मदेखि टाढिँदै गइसके...
(अक्षर, शब्द अनि संवेदना)

सङ्कथन र दर्शनको स्तरमा मनप्रसाद सुब्बाले भाषाका बहुअर्थी स्वरूपलाई र सत्यको परिवर्तनशील आधारलाई स्वीकारेका छन् भने इतिहासको धरातलमा उनले सीमाबाट पनि मूलधारजत्तिकै महत्त्वपूर्ण ज्ञान आउन सक्छ भन्ने कुराको वकालत गरेका छन्, जसलाई हामीले माथि विश्लेषण गरेर पुष्टि गरिसकेका छौँ । उत्तरआधुनिक समयका केही विकृतिहरूप्रति भने मनप्रसाद सुब्बा निकै रुष्ट देखिन्छन् । उनलाई बढ्दो भौगोलिकीकरण र व्यापारीकरणले मानवलाई क्रमशः संवेदनाविहीन क्लोन बनाउँदै लगेकोमा गुनासो छ :

अचेल यहाँ त
खालि हिपोक्रिट उज्यालोहरूको घेराबन्दी
जसभित्र छु म, क्लोन गरिएको
एक उत्तरआधुनिक मान्छे । (अँध्यारो खोज्दै)

यस्तै, मानिसले नै आविष्कार गरेको, सम्भवतः आजको अत्याधुनिक अस्त्र या प्राणघाती कुनै पनि उपकरणले उद्घोष गरेको आतङ्कप्रति पनि कविको उत्तिकै आक्रोश छ । उनी लेख्छन् :

जुलियस सिजरको रगतको भेल तरेर
जनसमूह अघिल्तिर आइपुगेको
ऊ तर ब्रुटस होइन
ब्रुटसको बोली र वीरतादेखि त ऊ
हजार प्रकाशवर्ष टाढामा छ ।
को हो त ऊ ?
कोही होइन
बस् हाम्रै एक डरलाग्दो आविष्कार । (?!)

यसरी हेर्दा, कवि मनवप्रसाद सुब्बा लेखको एक विशाल आयतन भएका कविको रूपमा देखापर्छन्, जसलाई अत्याधुनिक समयका विशिष्ट प्राज्ञिक तर्क र मान्यताको पूरापूर जानकारी छ र उनी आफूले लेख्ने भूगोलप्रति पूर्णतः सचेत जिम्मेवार छन् । जीवनलाई केन्द्रबाट भन्दा पनि बढी सीमाबाट हेर्न रुचाउने उत्तरआधुनिकतावादी कवि सुब्बाको सम्पूर्ण कवित्व छुटेका वा छुटाइएकाहरूबाट उठेर एक वैकल्पिक र विभेदरहित संसारको निर्माणतर्फ लक्षित छ । उपसंहारमा क्रमशः विभेदकारी र हिंस्रक बन्दै गरेको मान्छेलाई उसका भुल र सीमाबारे सूचित गर्दै उक्त विभेदकाररिता र हिंस्रक प्रवृतिबाट विमुख गराई एक समतामूलक संसारतर्फ डोऱ्याउनु मनप्रसाद सुब्बाको कविताकारिताको प्रमुख अभिष्ट हो भन्न सकिएला । ■



# चोक

मणिराज सिंह

नाङ्गो छातीभरि निस्लोठ मठमन्दिर
घाउझैँ बल्भिmरहेका छन्
सडकको अचेत रहर टेकेर
हुलका हुल बटुवाहरू आत्तिएर
घर फर्किरहेका छन् चिच्याउँदै
आफ्नै पहिचान छिपाएर पर्खिरहेको छ
नयाँ वसन्त सुनसान यो चोक ।

गल्लीको सिरानीबाट विश्वासको तमसुक हराएर
रात्रिको चकमन्नता बहुलाझैँ हाँसिरहेको छ
विदेश भासिएको खसमले सन्देशमा लेखेर पठाएको
मायाको अँगालो खोकिलामा घुसारेर
अलिकति बैँस पिएर बाँचेको छ
अलिकति कल्याङमल्याङ हाँसेको छ यो चोक ।
प्रश्नहरूको वाणले निस्सासिँदै उदाङ्गिएर
सर्वाङ्ग अन्धकारले निलेको निर्जनता च्यापेर
के गरूँ, कसो गरूँ, कहाँ जाऊँ भइरहेको छ !
स्नेह, स्निध दृष्टि नपर्दा
खुइलिएको धूमिल रेखाहरूभित्र
गुनगुन गरिरहेको छ
कतै बाँडिएर, अलिकति बेरिएर कतै बाङ्गिएर,
अति धेरै गिजोलिएर
निःशब्द छ, मनहरूको चौतारी । ■



# भूमध्यरेखा

कृष्णदेव रिमाल 'शब्दसेना'

कहिले यताबाट उता तार्न
कहिले उताबाट यता तार्न
एउटा विशाल नदीमाथि तेर्सिएको
दुई पहाड जोड्ने बीचको पुलजस्तै
स्थिर र तुन्द्रुङ्ग मान्छे म ।

एकातिरको पहाड
मेरो जन्मभन्दा अघिको समयबोधक
देह खोल्साहरूबाट निःसृत रगतलाई
दूध बनाएर अजस्र धारा पियाउने
जीवनको पहिलो र निःसर्त धर्म,
जसको सास सासमा बगेको छ
मेरो नाम र भलाइका भावहरू
तिर्नै नसकिने ऋणको पर्याय मेरी आमा !

अर्कोतिर–
उनको पिताद्वारा वक्दान गरिएकी
संस्कारको अग्नि साक्षी राखेर
आफ्नै आमाको काख त्यागेर
आफ्नो थर, आफ्नो घर,
आफ्नो इच्छा र अगणित आकाङ्क्षा
मेरो जीवनमा सुम्पेर आएकी,
दुई शरीरमा बाँडिएको एउटै आत्मा
एउटै भविष्यकी सहयात्री मेरी पत्नी ।

हो त्यही दुई न्याना पहाडहरू जोड्न
दुबै खोकिलाहरूमा अडेस लागेर
सम्बन्धको प्रगाढ आस्था बनेको म
दुई युगको बीचमा झुन्डिएको छु ।

एउटा साह्रै असजिलो सन्धि गर्नु छ
तरुलसँग दुबै ढुङ्गा चिढिनु हुन्न
कतै सांस्कृतिक मन दुख्नु हुन्न
अतीतले सुयोग्य इज्जत पाउनुपर्छ
भविष्यले सुव्यवस्थित माया पाउनुपर्छ ।

तर के गरौं ! यो वर्तमान यस्तै छ
मेरै मौनताले चरक्क चिरिएको छ
आमाको आँखाबाट हेर्दा म
पराइको पोल्टामा छु
आजै त्यहाँबाट घर फर्किनु छ ।

पत्नीको आँखामा म
पुसको चिसो घाम भएको छु
ऊबाट भिन्दै दक्षिणतिर लत्रेको
छिट्टै उसको संसारमा
उत्तरायण ल्याउनुपर्ने ।

दुई गोलार्धको बीचमा कोरिएको
काल्पनिक भूमध्ये रेखा हुँ म
जो छैन, काल्पनिक हो
र पनि आफ्नै अनुहार खोज्दैछु
तर दिनदिनै अदृश्य हुँदैछु ।

सायद यो मेरो अहङ्कार हो
हिजोको जरा र भोलिको हँगालाई
आफ्नै सुविधाको वर्तमानमा बाँध्न
मैले पुत्रहठ उभ्याएँ
पतिहठ तेर्स्याएँ
पुरुष अभिमान ठड्याएँ

मैले अझ धेरै बुझ्न बाँकी छ
आमालाई र पत्नीलाई पनि
स्त्रीहठका पर्याय होइनन्,
मेरो बगैँचाका नओइलाउने फूल हुन्
जसलाई एउटै हृदय सजाउनु छ
सत्प्रेमको मलले सम्हाल्न जान्नुपर्छ ।

म बीचको मान्छे हुँ
यदि मैले झुक्न सकिनँ भने,
म न अतीतको उत्तराधिकारी रहन्छु
न भविष्यको सर्जक बन्छु,
म त केवल स्वअहङ्कारको
गर्तमा नराम्रोसित भासिएको
अपूरो मान्छे मात्र बन्छु
तर म त्यस्तो नबनुँ भन्छु । ■



# दुई कविता

रमेशप्रसाद 'सागर'

## १) याद

निर्बाध आउँछन्
यादहरूको लस्कर
जस्तो कि, फिरन्ते चराहरू
मनको उद्यानमा
आउजाउ गर्छन् !

अञ्जान रहरको दोष छैन
बेफिक्री रमाउँछ स्नेह,
अज्ञात तरङ्गमा लहरिन्छ जीवन
आकाशझैँ फैलन्छ छाती !
- बामे सर्दै,
- तोते बोल्दै,
- कखरा सिक्दै क्रमशः
अनन्त बुझ्ने अभ्यास !
हो,
उड्नेका लागि पनि
विश्राम चाहिन्छ
र
विश्रामका लागि भुइँ !!

## २) नियति

अल्झिएझैँ
आशाको झिनो जुइनोमा
अडिएको चन्द्रमा !

नबुझे पनि
बुझेर प्रकृतिको भाषा
नपढे पनि
पढेर ऋतुको व्याकरण
पाखापखेराको पाठशालामा ।

यही हो माटो-
नाभी गाडिदिएकी आमाले
हात पाखुरी हाम्रै बा-आमाको हो !
कतैबाट आइरहेछ सुवास,

दिएकी आमाले हुन्
अज्ञात अक्षर लेखिदिएर
पसिना मुस्कुराउन- निधार
ठेला रमाउन- हात

दिएकी हुन्-
एकजोर गोडाका पैताला
दुनियाँ नाप्नलाई ! ■



# मान्छे खोजिरहेको छ पुरानै जिन्दगी किन ?

विष्णु ज्ञवाली

छ भन्दै गाउँमा दुःख हिँड्यो मानिस आखिर
इन्द्रेनी सुख खोजेर सहरी सभ्यतातिर
तिनै आज पुगेका छन् डाँडापाखा मजा लिन
मान्छे खोजिरहेको छ पुरानै जिन्दगी किन ?

फल, कन्दमूल खाएर उः बेला बाँच्दथ्यो नर
अहिले छाँटका खाना पाक्छन् बजारमा तर
सर्लक्कै फर्किए फेरि साग सलादका दिन
मान्छे खोजिरहेको छ पुरानै जिन्दगी किन ?

रैथाने बिउ रोपिन्थ्यो, फल्थ्यो अमृत भोजन
युरिया प्रविधि थाल्यो, बिख हाल्यो दनादन
अर्ग्यानिक भनी मान्छे फेरि लाग्दैछ तम्सिन
मान्छे खोजिरहेको छ पुरानै जिन्दगी किन ?

माटो पित्तल तामाले बटुल्थ्यो रसमाधुरी
आगो सिल्बरले बाल्यो, चल्यो प्लास्टिकको हुरी
अहिले फेरि भान्सामा काँस थाल्दैछ भित्रिन
मान्छे खोजिरहेको छ पुरानै जिन्दगी किन ?

औँठाछाप थियो मान्छे निरक्षर थियो जब
हस्ताक्षर मजाकै छ पढी जान्ने भयो सब
फेरि त्यै छाप औँठाको चाहिन्छ फेरि बुझ्दिनँ
मान्छे खोजिरहेको छ पुरानै जिन्दगी किन ?

मन्त्रद्रष्टा थियो मान्छे तपस्थली थियो धरा
संसार भोगका निम्ति कुद्दै आयो निरन्तर
योग र ध्यान गर्दैछन्, तिनैले दिनका दिन
मान्छे खोजिरहेको छ पुरानै जिन्दगी किन ?

कीर्तिपुर, काठमाडौँ



# विसर्जन

**अशोक कुँवर 'नेत्र'**

जीवनमा धेरै घुम्तीहरू पार गरेकै हो । मानवीय मनमा संवेदनाको सूक्ष्म यो कण सायदै अनुमान गर्न पनि नसकिने गरी छोइएको थियो । सोच्दै होलिन् अनुले पनि डोली चढ्नुको बाध्यता र विवशताको विकल्प नभएरै उनी त्यस्तो भयङ्कर त्रासदीपूर्ण नियतिमा आमुख भएकी थिइन् । सोच्नु, विचार्नु, निर्णय लिनु सबैको आआफ्नै स्वत्वको बोध र अधिकार हो तर उनले बिर्सन हुने थिएन कि त्यसरी निर्णयहरू गरिँदा अर्काको विचार, भावना र निर्णयहरूमा धाँजा फाट्न सक्छ ।

मधेसको उष्णतासँगै दिनानुदिन हाम्रो माया बाफ बनेर आपसलाई आद्र तुल्याउन आतुर थियो । सपनाको डोली, सपनाको सोह्रशृङ्गार अनि सपनामै बिहा गरेर मेरो सपनाको महलभित्र भित्र्याएको धेरै पटक सम्झँदै कता कता कुनाकाप्चाभित्र कुतकुती भएकै हो ।

पाँडे दाइको टाँडे घर मुन्तिर नै त हो आमाले लगाउने रातो चुरा, रातो पोते, रातो लिपिस्टिक अनि रातै सिन्दुरले मेरी अनुलाई पनि उस्तै गरी रातै रङ्गाएको । आज पनि उस्तै ताजै छ, त्यो घटना म बुढा, उनी बुढी बनेर, हामीले थपना गरी देवता मानेको ढुङ्गाहरूलाई साक्षी राखी जन्मजन्म नछुट्टिने सात फेरो लाएको । हुन त हामीले छ/सात वर्षको बाल मानसपटलमा त्यो सात फेरोको मतलब त कहाँ बुझेका थियौं र ? बस एक दिन ठिक उसै गरी अनुको दाइको बिहा हुँदा फनफन बिहा मण्डप घुमेको देखेर अन्तर्चेतनामा त्यस्तै गर्ने भावना अङ्कुर भएको मात्रको परिणाम थियो ।

o

सहरबाट गाउँ छिरेको त्यो शान्त बालकलाई उही मधेसका रैथाने बालकमा हुने गुणको बनाउने श्रेय अनुलाई नै छ । ठाँटीको ठुलो पोखरी र सानो पोखरीमा पौडी खेल्न उनैले सिकाएकी थिइन् । बाल चञ्चलतालाई रोक्ने चेष्टा गरेर रोकिने थिएन । यसैले हुनुपर्छ, हाम्रा बुबाआमाले कैयौं पटक हामी त्यसरी लखरलखर चैत वैशाखको टन्टलापुर घाममा पनि पोखरीमा चोपलिँदै नाङ्गै नाङ्गै दस बिगाहा

प्लटमा दौडी हिँडेको रोक्न चाहेर पनि रोकिएन । त्यो बाल निर्भीक चाञ्चल्य निरन्तर चलिरह्यो ।

उनी पढ्ने विद्यालय र म पढ्ने विद्यालय छुट्टाछुट्टै थियो । दिनभर विद्यालयमा एक-अर्काबाट छुट्टिए पनि बिहान, बेलुका शुक्रवार हाफ छुट्टिपछि र शनिबार सधैँजसो हामी सँगै हुने गर्थ्यौं । यही कुरालाई कटाक्ष गर्दै कैयौँ पटक कैयौँ गाउँले दिदी, काकी, काकाहरूले तेरो पोई भनेर उनलाई जिस्काएको सुनेको थिएँ । हामीलाई त्यसको कुनै मतलब रहन्नथ्यो ।

"अनु, हामी ठुलो भएपछि पनि सँगै बस्ने, सँगै रहने है ।" मैले एकदिन भनेको थिएँ ।

उनले केही जिज्ञासा राख्दै जबाफ दिएकी थिइन्, "अहिले चाहिँ परपर छौँ र ?"

उनको कुरा सुनेर मैले फेरि भनेको थिएँ, "हैन के । बिहे गर्ने, बुढाबुढी भएर सँगै बस्ने, छोराछोरी जन्माउने भनेको पो त ।"

उनले अलिक लजाएर भनेकी थिइन्, "धत् !"

हाम्रो बालसुलभ स्निग्ध प्रेमलाई कुनै पनि स्वार्थको गन्धले भेट्टाएको थिएन ।

सामान्य बाल जीवनमा भोग्ने ग्रामीण जीवन भोगाइको भोक्ता बनेर म निकै रोमाञ्चित बन्दै गइरहेको थिएँ ।

"यिनीहरूको जोडी त दैवले बनाएर पठाइदिएको हो । खुबै मिल्छन्, अनुप र अनु । हुन त नामै मिलेर हो कि ! एक-अर्कालाई अति नै आत्मिक ठान्छन् । वास्तविक वैवाहिक जीवन भोगेजस्तै अद्वितीय देखिन्छ यिनीहरूको सम्बन्ध ।"

आमा र अनुकी आमाबिच कैयौँ पटक यस्तो संवाद चलेको सुनेको थिएँ । म नसुनेझैँ गर्थें, आमाको काखमा निदाएझैँ गर्दै मनमनै प्रसन्न रहन्थेँ ।

एक दिनको कुरा अनु सदाझैँ मेरो घरमा आइन् । म बरन्डामा बसेर अकाशे दरबार कथा पढ्दै थिएँ । पढ्नमा मन लागेको थिएन तर पनि घरको काम गर्नुपर्ला भनेर जबर्जस्ती किताब पल्टाएर बसेको थिएँ । बिहानपख निद्राले फेरि सताउलाझैँ बेलाबखत आँखा झ्याप्प झ्याप्प गरिरहेको थियो ।

"अनुप ! ओइ के गर्दैछस् ?" अनु हुर्रिंदै आएर सोधिन् ।

मलाई चिसो पानी छर्किएझैँ भयो । म तन्द्राबाट ब्युँझिएँ ।

"ए, केही पनि भएको छैन, पढ्दै ।" मैले भनेँ ।

"के पढ्दै ?" उनले सोधिन् ।

"सुरु गरेको ।" मैले भनेँ ।

"एउटा कुरा गरूँ ।" अनुले अलि जोड दिएर भनिन्, "तिमीलाई त पढ्न काठमाडौँ पठाउने रे नि ! हिजो राति ठुलीआमा हाम्रो घरमा आएर कुरा गर्दै

हुनुहुन्थ्यो ।"

"ज्या, फाल्तु कुरा नगर । मलाई त भन्नुभएको छैन ।"

अनुले फेरि जोड दिँदै भनिन्, "हो रे ! काठमाडौँमा नयाँ भर्ना खुलेको छ रे । अब तिमीलाई गाउँमा नपढाउने रे । तिमी बिग्रिने भयौ रे । काठमाडौँ आमाको घरमा राखेर तिमीलाई पढाउने रे । साँच्चै ! त्यस्तै कुरा गर्दै हुनुहुन्थ्यो ।"

अनु, मलाई झुट बोल्ने केटी थिइनन् । तर पनि अनुले गरेको त्यस कुरामा मिथ्या होस् भन्ने सोचेरै हुनुपर्छ । मैले त्यस दिन त्यस कुरालाई हावामा उडाइदिएँ ।

o

मलाई काठमाडौँ पठाइने भयो । भित्री मनले मलाई काठमाडौँ जाने इच्छा थिएन । काठमाडौँ गएर गाउँमा झैँ खेल्न, डुल्न, पोखरीमा नाङ्गै नुहाउन, कुद्न, अनुसँग लुकामारी, भेटी डुम खेल्न पाउँदिनँ, अनुलाई नजिक पाउँदिनँ, खेलमै भए पनि बिहे गर्न पाउँदिनँ, अँगालोमा बेर्न पाउँदिनँ, चुम्बन गर्न पाउँदिनँ । मन उकुसमुकुस भइरहेको थियो ।

*त्यसै दिन हो मेरो बाल सपनाको दाहसंस्कार भएको । ठिक त्यसै दिन हो मेरो सपनाको लासको खरानी भएको । विडम्बना सपना त खरानी भयो तर जीवन भने अधकल्चो परेर बाँचिरहेछ ।*

केही दिनपछि मेरो काठमाडौँ जाने तयारी भयो । साँझ चार बजेको नाइट बसबाट बुबासँग म काठमाडौँ हुर्रिनुपर्ने भयो । बुबाले भन्नुभयो कि मैले उच्च शिक्षासम्म त्यही अध्ययन गर्नुपर्ने छ । मलाई पक्कापक्की थियो, आमाको घरमा नै दसैँमा टीका लगाउन बुबाआमा जाने भएकाले यो गाउँ फर्केर आउने मेरा लागि सम्पूर्ण बाटाहरू बन्द हुने छन् । सबैभन्दा मुख्य कुरा मेरो अनुलाई अब मैले धेरै धेरै वर्षसम्म भेट्न पाउने छैन, अनुको मुखसम्म पनि हेर्ने मौका पाउने छैन ।

बाल मानसपटल र बाल मनमा उत्पन्न तथा सिर्जित त्यो स्निग्ध प्रेमको अग्निपरीक्षाको घडी आएको थियो । यसबाट उत्तीर्ण हुन सके अनुलाई मैले कहिल्यै गुमाउनुपर्ने थिएन । चाहेजस्तो भए मात्र बाल मनोभावमा स्फूरण भएको सपनाले मूर्त रूप प्राप्त गर्ने थियो । मेरो निरन्तरको मानसिक द्वन्द्वको पदार्पण र पटाक्षेपमा सपनाहरू उघ्रने र बन्द हुने गर्न थाले ।

यो माटोको गन्ध, ठाँटीको पोखरीको गन्ध, मधेसको हावाको गन्ध, अनुको

फिस्टी शरीरबाट निस्किएको अद्‌भूत गन्ध इत्यादि गन्धलाई मैले अब करिब १५, १६ वर्ष महसुस गर्न पाउने छैन । मन भित्रभित्रै कुँडिएको थियो ।

o

आज पच्चिस वर्षको उमेरले महसुस गर्दैछु, आखिर अनु त्यसरी किन प्राणै उड्ला र मनै च्यातिएलाझैँ गरी रोएकी थिइन् । तर त्यस समय अनुसँगै मर्ने बाँच्ने भनी गरेका सङ्कल्प तुहिने स्थितिमा थियो । आफ्नै भनेकाहरू, मुटु साटिएकाहरू अनि अनुजस्ती बाल सखीबाट टाढा धेरै टाढा हुनु पर्दाको पीडाले सताइँदै थियो ।

पच्चिस वर्षको हुँदा सम्झिरहेको छु, यावत् घटना । मबाट टाढा भएपछि अनुले कसरी काटिन् होली आफ्ना दिनहरू ? उनले कसरी चढिन् होली पराइको डोली ? सोची होलिन् सपना र नियतिमा यही फरक हुँदो रहेछ, सोचेका सपनाहरू नियतिको जाँतोमा पिँधिएपछि जीवन धुलोसरि भइदिँदो रहेछ अनि कसैले त्यही धुलोलाई आवश्यकताअनुसारका परिकार बनाएर भोक टार्दा रहेछन् । सपना, सुख त केवल मृगतृष्णा पो बन्दो रहेछ, कहिल्यै पूरा नहुने मृगतृष्णा ।

मान्छेले चाहेझैँ नहुने रहेछ जीवन ।

करिब चौध वर्षपछि मैले स्नातक तेस्रो वर्षको परीक्षा सकाएर गाउँ जाने निर्णय गरेँ । अनु कस्ती भइन् होली भन्ने जिज्ञासा बाटो र गाडीभरि परिरह्यो । असोज महिनाको मनमोहक दृश्य व्याप्त थियो । गाडी दौडँदै थियो । मेरो मन गाडीसँगै गाउँतिरै हुत्तिँदै थियो ।

यसलाई संयोग नै भनौँ, म जुन दिन गाउँ फर्केको थिएँ, ठिक त्यसै दिन अनुको घरमा बिहेको रौनक थियो । म बिहेमण्डप नजिकै गएँ । मलाई देखेर अनुका बुबाले “ए अनुप, तिमी पनि आइपुग्यौ ?” भन्नुभयो ।

मैले जिज्ञासा राख्दै भनेँ, “अँ, काका ! अनि आज कसको बिहा हो ? राधिका दिदीको त होइन ?”

अनुका बुबाले भन्नुभयो, “काँ हुनु नि ! राधिकाको त दुई वर्ष पहिले नै बिहे भयो । आजचाहिँ अनुको बिहे हो । बरु लौ हामीलाई सहयोग गर ।”

म झस्कें । छाँगाबाट खसेझैँ भएँ ।

त्यसै दिन हो मेरो बाल सपनाको दाहसंस्कार भएको । ठिक त्यसै दिन हो मेरो सपनाको लासको खरानी भएको । विडम्बना सपना त खरानी भयो तर जीवन भने अधकल्चो परेर बाँचिरहेछ ।

यति बेला म उही सिसिफस भएको छु, ढुङ्गालाई उकालो चढाउन असफल प्रयास गरिरहेछु । पर्खिरहेछु यो ढुङ्गा चाँडै खसोस् र मेरो शरीरलाई क्षत्‌विक्षत् पारोस् । ■



# नाटक

सीता शर्मा

म दर्शक
हेरिरहेछु रङ्गमञ्चमा नाटक
चुनावी मेला लागेको छ
मन्त्री बन्ने रहर सबैमा जागेको छ
गहिरा जराहरू जमिनमुनि दबेका छन्
जराविहीन रुखहरू
बुरुकबुरुक गरेका छन्
छोडेर आफ्नो धरातल
आकाशको सिंहासन ताक्दै
धर्तीको सम्राट् हुने सपना देख्दै
फुलाएर हावामा बतासे फूलहरू
फलाएर आकाशमा सपनाका महलहरू
दौडिरहेछन् तँछाडमँछाड घरदैलोमा
झोली फैलाउँदै, दण्डवत् टक्राउँदै
झुटा सपनाको खरानी बाँड्दै
म दर्शक
हेरिरहेछु रङ्गमञ्चमा नाटक
किन खेलाँची लागिरहेछ यो दृश्य ?
हेर्दासम्म त साँच्चै लाग्नु नि नाटक पनि
जसले पनि खेल्न पाउने यो खेलमा
बोल्दै गरेका पत्रकारहरू
नाच्दै गरेका कलाकारहररू
उँघ्दै गरेका वृद्धवृद्धाहरू
गुन्डा, गँजडी र च्यापरहरू
सेलिब्रेटी, वैज्ञानिक र डाक्टरहरू
चटक्क छोडेर आ-आफ्ना औजारहरू
बिर्सेर आफ्ना सिप, दक्षता र कर्तव्यहरू
अनाधिकार चेस्टा गर्दै
कानुन बनाउन जाने रे
देश चलाउन जाने रे
आकर्षक पेसा बनेको छ राजनीति
जहाँ ढाँट, छल, बल सबै जायज हुन्छ
बेइमानले पनि सम्मान पाउँछ
अबिर र माला लगाएर रमाउँछ
मच्छर, जुका र झिँगाहरू
भन्किरहेछन् वरिपरि
दूर देशका स्याल र गिद्धहरूले
गाडिरहेछन् लोभीपापी नजरहरू
नामेट बनाउन यो भूगोलको अस्मिता ।

देश पानीमाथि तैरिएको छ
सत्य र निष्ठा सङ्कटमा परेको छ
वातावरण तरल र संवेदनशील छ
म त्रस्त छु,
कतै बालुवामा भासिन्छ कि
महान् पुर्खाको श्रम र पसिना
प्यारो आँगन, सान र स्वाभिमान

म दर्शक
देखिरहेछु धूमिल दृश्यहरू
विश्वासका किल्लाहरू भत्किँदै गरेका
आस्था र आदर्श थला परेका
ढल्दै गएका सिद्धान्त र दर्शनहरू
गल्दै गएका विचार र दृष्टिकोणहरू
खै, कतातिर बग्दैछन्
मूल्य-मान्यता र आदर्शका नदीहरू ?
खै, नीति र योजनाका खाका ?
खै चिन्ता र चिन्तन देशप्रतिको ?
कता डोऱ्याइरहेछ पपुलिस्ट भीडले
यो देश ?

म दर्शक
हेरिरहेछु रङ्गमञ्चमा नाटक
दुखिरहेछु देखेर दृश्यहरू
गरिरहेछु खबरदारी र अपिल
कतै नदबियून् -
न्यायका आवाजहरू
नसुकून्, नबरालिऊन् -
विवेकका नदीहरू
नबनून् भीडका भेँडा
स्वाभिमानी नागरिकहरू
सचेत स्वतन्त्र निर्णय गरून्
सुन्दर संसारको भविष्य कोरून् । ■

मुक्तक .....

# मन, जिब्रो र म



**नारायणप्रसाद आचार्य**

१ मिठो सम्झी कल्पिदिँदा रसाउने अर्कै थियो
चोट पुग्दा अरूलाई हँसाउने अर्कै थियो
एउटाले उक्साउने अर्को भने काम गर्ने
बिना मतलब बोल्न लगाई फसाउने अर्कै थियो ।

२ राम्रो देखे फड्कारिन्छ राम्रोको नै पछि लाग्छ
मिठो देख्दा रसाएर खान भनी उठ्छ जाग्छ
नबोल्दा नि हुने कुरा बिना मतलब बोल्न लगाई
आफू लुक्छ ओडारमा अर्कोलाई घानमा जाक्छ ।

३ सधैँ भलो सबैको होस् भन्न चाहने म
बिना कसुर दोष अनि गाली खाने म
उक्साउने, उचाल्ने र काम बिगार्नेहरू
भित्रभित्रै लुकी बस्छन् चोट खाने म । ■



# भिरमौरीको सिकार

**प्रकाश आचार्य**

नेपालमा मध्यपहाडी क्षेत्रहरूका भिरहरूमा रहेका भिरमौरीको बारेमा पटक पटक स्वदेशी तथ विदेशी सञ्चार माध्यमहरूमा बेला बेलामा चर्चा चलिरहेको छ। यस विषयमा मलाई पनि जिज्ञासा नरहने कुरै भएन। संजोग नै मान्नुपर्छ छन्त्यालहरूको बसोबास रहेको म्याग्दीको कुइनेमङ्गलेमा भिरमौरीको गतिविधि र मह काढ्ने कार्यको छायाङ्कनका लागि चिनियाँ टोली आउन लागेको जानकारी भयो। मलाई पनि भाषा सहजीकरणको लागि सँगै जान प्रस्ताव आयो। यो खबरसँगै तयारीका साथ बिहीवारको साँझ सूत्र मिडिया वर्कस्का दिनेश देवकोटासँग सिफलमा भेटघाट भयो। अबेलै भए पनि भोलिपल्ट म्याग्दीको बेनी (दग्नाम हुँदै धौलागिरि हिमालको फेद कुइनेमङ्गले पुग्नुपर्ने लक्ष्यका साथ सञ्चार मन्त्रालयका उपसचिव राजन पौडेल सर (लियाजोन अफिसर), रेन्जी (व्यवस्थापन सहयोगी), चउ सिङ सिङ (चिनियाँ नागरिक छायाङ्कन सहयोगी) र म त्यसतर्फ लाग्यौँ। बाँकी सदस्यहरू भोलि हेलिकप्टरबाट छायाङ्कन स्थल नजिकैको क्याम्पमा पुग्ने योजना रहेछ।

हामीहरू थानकोटको सदावहार सवारी जामलाई झेल्दै दश बजे मलेखुमा खाना खाने स्थानमा पुग्यौँ। त्रिशूलीको किनारैकिनारको यात्रा अन्धमारमा धेरै पछिको रमाइलो भएको राजन सरले बताइरहँदा मैले पनि सही थाप्दै थिएँ। जेष्ठ महिना पहिलो साता भए पनि ठाउँ ठाउँमा पानी परेकाले अझै रमाइलो अनुभव भइरहेको थियो। रातको एक बजे पोखरामा बास बस्ने स्थान पुग्यौँ। बिहान साँढे छ बजे गन्तव्यमा पुग्न कार्यक्रमका संयोजक पर्यटन व्यवसायी ट्रिपल गुरुङसँग होटलमा भेट भयो। उहाँले नै चलाएको गाडीमा बसेर तीन घण्टाको यात्रा गर्नुपर्ने रहेछ। उहाँ एक पूर्व हवाईजहाज चालक पनि हुनुहुँदो रहेछ। जिल्ला प्रशासन म्याग्दीको कार्यालयमा हामीले छायाङ्कनमा प्रयोग हुने ड्रोन सञ्चालन अनुमति लिनका लागि पुग्यौँ। अनुमति पत्र तयारपश्चात् करिब एक घण्टा आधामा गाडीको यात्रा दग्नाम पुगेर समाप्त भयो।

चिनियाँहरू धेरैजसोको चुरोट पिउने आदत हुने गर्छ । यसको उदाहरण जब गाडी रोकिन्थ्यो मौका छोप्दै चिनियाँ साथी चुरोट सल्काइहाल्थे । त्यहाँ रहेको एक मात्र होटलमा खाना खाएर हामीले लगेका बन्दोबस्तीका सामानहरू लैजान तयार रहेका ८ जना भरियाको साथमा कुइनेमङ्गलेको हिँडाइ सुरु गऱ्यौँ । छङ्गाछुर भिरको तल बगिरहेको रघुगङ्गा नदी दुई जना मुस्किलले ओहोरदोहोर गर्न मिल्ने ढुङ्गा खोपेर तयार गरिएको उकालो ओरालो बाटो । हामी हिँडेको स्थानबाट तल झी भन्ने स्थान नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीले निर्माण गर्न लागेको जलविद्युत् आयोजनाको ड्यामसाइट निर्माण हुने ठाउँ नजिकै पर्दोरहेछ । करिब एक घण्टाको यात्रापछि धेरै माथिबाट जेष्ठको सुख्खायाममा पनि झरेको झरनाको रमाइलो । रसिलो पाखा पार गरी चिमखोला भन्ने स्थान पुगिँदो रहेछ । चिमखोला तर्दानतर्दै बाटो आधा हुनुका साथै बेनीबाट घुमेर दुई दिनमा आइपुग्ने ट्याक्टर हिँड्ने बाटोमा भेटियो । यो बाटो भर्खरै प्रारम्भिक रूपमा तयार गरिएको हुँदा टयाक्टर मात्र चल्ने अत्यन्त विकट स्थान पार गरेर आइपुगिने कुरा सुनियो ।

कठिन साँगुरो बाटोको समाप्तिपछि यात्रा केही सहज महसुस भयो । पारिपट्टिको झुरुप्प परेको सुन्दर बस्ती हेर्दै झुलुङ्गे पुलबाट चिमखोला कटेर धौलागिरि बेसक्याम्प गेट कटेपछि घाम डुब्न केही समय मात्र बाँकी थियो । थकान महसुस भएको देखेर ट्रिपल सरले इनर्जी बिस्कुट दिनुभयो । राजन सर चौर परेको स्थानमा लम्पसार परेर सुत्नुभयो र भन्नुभयो- 'योभन्दा जिन्दगीको आनन्द केही पनि हुँदैन ।' हो पनि, प्राकृतिक सौन्दर्यले भरिएको खुल्ला आकाश, थकानको अवस्थामा आराम आह ! मैले पनि महसुस गरेँ । रघुगङ्गाको किनार छुनै लाग्दा ध्यासी खर्कमा रिमरिम साँझ परेको थियो । यात्राभर नै केही उकालो फेरि तेर्सो अतिकति ओरालो फेरि उकालो, ठाउँठाउँमा बनाइएका चौतारो र पानी पिउने पँधेरोका कारण बटुवाहरूले प्रशस्त आराम नगर्ने अवसर पाउँछन् । त्यहाँ बसेर आराम गरिरहँदा ती निर्माता समाजसेवीहरूलाई नसम्झने सायदै कोही हुन्छ होला । बाटोमा भेट्ने जो कोहीले हामीलाई गरेको नमस्कार, फोहोर राख्ने भाँडा र बास्केटबल मैदान देख्दा समाजको चेतनाको स्तर प्रस्टै देख्न सकिन्थ्यो । यात्राको अन्तिम बिन्दु पुग्न करिब आधा घण्टाको ठाडो चढाइरहेको जानकारी संयोजकले सङ्केत गरिसक्नुभएको थियो ।

फराकिलो सडकको यात्रा बिट मार्दै लट्ठी टेक्दै उकालो लागियो । सय गन्दै लामो श्वास लिँदै गर्ने संयोजकको सुझाव प्रयोग गर्दै आलुबारी सकिएपछि केही समयमा अलि पर बत्ती बलेको देखियो । अब आइपुगियो भन्ने आशाका साथ पाइला छिटो तन्किए तर अझै पन्ध्र मिनेटको ओरालो लागेपछि भिरालो परेको रघुगङ्गाको डिलमा रहेको चौरमा टेन्ट राखेको स्थानमा पुग्यौँ । बिहानै

हेलिकप्टरबाट पुगेका चाइनिज मित्रहरू र हाम्रो कार्य सहज बनाउन पुग्नुभएका शेर्पा साथीहरूसँग परिचय भयो । थकान धेरै भएका कारण भोजनपछि राजन सर र म टेन्टमा सुत्न लाग्यौं । धौलागिरिको काखमा दुई साना हरियालीपूर्ण पहाडको चेपमा बगेको रघुगङ्गाको डिलमा छङछङ बगेको आवाज सुन्दै टेन्टमा सुत्न कम्ता आनन्ददायक थिएन ।

बिहानैबाट भिखौरे (मह काट्ने मानिस) टेकबहादुर घर्तीको घरमा निजको पारिवारिक जीवन र दैनिक गतिविधि (ढिँडो पकाएको, मोही पारेको, ठेकीबाट मोही निकालेको, खाएको, भाँडा माझेको आदि) छायाङ्कन भयो । एक घण्टाको छायाङ्कनपछि पारिबाट मौरीको घारमा पुग्न प्रयोग गरिने पराङ निङ्गालोको चोयाबाट बनेको विशेष प्रकारको परम्परागत भऱ्याङ, आङ्कुस, टाँङ्गो, मह झार्ने प्लास्टिकले मोरेको डालो, गाग्री, डेक्ची, शुभ साइतका लागि पुर्खादेखिको धनुष वाँणसमेत बोकेको महको सिकार गर्ने टोली आइपुग्यो । रघुगङ्गाको फड्के तरेर करिब आधा घण्टाको उकालो निगालोको बुटा समाउँदै कठिनपूर्वक चढेपछि मह काढ्ने स्थान पुग्यौं । त्यहाँ पुगुञ्जेल सबैका खुट्टामा चार/पाँचओटा जुकाले चुस्न भ्याइसकेका थिए । जुका लाग्न नदिन नुन दलेको भए तापनि पानी परेकाले खासै असर गरेन ।

हामी सँगै चिनियाँ टोलीले छायाङ्कनका लागि प्रयोग हुने क्यामरा, ड्रोन, मौरीको टोकाइबाट बच्न प्रयोग हुने शिरदेखि पाऊसम्मको विशेष प्रकारको लुगा बोकेर पुगे । उनीहरू हामीभन्दा बढी नै जुकाबाट त्रसित थिए । पानी परेपछि त जुकाहरू टाउको उचाल्दै मानिसको गन्धको पछि लागे । हामी पुग्नु अगावै क्यामेराम्यानलगायत संलग्न प्राविधिक साथीहरू काजी शेर्पा, पासाङ तामाङलगायतले सुरक्षाको लागि ढुङ्गा तथा रुखमा बाँधेर समाउन र भिरमा झर्न मिल्ने विशेष (Rock Climbing मा प्रयोग हुने) सुरक्षा व्यवस्था गर्नुभएको थियो । तर स्थानीय टोलीले भने कुनै सुरक्षा विधिको प्रयोग नगरी परम्परागत सामानको मात्र प्रयोग गरी पराङ राख्न थाले भने मूल झाँक्री (चित्रे छन्त्याल) र भिरमा चढ्ने मुख्य भिखौरे टेकबहादुर घर्ती (विश्वकर्मा) मह काढ्न सुरु गर्दा परापूर्वदेखि नै गरिँदै आएको कुलपूजा गर्न लागे । काममा बाधा व्यवधान नपरोस् भनेर मन्त्र उच्चारणका साथ ध्वजा टाँगे । उक्त पूजासहित प्राविधिक कार्यको राजन सरले भिडियो बनाउँदै हुनुहुन्थ्यो । मह काढ्न शुभ दिनबाट थालनी हुने परम्पराअनुसार त्यस दिन पूर्णिमा थियो । पूजा हुँदै गर्दा विगतमा लामो समयदेखि मह काढ्ने काम गरेका टेकबहादुरका दाजु चोया काट्न लागे । उनले पराङ अड्याउन भित्तामा ठोकिने डक् पनि बनाए । केही केटाहरू स्याउला र सुकेको निङ्गालो काट्न लागे । मौरी भगाउन धुवाँ लगाउने हंस वरिपरि स्याउला बिचमा सुकेको निङ्गालो राखेर बनाइएको धुवाउने सामग्री) तयार गर्न लागे । भिखौरे

भऱ्याङबाट तल झरेपछि सहयोगका लागि उनका छोरा चित्रबहादुर घर्ती पनि सँगै झरे । डक् ठोकेर घारको नजिक पुग्ने भएपछि हंस देऊ भनेर ठुलो आवाजमा (ओईऽऽऽऽ) कराएर) साङ्केतिक सूचना आएको भन्दै डोरीमा बाँधेर हल्का बलेको हंस पुतपुताउँदै तल झारियो । हाम्रा वरिपरि घारबाट सुरक्षाका निमित्त उडेका मौरीले घेर्न थाले केही साथीहरूलाई टोके पनि ।

मह काढ्ने समय केही दिन ढिला भएका कारणले गर्दा मौरीले मह चुसिसकेको र घरमा बच्चा बनाएको हुँदा उक्त घार काट्न विशेष प्रकारको सामग्री फिर्कौली चोयाको डोरीको टुप्पामा बाँधेको लट्ठीको आग्लो) माग भयो । केहीबेरमा फिर्कौली डोरीमार्फत तल पुग्यो । भिखौरेले बच्चा भएको चाकामा प्वाल पारेर माथिबाट टाँगोमा बाँधेको हँसियाले काट्दा फिर्कौलीको लठ्ठी आग्लो बनेर बाँधिएको डोरीमा मौरीको चाका नै झुन्डिँदोरहेछ । माथि बस्ने सहयोगीले इसारा पाउनासाथ त्यसलाई माथि तान्दोरहेछ । उक्त बच्चा रहेको चाका सबै सहयोगीहरूले घर लगेर निचोरेर निस्केको दुधजस्तो झोललाई तरकारी पकाएजसरी पकाएर खाने गरिँदोरहेछ । बच्चा बसेको चाका निकालिसकेपछि बाँकी रहेको चाकामा मह नै मह हुने रहेछ । अब महको चाका काट्ने बेला भयो । माथिबाट डोरीमा डालो बाँधेर खसाले । माथिबाट टाँगोले घारको मुनि थापि खुट्टाले अड्याउने र हातको सहायताले हँसियाले चाका काटिने गरिन्छ भनेर माथि बस्नेहरूले सुनाए । त्यो दृश्य हामी टुप्पामा बसेकाले हेर्न मुस्किल थियो । तपाईंहरूले भोलि तलबाट देख्न सक्नुहुन्छ भन्दै थिए ।

मह काढ्दा तरतरी महको रस बहने रहेछ । नजिकै रहेको अवस्थामा तलबाट प्लास्टिक थाप्ने गरिँदो रहेछ । हामीलाई बेलीविस्तार लगाउँदै थिए स्थानीयहरू । यसरी थाप्दा पनि दुई चार माना मह जम्मा हुँदो रहेछ । हामी पुगेको भिरको आकार १३० मिटर अग्लो र लम्बाई पनि उस्तै होला । भिरको टुप्पामा केही मौरी हुने र उक्त घार सकेपछि बिस्तारै पराङ सार्ने गरिँदो रहेछ । भिरको अत्यन्त कठिन स्थान अर्थात् बिचमा मह काढ्न पराङ जोडेर खसालिँदो रहेछ । बिच भागमा काम गर्दा भिखौरेले बढो जोखिम नै मोलेर पराङमा अडिएर काम गरेको अनुभूति भयो । यदि तलमाथि भएको खण्डमा कसैले बचाउन नसक्ने कुरा उनीहरू नै बताउँछन् । त्यसो भएर हरेक वर्ष पराङको चेकजाँच गरी आवश्यक मर्मत गरेर चढ्ने दिन बिहानै केही घण्टा खोलामा डुबाएर मात्र भिरमा राखिने गरिँदो रहेछ । विनासुरक्षा उपकरण ठाडो भिरमा डोरीको भऱ्याङ त्यसमाथि सामान्यभन्दा फरक काला र ठुला भिरमौरीको गुँडमा हात हाल्नु कम्ता जोखिम छैन रहेछ । ती टेकबहादुर अठार वर्षको उमेरबाट पराङ चढेको चालिसौं वर्ष भएछ । कति आँटिला रहेछन् उनी यो लामो कार्यकालले नै देखाउँछ ।

काम सुरु भएको महिना दिनसम्म यस्ता भिरमा काम गरिँदो रहेछ । यस क्षेत्र वरपर पचासौँ ओटा घर रहेछन् । उनको अनुभवमा एक घारमै असी लिटरसम्म निस्केको थियो रे । उनी आफैँले पचास लिटर मह निकालेका रहेछन् । यसरी धेरै मह हुन समय अनुकूल हुनुपर्ने रहेछ । यसपटक समय ढिलो भएको फूलहरू निखिसकेको कारण र पानी धेरै परेकाले मह धेरै नभएको भनाइ व्यक्त गरे । त्यस दिन करिब दुई घण्टाको छायाङ्कन तथा मह काढ्ने काम गरियो । काटेर ढालोमा हालिएको महको चाकालाई डोरीको सहायताले माथि तानिएपछि जालिमा राखेर हातले निचोर्दै छानिने रहेछ । कुटलाई अलग गरेर निचोरेको चाका एकातिर र रसलाई गाग्रीमा राखिने रहेछ । यसलाई घर लगेर पुनः छानिने रहेछ । भिखौरेले काम सकेर पराङबाट निस्केपछि मात्र महलाई छन्त्यालहरूको देवदेवतालाई चढाएर सबैले चाखिँदो रहेछ । हामी सबैले ताजा महको स्वाद लियौँ । कसैलाई अलिकति खाँदैमा लाग्ने गर्छ भनेकाले मिठो भए पनि थोरैमै चित्त बुझायौँ । साँझ परेकाले बिस्तारै बिस्तारै सबैजना वासस्थानतिर लाग्यौँ ।

क्याम्पमा पुगेर खान खाँदै त्रिपल सरले तयार पारेर राखेको आगोमा भिजेको शरीर सेकाउँदै बस्यौँ । केही साथीहरूले स्थानीय जौबाट बनेको भित्रिकोट (रक्सी) लगाएर शरीरभित्र पनि तातो पार्नुभयो । पश्चिमतिर देखिने धौलागिरिको काखबाट बगेको पानी र सिरेटोले सानो खोँचको मौसम चिसै थियो । बिहानको कार्यक्रमको जानकारीपश्चात् आराम गर्न लाग्यौँ । भोलिपल्टको उस्तै तर फरक स्थानको छायाङ्कन हुने हुँदा भिरको फेदबाट पचास मिटर माथि चढ्ने सिस्नु धारीको बाटो उकालो लागियो जहाँ खुट्टा चिप्लियो भने के हुने हो कल्पनै गर्न सकिँदैन थियो । करिब २० जना उभिन पुग्ने ढुङ्गामाथि पुगेर सामान तह लगायौँ । भिरको तल्लो भागमा मह काढ्दा माथिबाट पराङबाट झर्नेबाहेक सबै काम तलैबाट हुने रहेछ । क्यामरा म्यानलाई भिरको अझ माथिल्लो भागमा घारको नजिकै एक जना मात्र अट्ने स्थानमा डोरीबाट शेर्पा साथीहरूको सहयोगले झारेपछि अघिल्लो दिनभन्दा लामो करिब एक सय तिस मिटरको पराङ झार्ने काम भयो । सहयोगीहरूले तलबाट निँगालोका झिक्रा र स्याउला बालेर धुवाँ पार्ने काम सुरु भयो । ठुला आकारका निख्खर काल मौरी भएकाले होला मौरीको गोला ठुलो भएकाले हुलै चिल्न आउलान् भनेर म पनि डराएको थिएँ तर धुवाँका कारण त्यस्तो भएन । आउन त मौरीहरू घुम्दै आउँदा रहेछन् तर हामीले नचलाएपछि केही गर्दा रहेनछन् । बिस्तारै आएका ती मौरीलाई हामीले हात, नाक, निधारमा राख्दा पनि केही गरेनन् । यस्तो अवस्थामा अपर्झट आउने मौरीहरूले छिट्पुट रूपमा हात वा मुखमा भने हमला गर्न सक्ने रहेछन् । मेरो नाकमा एउटाले खिल गाड्न भ्यायो । भनिन्छ मौरीले चिलेपछि उसको पनि मृत्यु हुन्छ । खिलबाट विष

हाम्रो शरीरमा प्रवेश गरेपछि केही सुन्निनु अचम्म नै भएन । पराङबाट भिखौरे झरेको दृश्य हाम्रा लागि कहालीलाग्दो र नौलो थियो ।

अघिल्लो दिन माथिबाट झरेको खासै प्रस्ट नदेखिएका कारण आजजस्तो अनुभूति नभएको रहेछ । पराङको केही परको डोरीबाट चाइनिज क्यामेराम्यान पनि झर्दै थिए । चाइनिज क्यामेराम्यान, निर्देशक, व्यवस्थापनबिचको कुरालाई मह सिकारीका सदस्य र शेर्पा साथीहरूलाई अनुवाद गर्ने र उनीहरूका कुरा चाइनिजहरूलाई अनुवाद गरिदिनु मेरो प्रमुख कार्य थियो । चाइनिजहरूले आफ्नो आवश्यकताअनुसारको कार्य गर्न निर्देशन गर्ने जुन कुरा मैले मह सिकारीहरूलाई भन्दा गर्न नसक्ने जानकारी हुन्थ्यो । यो कुरा पुनः चाइनिजहरूलाई जबाफ दिँदा मुख्यतः निर्देशक झनक्क रिसाउने गर्थे । त्यस्तै शेर्पा साथीहरूको पनि उस्तै अवस्था थियो । किनकि विकट स्थान, साँघुरो धरातलमा अडिएर बस्नुपर्ने मौरीको डर हुँदाहुँदै विभिन्न आदेशको पालना गर्न सबैलाई गाहारो नै भएको अनुभूति हुन्थ्यो । शेर्पाहरू यो कामभन्दा त हिमाल चढ्नु नै सजिलो भन्दै थिए । पक्कै पनि आफूले गरिआएको पेसा र कार्य नै सजिलो हुन्छ ।

उता क्याम्पमा रहनुभएका दिनेश सरले त्यहीँबाटै सम्पूर्ण कार्यको सामञ्जस्य र संयोजन गर्दै हुनुहुन्थ्यो । हामी छरिएर रहनुपर्ने, एकले अर्कोलाई बोलाएर नसुन्ने साथै एकले अर्कोलाई गरेको कुरा अन्य सदस्यले पनि सुन्न आवश्यक हुँदा वाकीटकी (walkie talkie) प्रयोग गरेका थियौँ । यसले हाम्रो कार्यलाई धेरै सहजता प्रदान गरिरहेको थियो । त्यो देखेर भिखौरे दाइले यो दुईओटा हामीलाई पनि दिन पाए हुन्थ्यो भनेर अनुरोध गर्दै थिए । हेर्दाहेर्दै भिरको मध्यभाग मौरीका आठ दश गोलाहरू डोरीको भऱ्याङमा समातेर डक ठोक्दै भऱ्याङ घार भए नजिकै पुऱ्याएर टाँगोमा बाँधेको हँसियाले पहिले फिर्कौली छिराउँदै बच्चा काटियो । तलबाट नियन्त्रित डोरीलाई माथि पठाउँदा बच्चा रहेको चाका तल आयो । नाङ्लोभन्दा ठुलो चाका समातेर फोटो खिच्न भ्यायौँ । माथिबाट डालोका लागि भिखौरे चिच्यायो । हत्तपत्त तलको सहयोगीले डोरीमा बाँधेर मह राख्ने डालो पठायो । डालोलाई टाँगोले धकेलेर घार नजिक पुऱ्याएपछि खुट्टाको सहायताले धकेलेर अड्याउँदै हँसियाले महको चाका काटियो ।

यत्तिकैमा पारिबाट मुसलधारे पानी पऱ्यो तर भिरको टुप्पो टोपीजस्तो भएकोले हामी बसेको स्थानमा पानी परेन । यहाँको मौसम बिहान घाम राम्रो लागे पनि मध्याह्नपछि माथितिरबाट बादल आएर पानी परिहाल्ने रहेछ । पानीले छायाङ्कन र मह काढ्न अवरोध भने भएन । भिरको बिचमा बसेर पानी परेको हेर्न कम्ता आनन्द आएन । भिरमा बसेको र तल बसेको दुबै क्यामेराम्यानले कठिनतापूर्वक सबै गतिविधिको निरन्तर छायाङ्कन गरिरहेका थिए । चाइनिज

डाइरेक्टरको कडा निर्देशनमा काम गर्न क्यामेराम्यानहरूलाई पनि निकै गाह्रो भइरहेको थियो । पटक पटक ब्याट्री परिवर्तन, डाटा सार्नुपर्ने कारण डोरीबाट शेर्पा साथीहरूले सहयोग गरिरहेका थिए । मह भएको चाका काट्न लागिएकाले सहयोगी छन्त्यालहरूले प्लास्टिकमा मह थापिरहेका थिए । हेर्दाहेर्दै दुई माना मह जम्मा भएछ ।

उता डालोबाट झारिएको चाका तुरुन्तै छनौट गरी कुट पन्छाउने, निचोरेर गाग्रीमा राख्ने डालो माथि पठाउने काम घार काटी नसकिन्जेलसम्म चलिरह्यो । यी कामहरूका लागि टोलीमा रहेका सदस्यहरूले पहिले गरिएको कार्य विभाजनअनुसार जिम्मेवारीपूर्वक गर्ने रहेछन् । यसैबिच केहीबेर सानो करिब दुई किलो जतिको हेलिकोप्टरजस्तो क्यामेरा (Drone Camera) ले समेत छायाङ्कन गरियो । यसले खिचेको दृश्य सबैले अनौठो मानेर हेरिरहेका थिए ।

भोक लागेकाले कामको आधाआधी हुँदा उनीहरूले आफैले लगेका मकै भटमास सबै मिलेर वरिपरि बसेर लगाएको टोपीमा राखेर खाए । हामी बिहान नास्ता मात्र गरेर गएकाले क्याम्पबाट लगिएको पास्ता र पानीले पेट भऱ्यौं । घारबाट निस्केका मौरी ठुलो आपत् परेको अवस्थामा त्राही त्राही गर्दै घारको छेउमा गुजुल्टेको अनुभूति सहजै गर्न सकिन्थ्यो । तर भिखौरेहरू भने हामी रामका सन्तान हौँ । भगवान्ले यसो गर्न सिकाएको हाम्रा पुर्खालाई जीविकाको बाटो देखाएको बताउँदै थिए । हुन पनि जङ्गली युगमा मानवले खाने बस्ने प्रवन्ध गर्ने क्रममा मौरीको सिकार पनि सोही समयबाट सुरु हुँदै आएको अनुमान गर्न सकिन्थ्यो । यसको उदाहरण मह काढ्न हालसम्म प्रयोग भइरहेका उपकरणहरू पनि परम्परागत नै भएकोबाट प्रस्ट हुन्छ ।

साँझ पर्न पर्न लागेको थियो खोलापारि उडिरहेको कुहिरो धौलागिरितर्फ लाग्दै थियो । लाग्छ, काम सकेर घर फर्कंदैछ । हामी पनि सामान पोका पारेर ओरालो झऱ्यौं । तल झर्ने क्रममा मिर्मिर साँझ परेकाले दिउँसो परेको पानीका कारण चिप्लो बाटो त्यसमा पनि ओरालो मजस्तो रित्तो हात हिँड्नेलाई पनि समस्या थियो । पाइला सुस्तरी चाल्दाचाल्दै चिप्लिएर सिस्नोको बुटा समात्न पुगियो । अब हात त रमरम गर्न थाल्यो । हुन त यो पनि एक प्रकारको थेरापी नै हो भन्छन् । सहँदै अमिलो मुख लगाएर निङ्गालाको बुटा समात्दै तल झरियो । करिब आधा घण्टा झरेपछि खोलामा पुगियो । तर अचम्म बिहान तरेको फड्के त कता हो कता पानीको भेलले पुरिसकेछ । माथिदेखि केही समय अघि परेको पानीको प्रभाव । करिब आधा घण्टा माथि पुगेर झुलुङ्गे पुल तरौँ है म त खोला तर्न सक्दिनँ भनेको तर साथीहरूले हामी तार्दिन्छौँ नि ! भनेर कराउन थाले । जीवनमा पहिलो पटक यत्रो ठुलो नदी जुत्ता फुकालेर साथीहरूको सहाराले खुट्टा

कमाउँदै तरेको । बिहान हिउँ पग्लेर आएको चिसो र सेतो पानी रहर लागेर हातले चलाउँदै गएको तर बेलुका केही धमिलो र चिसो पानी बाध्यताले खुट्टा डुबाउनै पऱ्यो । केही तल पुगेपछि साथीहरू कोही अघि कोही पछि हुँदा चाइनिज मित्र मिस प्लिङ र म मात्र नजिकै थियौँ । हामी हिँड्दाहिड्दै अँध्यारोका कारण बाटो भुलेर फेरि जङ्गलतिर पुगेछौँ । साथीहरूलाई सिट्टी बजाएर बोलाएपछि मात्र हाम्रो उद्दार भयो । त्यतिन्जेल हाम्रा शरीरमा काँडाले र खुट्टामा जुकाले सुँड गाडिसकेका थिए । यसो क्याम्म पुगेर उज्यालोमा हेर्दा गोटा पाँच जुकाले टोकेर मेरो खुट्टाबाट रगतका थोपा चुहिँदै थिए ।

क्याम्पमा फर्केपछि आगो ताप्नु, तातो चिया खानु र गफ गर्नु नै समय कटाउने उपाय थियो । नेटवर्कको समस्याका कारण घरमा सम्पर्क नै हुन सकिरहेको थिएन । इन्टनेट त चल्ने कुरै भएन तर कुन कुनै ठाउँमा खोज्दै जाँदा केही समय नेटवर्क लाग्थ्यो र सन्चो बिसन्चोसम्म कुरा हुन्थ्यो । मोबाइलले हामीलाई कतिपय अवस्थामा सुविधा दिए पनि एकप्रकारको भिड र बाँधिएको महसुस भएको र त्यसबाट मुक्ति पाएको अनुभूति केही दिन मोबाइल नचलाई बस्दाको मेरो अनुभव बडो आनन्ददायक रह्यो ।

खाना खाँदै टेन्टमा सुतेर कल्पनाको सागर तर्दै फर्कने योजना र तालिका तयारमा लाग्यौँ । चिनियाँ टोली हेलिकोप्टरमा फर्कने भएकाले हामी केही साथीहरू बिहानैको नास्ता सँगै बोतलमा साथीभाइ र घरका लागि चाक्ने मह लिएर फिर्ती यात्रा सुरु गऱ्यौँ । फर्कन पनि जाँदा जस्तै ६ घण्टा लाग्ने निश्चित थियो । उकालो ओरालो ठाउँठाउँमा आराम गर्दै आठ बजेको यात्रा निरन्तर चल्यो म सबैभन्दा पछाडि परिरहेकोले हिँड्न अरू साथीभन्दा गाह्रो भएको अनुभूति भइरहेको थियो तर साथीहरूले कुर्दै पुनः सँगै निरन्तर अघि बढिरह्यौँ । हाम्रो सामान बोकेका पाँच जना भरियाहरू निकै पछि रहेको थिए ।

हामी अनुमानित समयमै दग्नाम पुग्दा दुई बजेको थियो । होटलमा खाना सकिएकाले चाउमिन र चना पाक्दै थियो । मौसम सदाझैँ कालोनिलो भइसकेको थियो । भरियाहरू नआइपुगेकाले हामी मात्र फर्कने कुरा पनि भएन र सामान पानीले भिज्ला भन्ने डर पनि उत्तिकै थियो । सानो छाप्रे होटलकै खाटमा लखतरान परेर सुतेँ म त । केहीबेरमा असिना र मुसलधारे पानी पर्न थाल्यो । अब म्याग्दी पुग्ने बाटोमा पहिरो आएर बाटो थुनिएको खबर आयो । यसले हामी रातिसम्म भए पनि काठमाडौँ पुग्ने योजना त सकियो नै तर बेलुका कहाँ बस्ने र के खाने भन्ने निश्चय नै थिएन । होटलमा पनि खानेकुरा खासै नहुने रहेछ सुत्ने ठाउँको त के कुरा । दुई घण्टाको कुराइपछि भरियाहरू पुगे । पानी केही कम भएकाले उनीहरूले सामान गाडीमा लोड गरिदिए । हामी सानो झोला बोकेर हिँड्न त

गाह्रो उनीहरू सामान बोकेका पसलमा पसेर खाजाको साथमा एक एक क्वाटर रक्सी तन्काए । राति भए पनि घरै पुग्ने भनेर फर्के । हामी पनि जे त होला भन्दै गाडी चढेर म्याग्दी झऱ्यौं । नभन्दै आधा घण्टाको यात्रा पछि एक दुई जनाले पल्टाउनै नसक्ने ढुङ्गा बाटोमा माथिबाट झरेका रहेछन् । दुई शेर्पा साथीहरू, म र चाइनिज मिलेर तीन स्थानमा बाटो पन्छाउँदै अगाडि बढ्यौं ।

केहीबेर अघि परेको असिनाले रुख बिरुवा, सागपात, मकैका पात एउटा पनि राखेनछ । किसानले कति दुःख गरेर हुर्काए र सुत्ला च्याप्ने बेला भएको मकैको ढोड मात्र बाँकी । के गर्ने प्रकृतिसँग कसको के लाग्छ र । पानी फेरि निरन्तर परिरहेको थियो । काठमाडौं पुग्ने सम्भावना टरे पनि ट्रिपल सरको गाडी हँकाइको रफ्तार तेज नै थियो । किनकी उहाँ भोलि बिहानैको प्लेनबाट मनाङ जाँदै हुनुहुन्थ्यो । चारैतिरका खोल्साबाट पानीका भेल बगिरहेका थिए । पर्वतको आमबोटमा तपाईंहरूलाई माछा खुवाउँछु भन्दै गाडी रोक्नुभयो । त्यहीँ हामीले खानाको साथमा मिठो माछाको स्वाद लियौं । पोखरा पुग्दा पानी केही थामिएको थियो । सामानको थान्को सँगै नुहाइधुवाइपछि बिहान पाँच बजे काठमाडौं निस्कने सल्लाह गरेर सुत्यौं । काठमाडौंबाट हामीलाई लिन पुगेका ड्राइभर दिनेश खुबै सिपालु रहेछन् । उनले पोखराबाट गुडेको छ घण्टामा काठमाडौंको ठमेलस्थित ट्रिपल सरको होटल ठमेल भिल्ला पुगेर हाम्रो यात्राले विश्राम लियो ।

यात्रा संस्मरणको मुख्य भूमिकामा रहेको छन्त्यालहरूको मूल थातथलो बागलुङ र म्याग्दी जिल्लाका क्षेत्रहरू भए तापनि सन् २०११ को जनगणनाअनुसार छन्त्यालहरू १० भन्दा बढी जिल्लाहरूमा छरिएर रहेको देखिन्छ । छन्त्यालको जनसङ्ख्या ६,५६५ महिला र ५,२४५ गरी कुल ११,८१० रहेको उल्लेख गर्नैपर्ने हुन्छ । छन्त्याल जातिमा १२ ओटा थरहरू- घरब्जा, तथप्जा, भलञ्जा, पोत्लाङ्गे, पुराने, डाँडामारे, घ्याप्चन, सिङ्गे, घती, भिंङग्राजा, खड्का र बुढाथोकी रहेका छन् ।

छन्त्यालहरूको सघन बसोबास म्याग्दी जिल्लाको कुइनेमङ्गले, मल्कबाङ, गुर्जाखानी, पाखापानी, भकिम्ली, बञ्जा, अर्थुङ्गे, ताकम, ओखरबोट, दर्बाङ, अर्मन र निस्कोट हो । यसरी नै बागलुङ जिल्लाको दमेक, खुङ्खानी, तमान, बोङ्गादोभान, देवीस्थान, बुर्तिबाङ, अधिकारीचौर, दर्लिङ, धम्जा, अमरभूमि, खुङ्गा, निसी, जलजला, दगातुनडाँडा, लेखानी र धुल्लुबाँस्कोट, गुल्मी जिल्लाको भार्से, भुर्तुङ्ग (धुवाँखोला), वामी (मालारानी), बडागाउँ, विसुखर्क, तम्घास खानीगाउँ र दुवीचौर (भङ्गेरी) हो । यस्तै सुर्खेत जिल्लाको साताखानी, रातु र गर्पन गा.वि.स.हरू रहेका छन् । रुकुम जिल्लाको बिर्गुमखानी, फल्नेखानी र प्युठान जिल्लाको स्याउलीवाङ (खारखोला) र खवाङ, एकराते गाउँहरू पनि सघन बसोबास भएका गाउँ हुन् । ■



# गीत

**वसन्तराज अज्ञात**

सक्दिनँ अब सास धानी राख्न
क्यै छैन ममा हात थापी माग्न
आइदेऊ दैव मलाई लिन
दुर्दशा हेर्न छलियौ किन

शरीरले काम नगर्ने भयो
आँटले हिँड्ने उमेर गयो
सहारा भन्नु के छ र अब
आफ्नैले पनि छाड्दियो जब

महत्त्वाकाङ्क्षी बन्दिँदा सन्तान
छाडेर गए खेलेको आँगन
रोकेर पनि कतिन्जेल रोक्ने
बारुला बनी आफैलाई टोक्ने

सन्तानको निम्ति हारेको मैले
कोही छैन मेरो साथमा ऐले
बुढेसकालको यो जीर्ण शरीर
साह्रै नै खोटो भैदियो तक्दिर

विष प्युन पनि सकिनँ मैले
पुकारिरैछु- काल आउँछ कैले
गुनासो कति, कति हो मेरो
निष्ठुरी खेल दैव यो तेरो । ■



# मन

प्रदीप सापकोटा

हर कोहीसँग उसको अस्तित्व हुन्छ । यही अस्तित्व मनदेखि आएको हुन्छ । मन नै हो भावना । मन नै हो कल्पना । मन नै हो हरेक कुरालाई नियन्त्रणमा लिने सामर्थ्य । वास्तवमै भावनात्मक संवेग हो मन । भावनात्मक कुरा हो । मान्छे कुन स्वभावको छ भन्ने कुराको छिनोफानो पनि यही मनले गर्ने रहेछ । यस्तो गर्छु या गर्दिनँ, भविष्यको लक्ष्य वा उद्देश्यबारे आफ्नो कुरा राख्छु कसैले भन्छ भने त्यसमा मन परिचालित हुन्छ । मनले न्यायाधीशको काम गर्छ । मनले मान्छेको जिन्दगीलाई दिशानिर्देश गर्छ । कुनै पनि मार्गमा हिडाउँछ कसैले भने त्यो मन हो । यति भन्दा पनि मन भौतिक कुरा भने हैन्, दृश्यमा देखिँदैन मन ।

मान्छेको भावनात्मक अवस्थाको बोध हो- मन ।

हैन यस्तो मन के रहेछ त ?- 'मन भनेको प्राणीहरूको अनुभव, इच्छा, बोध, विचार, सङ्कल्प, विकल्प आदिलाई नियन्त्रित वा परिचालित गर्ने अन्तस्करणको अंश वा वृत्ति हो ।' प्रज्ञा नेपाली बृहत् शब्दकोशले मनबारे यसो भन्दो रहेछ । अनि यस्तो मन कहाँ हुन्छ त मलाई कसैले सोध्यो भने उत्तर दिन्छु हेर यहाँनेरि छ । मुटु नजिक हात राखेर भन्ने गर्छु । भन्न मन लाग्छ मन र मुटु एउटै हो । वास्तवमै मन देखाउन सकिने कुरा होइन । मलाई त यस्तै लाग्छ । यो अदृश्य छ । फगत यो हाम्रो विचारसँग जोडिने कुरा हो । हाम्रो भावनासँग रहने कुरा हो । यसो सम्झनुस् त हामीलाई कसैले अपमान गर्छ, पीडा दिन्छ वा हाम्रो चित्त दुख्छ, त्यतिखेर तपाईं के महसुस गर्नुहुन्छ ? अनि पहिले कहाँ त्यो अनुभूति आउँछ ? मुटुमा । त्यसैले मन र मुटु एकै भनिएको होला । मन कहाँ बस्दो रै'छ खै कुन्नि ! तर सबैले मुटु देखाउँछन् । यद्यपि मस्तिष्कसँग मनको सम्बन्धको प्रगाढता सबैले महसुस भने गरेकै हुन्छन् ।

तर मुटु चिरेर हेर त्यहाँ मन कदापि दृश्यमा हुन्न । आवरणभित्र पनि पाइन्न । मुटु रोगका चिकित्सकलाई मुटु चिरेर मन खोज्न भने उनले पनि भेटाउन सक्दैनन् मन । कस्तो है यो मन ! विज्ञान र प्रविधिद्वारा बनिएका अत्याधुनिक एक्सरे,

सिटिस्क्यानलगायतका यन्त्रहरूले पनि पत्ता लगाउन सक्दैनन् यसको आकार, प्रकार र बुनोट । यो त अनुभूतिमय हुन्छ । भावनात्मक हुन्छ । यसैले यो महसुसमा भेटिन्छ ।

मनको आकार, साइज, तौल कति होला । यसको मापन गर्ने एकाइ वा मेसिन कहाँ होला । कस्तो होला । सुन्दरता आँखाले हेर्छ, कुरूपता आँखाले ठम्याउँछ । कुनै पनि कुराको गुणदोष छुट्याउँछ । कानले सुन्छ, आँखाले कुनै पनि कुरा पढ्छ । तर सुन्दरता, कुरूपता, गुणदोष, श्रवण, पढाइलगायतका कुराहरू मनसँग जोडिन्छन् । मनको अन्तरदृष्टिले गोचर गरेपछि, मनले ठहर गरेपछि कुनै पनि कुरा सुन्दर वा कुरूप निर्णयमा पुग्छ मान्छे । कस्तो गजब छ है यो मन ! कुनै पनि बस्तु उचाल्ने तागत कहाँबाट आउँछ मान्छेमा ? या यो गर्न सक्छु भन्ने दृढविश्वास कसरी पैदा हुन्छ ? कुनै पनि कुरा राम्रो वा नराम्रो भन्ने कुराको दृष्टिगोचर केले गर्छ ? आदि सबै जिज्ञासा ठोकिन्छ मनमै पुगेर । कस्तो अजीव छ यो मन । मान्छेलाई प्रेरणा भर्ने मन । उत्साहको भाव पैदा गर्ने मन । कुनै पनि कुरालाई हुन्छ वा हुन्नमा पुऱ्याउने पनि यही मन । कुनै पनि कुरा गराई छाड्ने दृढ इच्छाशक्ति जागृत गराउने मन । मन थिएन भने मान्छे हुने थिएन कि ! मान्छेमा रहर हुने थिएन कि ! राम्रो नराम्रो छुट्याउन सक्ने थिएन कि !

कसैले तुच्छ वचनरूपी वाणले प्रहार गर्दा पहिले त्यो महसुस मनले गर्दोरहेछ । हाम्रो प्रगतिमा सबैभन्दा पहिले त्यही मन पुलकित हुँदोरहेछ । आफन्तको दुःखमा दुखाउने र खुसीमा गद्‌गद् हुने पहिलो केही छ भने त्यही मन रै'छ । मन स्थूल भने हुँदै हैन र छँदै छैन । मनको महसुस मुटुको धड्कनमा भने पक्कै हुन्छ । खुसी हुँदाको धड्काइ र दुःख पीडाको धड्कन बास्तवमै पृथक् हुन सक्छ । स्नायु प्रणालीमा भने जोडिएको मन अचम्मकै छ । अदृश्य भएर पनि मान्छेलाई निर्देशन गरिरहेछ । स्वचालित छ यो कतैबाट परिचालित छैन । यो मस्तिष्कसँग आन्तरिक रूपमा जोडिएको हुँदा मनले मस्तिष्कमार्फत प्रतिक्रिया व्यक्त गर्छ । अनि शरीरका अन्य अङ्गहरूले प्रतिक्रिया दिन थाल्छन् । यसैले केन्द्रभागमा मन रहेको छ भन्न सकियो ।

कस्तो रहेछ है मन ! यसलाई निर्देशन दिने काम कसको होला ? मेरो विचारमा मस्तिष्क हो । तपाईंले कुनै अभिव्यक्ति दिँदै गर्दा वा केही प्रतिक्रिया राख्दा मनले तपाईंलाई गाइड गरिरहेको हुन्छ । कस्तो निरन्तर मुटुजस्तै चलिरहने मन । आखिर उमेर बुढो हुन्छ तर कसैकसैले भनेको सुनिन्छ- 'मलाई बुढेसकालले छोए पनि मेरो मनचाहिँ तन्नेरी नै छ है ।' यस्तो होला त । कहिल्यै बुढो नहोला त मन । तर उमेरसँगै मन पनि बुढिन सक्छ । मन त हाम्रो सोचाइमा भर पर्ने कुरा हो । सकारात्मक मन सकारात्मक सोच, नकारात्मक मन नकारात्मक सोच । मनले

मान्छेको उन्नति र प्रगतिमा सघाउ पुऱ्याउँछ । मनदेखि दृढ इच्छाशक्तिले गरेको काम सफल हुन्छ । मन नै विचार हो । मन नै सोचाइ हो । मन अनुभूति हो । जे गर्छ मनले गर्छ । मनले जिन्दगीलाई उर्बर र हरियाली बनाइदिन्छ । मनले जिन्दगीलाई सुख्खा रसातलमा धकेल्न पनि सक्छ । यति शक्तिशाली छ मन । मान्छेका चाहना र रहरहरूलाई मनले महसुस गर्दोरहेछ । यदि मन विचलित भयो भने सम्भिmए हुन्छ मनरोगजस्ता विकारहरूले मान्छेको जिन्दगीमा अतिक्रमण गरिदिन्छन् । मन स्वस्थ्य भयो भने सोचाइ स्वस्थ्य हुन्छ । मनलाई सुरक्षित राख्न आवश्यक छ । अन्यथा विभिन्न मनोरोगहरूले आक्रमण गर्न सक्छन् । मन कमजोर हुन सक्छ । त्यसैले यति धेरै संवेदनशिल छ कि मन बडो जतन गर्नुपर्छ । जोगाउनुपर्छ हरप्रकारका तनाव, व्यवधान र अवरोधहरूबाट । गलत भावनावाट सदैव टाढा राख्नुपर्छ ।

मन जोगाउन सवैभन्दा पहिले आफैँ लाग्नुपर्छ । मेरो मन तपाईंले जोगाउन सक्नुहुन्न । न त मैले तपाईंको मन सुरक्षित राख्न सक्छु । मनलाई सही दिशाबोध गराउन व्यक्ति आफैँ लाग्नुपर्दछ । सकारात्मक सोच र सकारात्मक जीवनशैली यसको लागि प्रमुख कुरा हो । मस्तिष्कलाई सही निर्णयमा लगाउनु पनि पर्छ । मनको आवेगको पूर्णतः नियन्त्रण गर्ने पहलु भयो भने मन जोगिन्छ । मन वास्तवमै पवित्र हुन्छ जस्तो गङ्गा पवित्र छ । मन समयजस्तै गतिशील छ । त्यसैले त नयाँ नयाँ सोच विचारहरू खेल्छन् मनमा । सुविचारित मनमा बस्ने ज्ञानको त्यो अदम्य गहिराइ नाप्ने कुनै यन्त्र छैन ।

शान्त मन, सुन्दर र स्निग्ध मन । असल मन र सुविचारले भरिपूर्ण मन भए मान्छे सुखी हुन्छ । यसमा अझ आपसी साथ, सहयोग र विश्वास थपियो भने आहा ! म र मेरो भन्ने भावनाबाट मन अलग रह्यो भने आहा ! मान्छेको जीवन कति सुखी होला । गीतामा कतै भनिएको छ- 'निर्ममो निरहङ्कार स शान्तिमधिगच्छति ।' यसैले मान्छेले आफ्ना अहङ्कार र स्वार्थका भावहरूलाई मनैदेखि झिकेर फालिदिनुपर्छ । मनका असल सपनाहरू सदैव पूरा गर्ने हिम्मत र आँट बाँधेर लाग्नुपर्छ ।

मनको दृष्टि सुन्दर भयो भने- अझै अगाडि गएर मानवीय भावना र मानवीय संवेदनाले मन द्रवित भयो भने- जीवनको सार्थकता त्यसमा हुन्छ होला । मान्छेको मन अरूको दुःखमा दुःखकै गीत बनेर गुन्जिन थाल्यो भने त्यहाँ आफ्नोपन हुन्छ होला । ■



# निलो फूल

रीता खत्री

आज मेरो विवाहको दिन अर्थात् दुई हजार एकहत्तर साल असार एघार गते । अचेल समय फेरिएको छ । नब्बेको दशकतिर महिनाबारी नै नभएका सात आठ बर्से नानीहरूको कन्यादान गरेर बहुत ठुलो धर्म लुट्थे हाम्रा बाआमाहरू ।

मेरा बा भिन्न स्वभावको हुनुहुन्थ्यो । गाउँभरिको स्कुले बच्चाहरूको शिक्षक मेरा बा मेरो इच्छाका विरुद्ध कहिल्यै जानुभएन । मैले जे जे भने त्यही त्यही मान्ने बाबा पाएँ । छोरी हुनुको मानेमा यो दुनियाँको सबैभन्दा भाग्यमानी मानिस म ।

बिहे नगर्ने जिद्दीका साथ जीवनका उनन्तिस वर्ष बिताएको म उनन्तिस वर्षको अन्तिमतिर र तिस वसन्तको सुरुवाततिर आज बिहे बन्धनमा बाधिँदै छु विनम्रका साथ ।

गाउँघरतिर देख्ने गरेको लोग्ने-स्वास्नीको सम्बन्ध पनि कुकुर र बिरालोझैँ झम्टिरहने किसिमका मात्र हुने । गुँड फेरिरहने चराको झैँ स्वभाव बोकेको लोग्नेमानिसहरूले आफ्ना स्वास्नीहरूलाई बिचल्ली बनाएर रुवाउनेहरूको जमात देखिरहेकी म, मलाई पुरुषहरूका स्वभाव यति मन पर्दैन थियो ।

बिहे नगर्ने अठोट लिएकी मलाई विवाह गर्ने मामलामा मलाई आमाले झैँ माया गर्ने दिदी शान्ता र बाबाले झैँ माया गर्ने दाजु धर्मले पेलेकै हो ।

लगातार तीन दिनसम्मको तीनथुम्की सोचपछि आफैँले छिने कुरा र गरे विनम्रसँग जीवन रङ्गीन बनाउने कुरामा सहमति ।

बिहे शब्द सुन्नासाथ डरले सातो जाने मसँग न आज कुनै डर छ, न त्रास छ, न भय छ उल्टै शरीर चङ्गा, मन चञ्चल र हृदय छडछड पो भएको छ । यस्तो हुनु विनम्र मलाई बाबाझैँ माया गर्ने दाजुको आफ्नै भाइ भएर होला सोचेँ ।

प्रिय धर्म दाजु ! तपाईंप्रतिको अपार प्रेम मेरो ह्रदयभरि अरू भरिएर आयो । मेरो वैवाहिक जीवन सफल होस् वा नहोस् मलाई कुनै प्रवाह छैन तर मेरो यहाँसम्मको जीवनमा तपाईंले खेलेको भूमिका म जिउँदो रहँदासम्म बिर्सने छैन ।

मरेपछि आत्मा जीवित रह्यो भने मेरो आत्माले पनि सम्झी रहला कि हजुरले मलाई बगाउन लागेको खोलाबाट निकालेर किनाराको बाटोसम्म ल्याएर छाड्दै हुनुहुन्थ्यो ।

साँच्चै दाजु ! यो मन भन्ने चिज विचित्रकै हुँदोरहेछ । जति फैल्याए पनि हुने । जति अग्ल्याए पनि हुने । जति गहिराए पनि हुने । जति साँगुरो बनाए पनि हुने । जति सङ्कुचित बनाए पनि हुने । जति सुन्दर बनाए पनि हुने जति कुरूप बनाए पनि हुने । यसलाई बढाउन घटाउन र जुनसुकै आकारमा रूपान्तरण गर्न यो दुनियाँका महङ्गा महङ्गा गरगहनाजस्तो मूल्य पनि नपर्ने रहेछ । कति अमूल्य है मन । सङ्लो मन बोकेर सय वर्ष हिँड्न सक्छ मानिस धमिलो मन बोकेर पचास वर्ष नपुग्दै पतन पनि हुन सक्छ मानिस ।

*विवाह भएको तेह्र वसन्त बितिसक्ता पनि मेरो जीवनमा विनम्रले निरन्तर फुलाउने गरेको निलो फूल मेरो निरोगिताको प्रमाणपत्र बन्यो, मेरो सुरक्षा कवज बन्यो तर कहिल्यै निलडाम बनेन ।*

सम्झँदासम्झँदै के के के के ! बिहे नै सक्किसकेछ । अन्माउँदा त खुब रुन्छन् बेहुलीहरू मलाई त हाँस्न मात्र आयो किनकि म जन्म दिने बाबाको घरबाट कर्म दिने बाबाको घरतिर मात्र जाँदै थिएँ भन्ने आभास भइरह्यो मनमा बारबार ।

विवाह यात्रा मध्यपूर्वबाट मध्यपश्चिमको थियो । रातभरिको यात्रापछि बिहान घर आइपुग्यौं । मलाई भविष्यको कुनै चिन्ता थिएन, पीर थिएन जति पीर थियो चिन्ता थियो विवाह हुनु अगाडि नै थियो ।

बिहेको भोलिपल्टको राति हामी दुई एकअर्कामा यसरी पोखियौ कि कपासझैं हल्का भयौं हामी ।

विवाह भयहरूको जुलुस मात्र होइन आनन्द प्रर्दशन हुने थलो पनि रहेछ ।

उज्यालो भयो उठेर हेरेँ ऐनामा आफूलाई । मेरा संवेदनशील अङ्गहरू विनम्र प्रेमको वसन्तमा फुलेर निलाम्य भएछन् ।

आज विवाह भएको तेह्र वसन्त बितिसक्ता पनि मेरो जीवनमा विनम्रले निरन्तर फुलाउने गरेको निलो फूल मेरो निरोगिताको प्रमाणपत्र बन्यो, मेरो सुरक्षा कवज बन्यो तर कहिल्यै निलडाम बनेन । ■



# समयको घट्ट !

छविरमण सिलवाल

अँध्यारो चिर्नका लागि
घाम झुल्कनुपर्छ

प्यास मेट्न
पानी पर्नै पर्छ

प्राण जीवित राख्न
हावा बहनै पर्छ,

यी सबै
निःशुल्क उपलब्ध छन्
निःस्वार्थ आफ्नो कर्ममा
कर्मशील छन् ।

हामी अदृश्य कर्ममा धावा बोल्छौं
साझा धर्तीलाई आफ्नै मात्र ठान्छौं
आफ्नै स्वार्थमा धर्ती
चिराचिरा पाछौं,

प्रकृतिको आवेगलाई थुन्न
खोज्छौं,
हावाको वेगलाई रोक्न खोज्छौं
घामको तेजलाई धूमिल पार्न
खोज्छौं
समय-समयमा
समयको घट्टमा नमज्जाले
पिसिन्छौं
दण्डित हुन्छौं ।
तैपनि,
खुल्न नसकेको चेतनालाई
खोल्न सक्ने
स्वाभिमानी मान्छे
प्रकृतिको सुन्दर छटाबाट
फुत्त निकालेर
संसार
स्वार्थी मान्छेबाट मुक्त गरौं । ■



# बौद्धिक दास

विवेक धिमाल

छोटो समयमा नै
विश्वास जितेको एउटा मान्छे
जसले हामीलाई
धेरै कुरा सिकायो

'आफ्ना विचार राख्न पाउनुपर्छ'
'सबैले समान अधिकार पाउनुपर्छ'
'भेदभाव अन्त्य हुनुपर्छ'
'कोही कसैको दास बन्नुहुन्न'
उसले हामीलाई
स्वतन्त्रताको पाठ सिकायो

'थिचोमिचो सहेर कतिन्जेल बस्ने ?'
'दुःखको दलदलमा कहिलेसम्म फस्ने ?'
'अन्याय र अत्याचार किन सहने ?'
उसले हाम्रो दिमागमा
विद्रोहको ज्वाला झोसिदियो

उसले हामीलाई
मुट्ठी कस्न सिकायो
अगाडि बढ्न आँट भरिदियो
र फर्कियो
हाम्रो नायक बनेर

आजकल
रेडियोमा सुन्छु,
तानाशाहको भजन गाइरहेको हुन्छ
टिभीमा हेर्छु,
भ्रष्टाचारीको बचाउ गरिरहेको हुन्छ
पत्रिकामा पढ्छु,
हत्याराको पक्षमा लेखिरहेको हुन्छ

यसरी
छोटो समयमा नै उज्यालो बनेर
हाम्रो मनमा उदाएको एउटा नायक
बौद्धिक दास बनेर
सधैँका लागि अस्ताउन पुग्यो । ■

**विराटनगर**



# गीत

युवराज शर्मा

हे नेपाली मन.... नेपाली जन....
बर्बादै नपारौँ विदेशमा जीवन ।

नहुँदा सन्तान घरमा आज
हिमाल रुँदा पग्लेर कालै
पहाड रुँदा गाउँघर खाली
तराईमा खेती प्लटिङ आज
सुन फल्ने ठाउँमा कङ्क्रिटको राज ।

नेपाल आमाको बुझी पुकार
पसिना पोख्न नजाऊ संसार
संसारभरीका नेपाली सन्तान
फर्की देऊ देशमा गर्दछु आह्वान ।

नेपाल हाम्रो प्राकृतिक कोश
आँसुको होइन खुसीको देश
सन्तानहरूको भएमा साथ
हाँस्ने छ नेपाल विश्वको माझ ।

हे नेपाली मन..... नेपाली जन....
बर्बादै नपारौँ विदेशमा जीवन । ■



# रिक्तता

**अनिल पौडेल**

ऊ घरमा खुसी लिएर आएको पहिलो सन्तान, जेठो छोरो, सुर्मे, नामचाहिँ सुर्मा खड्का । बाल्यकालमा औधी चञ्चल थियो । १५/१६ वर्षको हुँदा धेरै असल थियो, निकै सघाउँथ्यो, अनौमाथि नियन्त्रण कायम गरिसकेको थियो । बारी र खेत गरेर थुप्रै थियो जमिन । हुर्कंदै जाँदा अल्छी हुँदै गयो । पढाइमा पनि, घरायसी काममा पनि । बाआमा दुवै निरक्षर तर बुद्धिमान । छिमेकीले छोरा पढाउन धरान पठाएपछि उसलाई पनि पढाउनुपर्छ भन्ने लागेछ बाआमालाई । ढिलो गरी विद्यालय भर्ना गरिदिए ।

आठ किलासतिर पुगेपछि सङ्गत बिग्रियो, लत्तो छाड्दै गयो । उमेर पनि १८ पुगिसकेको थियो । दैनिकजसो उसले बदमासी गरेका समाचार मात्र आउन थाले घरमा । साथी आए पनि, गाउँले आए पनि, उसका शिक्षक आए पनि उस्तै खबर आउन थाल्यो घरमा । कहिले कसलाई पिट्यो, कहिले के चोर्‍यो, सुर्ती खान्छ, टिफिनपछि स्कुल फर्केर आएन, यस्तै यस्तै । उसका कारणले भाइ, बहिनी पनि बिग्रने चिन्ता बढ्यो । सुध्रिएला भनेर बाआमाले खुब सम्झाइबुझाइ गरे । प्रधानपञ्चलाई पनि भन्न लगाए तर तिघ्रा छिप्पिएपछि कहाँ अर्ती लाग्दोरहेछ र !

जति सम्झाइबुझाइ गरे पनि केही पार लागेन, पढाइ छोड्यो उसले । बाले आमालाई निष्कर्ष सुनाउनुभो, ‘अब यसको बिहे गरिदिनुपर्छ । डाँक्लामा पानी चढेपछि सम्झाइबुझाइको सूत्रले पार लाग्दो रहेनछ । लगामबिनाको घोडाजस्तो भयो यो । बिहे गरेपछि सुध्रेला कि । न त काम सघाउँछ, न त अनुशासन छ । अझ सुन्दैछु रक्सी पनि खान्छ रे यो ।’

आमा अलमल्ल परिन्, ‘खै ! के गर्ने गर्ने ! किन यस्तो भा’को हो यो ! बिहे गरेर के मति आउला यसको !’

साँझ अबेर घर आयो सुर्मे, रक्सी पिएर आएको अनुमान गरे बाले । बोलाएर सोधे, ए सुर्मे यता आइज । तँसँग एउटा सल्लाह गर्नु छ ।

आएन, परैबाट भन्यो- भन्नु न के हो ?

कामबाट आउँदा घरमा यसो चिया दिने मान्छे पनि भएन । अब तेरो बिहे गर्नुपर्छ ।

उसले नाइँनास्ती केही गरेन ।

कोसँग गर्नु बिहे ? केटी हेर्नुभा'छ र ?

बुढीलाई खुसुक्क भने; 'सुनिस् होला नि ! यो लठुवा त स्वास्नी नभेट्टा'र पो छटपटाइरा'को र'छ !'

सर्पेटारको दोकानी चन्द्रराजकी छोरी छ, बच्चे । बिहे गर्ने बेला पनि भा'की छ । गर्छस् ?

कुरा गर्नु न त ।

सधैँ हान्ने राँगोजस्तो गर्ने सुर्मे अचानक लज्जावती झारजस्तो भयो, यहीँ पग्लिहाल्छ कि जस्तो ।

'स्वास्नी नपाएर पो यसको सिङ ठडिएका र'छन् ।'

चन्द्रराजसँग कुरा भयो । जग्गाजमिन थुप्रै देखेर छोरी भोकै मर्दिन भनेर होला दिने भए । गाउँभरि ल्वाङ, सुकुमेल र सुपारीका टुक्रा वितरण गर्ने जिम्मा मलाई आयो । केही महिनापछि बिहे भयो बच्ची र सुर्मेको । बच्ची जम्मा १५ वर्षकी, सुर्मे १९ पुगिसकेको मुसर तिघ्रे, साँढेजस्तै । अहिले भएको भए बालविवाहको मुद्दा लाग्ने ।

'देखिस् बुढी यो लठुवा स्वास्नी भेटेपछि कसरी सुध्रियो ?' केही महिना सुर्मे गजब अनुशासित देखियो । त्यसपछि फेरि पारा उही । घर नआउने, आए पनि धेरै ढिलो । टन्न रक्सी धोकेर । रक्सी नै धोक्नुपर्ने उसको रहरबाहेक कुनै कारण थिएन । न कुनै तनाव, न थेग्नै नसक्ने जिम्मेवारी । असल बाउआमा, साना भाइबहिनी, बहिनीकै उमेरकी मायालु श्रीमती ।

तैपनि ऊ दैनिकजसो मातेर आउने, बिनाकारण निहुँ खोज्ने, कलिली स्वास्नीलाई मुक्याउने पो गर्न थाल्यो । बाउआमालाई बुहारी जोगाउन हैरान ।

सुर्मे अचानक दिनहुँ बेसुरमा घर आउन थाल्यो । कैयौँ पटक अचेत भएर ढलेको खबर आउँथ्यो । बाआमा आजित भए । कति खप्नु यो लठुवाको तनाव । छुट्याइदिनुपर्छ अब यसलाई ।

दुई वर्षपछि छोरीको बिहे गरिदिए । पाँच वर्षपछि कान्छो छोराको बिहे भयो जो शिक्षक छ गाउँकै विद्यालयमा । एक दिन सुर्मा सुरमा भएको बेला बाले भने; 'अब तेरो अत्याचार खप्न सक्दैनौँ । तँ छुट्टिएर बस् ।' उसले नाइँनास्ती केही गरेन । बुहारीलाई पटक्कै मन थिएन छुट्टिएर बस्न । भरे भनिन्; 'नछुट्याइदिनुस् बुबा । मलाई मार्नुहुन्छ होला ।'

यो सुध्रिएला कि भनेर हो । हामी यहीँ हुन्छौँ नि । चिन्ता नगर ।

अलि मुनि यौटा घर बनाएर छुट्याइदिए । सुर्मे सुध्रिनुको सट्टा झनै रक्सी

पिउन थाल्यो । अर्को वर्ष कान्छी बुहारीले नाति जन्माई । बिहे गरेको ६ वर्षसम्म पनि सुर्मेको बच्चा जन्मिएन । गाउँमा चासो हुन थाल्यो ।

पानी भर्न जाँदा सोध्थे; तिमीले किन बच्चा नपाकी हो यत्रो वर्ष ?!?

बच्चे भन्थी; 'खै ! भको छैन किन हो ।'

'धेरै रक्सी धोक्नेको नसोले काम गर्दैन रे !' हाहाहा...

'कि बच्चै नहुने छ कि !'

बच्चेलाई पानीपँधेरो जान पनि लाज लाग्न थालिसकेको थियो । माइती जाँदा पनि उही कुरा सोधिन्थ्यो । ऊ माइती जान पनि छोडी । सधैँ सोध्छन् के जबाफ दिनु !

बच्चा जन्माउन कोसिस नगरेको पनि हैन तर बच्चा कहिल्यै बसेन । बाँझी आइमाई भन्दै सुर्मे बच्चीलाई बेस्सरी पिट्थ्यो । अर्की ल्याउँछु भन्दै अनेक अपशब्द बोल्थ्यो, अगाडि जे छ त्यसैले प्रहार गर्थ्यो । ऊ भागेर रुँदै सासु-ससुराकहाँ पुग्थी । एक पटक हैन कैयौँ पटक । बाआमासमेत लाचारजस्ता भइसकेका थिए ।

पहिले सुर्मे मर्ला भन्ने पीर, अहिले बुहारीलाई मार्ला भन्ने पीर ।

गाउँमा जसले जस्तासुकै काम लगाए पनि गर्थ्यो सुर्मे । दुईचार रुपियाँ पाउनासाथै रक्सी धोक्न दौडिहाल्थ्यो । बेसुर हुने गरी पिउँथ्यो । उसलाई रक्सी पिउन जित्ने मान्छे भेटिन छोडे गाउँमा ।

एक दिन बा र भाइले सुरमै भएको बेला सुर्मे र बच्ची (बुहारी) दुबैलाई स्वास्थ्य चौकी लिएर गए । भित्र पसे, बेन्चमा बसे । केहीक्षणमा डाक्टर आए, सोधे; के थियो तपाईंहरूको ?

सुर्मे आफैँ बोल्यो; बच्चा नभएको डाक्टरसाप् । दबाई दिनुपर्‍यो ।

डाक्टर; कति भो बिहे भको ?

छ वर्ष ।

ए । हेर्नुस् त्यसै दबाई दिएर बच्चा हुने होइन । यो कुराको विस्तृत परीक्षण यहाँ हुँदैन । जिल्ला जानुपर्छ ।

उनीहरू अन्योलमा परे । सुर्मेलाई तनाव भएर फेरि रक्सी धोक्न मन लागिसकेको थियो ।

बाहिर निस्किए । नजिकैबाट कसैले बोलायो, ओए सुर्मे, किन आईस् स्वास्थ्य चौकी ? (सुदर्शन रहेछ)

ए काका पनि आउनुभको रछ ।

सुर्मे; सामान्य सोधपुछ गर्नु थियो त्यै भएर ।

बच्चा नभएर हो कि के हो ? बुहारी पनि छिन् त ?

हो ।

कहाँ हुन्छ त मुला तेरो बच्चा ?

किन ?

उहिले नसा छिनाको हैन तैँले २ सयमा ?

कहाँ छिनाएँ ? जेसुकै नबोल् है सुदे (सुदर्शन) ।

लौ त्यहाँ त्रिपुरेश्वरी हाईस्कुलमा परिवार नियोजन टोली आउँदा तँ गको हैनस् ?

जे पायो त्यै नबोल् है ।

अलि पर्तिर जौँ काका म भन्दिन्छु खास कुरा ।

अलि पर सिरिसको रुखमुनि फलैँचामा बसे ।

सुदर्शन; 'सुन्नुस् काका । यसको बिहे भको केही महिना मात्रै भको थ्यो । त्यहाँ हाइस्कुलमा टोली आको थियो । खसी पार्नेलाई २ सय पनि दिने भनेर । हामी हेर्न गकाथ्यौँ । यो सुर्मे मातेर हल्लिँदै आयो । उसकै जँड्याहा साथीहरूले २ सय दिन्छ रे नसो काट्छस् भनेर सोधे । यसलाई रक्सी धोक्ने पैसा चाहिएको । २ सय सुनेपछि लुसुक्कै भित्र गइहाल्यो । बाहिर आएर २ ओटा हरिया नोट समातेर खुसी हुँदै हिँडेको हो यो । अनि कहाँबाट हुन्छ त बच्चा !'

सबै छाँगाबाट खसेझैँ भए । बच्ची नराम्ररी बिथोलिई । बच्चा नपाएको भनेर सधैँ पिटेको सम्झिई होला ।

सुर्मे अझै पत्याइरहेको थिएन तर वास्तविकता त्यही थियो । बेसुरमा उसले रु. २ सय मात्र सम्झियो जसले उसको धित मर्ने गरी रक्सी आउँथ्यो ।

त्यही बेला स्थायी बन्ध्याकरण भइसकेको रहेछ । बच्चा नपाएको भनेर श्रीमतीलाई सधैँ नराम्ररी गाली गरिरह्यो, पिटिरह्यो, सताइरह्यो उसले ।

अहिले सुर्मे ६५ पुगेको छ, बच्ची पनि बुढी भई । अनुहार डढेजस्तो भएको छ, शरीर सुकिसकेको छ । सायद उसले खाने पालो रक्सीलाई दिएको होला । पिउन छोडेको छैन तर झगडा गर्दैन । गाउँमा कसैले गन्दैनन् उसलाई । साना केटाकेटीले पनि हेप्छन् । बा बितिसके, आमा () पुगिन् । त्यै सुर्मेकै चिन्ता गरिरहन्छिन् । भाइका नै नाति भइसके तर सुर्मे अपुत्रो छ । बच्ची एकोहोरिरहन्छे । उनीहरूबिच लगभग बोलचाल छैन । हिजो मैले भेटेँ उसलाई । मातेकै थियो । सोधेँ; ओए सुर्मे, त्यो सुनकोसीमा बगेको पानी जति त तैँले रक्सी नै खाइस् होला है ? ऊ बोलेन । आजकल पिउँछ मात्र, बोल्दैन रे !

२ सयले उसले घाँटी भिजायो, पेट भऱ्यो तर बच्चीको पेट सधैँ खाली नै रह्यो । न उसले सँगीको कटाक्षको जबाफ दिन सकी न त माइतीलाई कोखको कोसेली दिन सकी । बस् सुर्मेको पिटाई सहिरही, आजीवन रित्तै भइरही ।

न त कोख भरियो, न त जीवन हरियो,

न त आमा बन्न सकी, न माइतीलाई भन्न सकी,

बस् आँसु पिइरही, भाग्यलाई दोष दिइरही । ■

# पर्यटक



**लोकनाथ ढुङ्गाना**

नयाँ नेपाल निर्माण हुन्छ पूर्वबाटै हेर
उज्यालोको प्रकाश पनि पूर्वबाटै छिर्छ
पूर्व हेर कति राम्रो बस्नलायक भएछ
हरियाली चारैतिर चिसो न्यानो हुन्छ ॥

पाथीभरा कञ्चनजङ्घा पूर्वी काखमा पर्छ
पर्यटकको आगमनले पूर्वै राम्रो बन्छ
हलेसी र अर्जुनधारा खुसी कति पार्छ
विदेशीले घुम्ने ठाउँ पूर्व सबै पर्छ ॥

विजयपुर र किचकवधले प्रचार राम्रो पाएछ
घुमीफिरी हेर्दाखेरि खुसी त्यतैतिर तान्छ
पर्यटकको लामै लर्को पूर्वतिरै बन्छ
नेपालको होचो भूभाग झापैतिर पर्छ ॥

ह्यात्रुङ्ग झरना एसियाको आठराई नजिक पर्छ
तीनजुरे र लालीगुँरास हेर्दा मन उतैतिर लान्छ
जडीबुटी औषधिको उद्योग पनि यतैतिर बन्छ ॥
पर्यटकको आँखा सिधै पूर्वैतिर जान्छ ॥ ■

**कार्यरत : दुहबी ग्रीड महाशाखा, अनारमनि सब-स्टेसन,**
**झापा (नेपाल)**



# मायालु नजर

ई. लक्ष्मण मण्डल

मायालु नजर यसरी नहेर
नत्र तिम्रो यादमा हुन्छु बेखबर
एक दिन उनले मलाई भेटी भन्छ यसरी नहेर
रात दिन नभनी मलाई तर्की तर्की नहेर
फर्की फर्की मलाई यसरी नहेर
नत्र तिम्रो यादमा हुन्छु बेखबर
भोलिपल्ट साथीले गर्छ मलाई गाली
चेतना छैन मलाई त्यो गाली हो कि ताली
सुन्दर सपना बोकेर मतिर नहेर
नत्र तिम्रो यादमा हुन्छु बेखबर
माया माया भन्दै मैले गर्छु हातेमालो
मलाई केही थाहा छैन यो मायाको जालो
जति सम्झाए नि तिमी गर्छौ अटेर
नत्र तिम्रो यादमा हुन्छु बेखबर
अब तिमी आउन थाल्यौ मेरो सपनीमा
आँधीबेहरी आए पनि भेट्छौ विपनीमा
राति राति जागेर सुत्छौ अबेर
नत्र तिम्रो यादमा हुन्छु बेखबर
मनमन्दिरमा ईश्वरलाई खोज
माया प्रीति गर्न उनीलाई नै रोज
म साधारण मान्छेमा नपर भर
नत्र तिम्रो यादमा हुन्छु बेखबर
मायालु नजर यसरी नहेर
नत्र तिम्रो यादमा हुन्छु बेखबर । ■




# बा

सुरज रेग्मी

बा,
देश बिग्रियो, छोरो फर्केन भन्छौ
कि,
छोरो बिग्रियो, देश फर्केन भन्छौ

बिन्ती बा, यसपालि भोट नबिगार्नू
अनि देश पनि बन्छ, छोरो पनि फर्किन्छ

बा, फेरि आउलान् हुलका हुल भोट
माग्न
बा, बिन्ती
बा,
यसपालि भोट हाल्दा
केवल झन्डा नहेर्नू ।
भाषण नसुन्नू कसैको ।
................
झन्डा त रङ्गीन हुन्छ,
हाम्रा सपनाहरू त रङ्गहीन भइसके बा
त्यसैले, बा रित्तिएको गाउँ सम्झिनू,
आफ्नो खाली आँगन सम्झिनू,
आमाका नओभाएका गालाका
आँसुका धर्सा सम्झिनू,
हाम्रा सपनाको खाली ठाउँ
सम्झिनू
रित्तिएको काख सम्झनू
भाषण नसुन्नू,
सुन्नू त केवल मनको बात
साँच्चै भन न बा, अचेल तिम्रो
मनमा के चल्छ ?
...............
किनकि बा, ..... देश बाँच्यो भने,
गाउँ फेरि हाँस्छ ।
गाउँ हाँस्यो भने,
तिम्रो छोरो अवश्य फर्किन्छ,
परदेशबाट ।
तिम्रो कसम, बा ! ■



# आकाश

सविना गौतम

घरमै छोडेर
काँधको जिम्मेवारी,
ऋणको भारीमाथि
मनको डर र पढाइको रहर बोकेर
म सहर पसेँ
छुट्यो गाउँको कच्ची बाटो
छुटे बालापनका दौँतरी !

सहरले
शिक्षा र रोजगार होइन,
पासपोर्टको पाना देखायो
र, भन्यो–
‘जिन्दगी खोज्न
आकाश पार गर्नुपर्छ !’

तर,
मेरो आकाश त
खेतको गरो थियो
बारीका पाटा थिए
रन्किएको घाममा
नारिएका गोरु थिए,
जसले जिन्दगी आकाशमा
होइन
मातृभूमिमै छ भनिरहे,

घामको चमकझैँ
उज्यालो लाग्थ्यो !

मुगलान जान
मलाई कहिल्यै रहर थिएन,
तर
भोक र भविष्यको लडाइँले
मलाई
विदेशी आकाशतिर
धकेल्दै लग्यो, धकेल्दै लग्यो,

म मिहिनेतले बाँच्न सक्थेँ
सन्तानको पेट पाल्न सक्थेँ,
तर,
दुध बेचेर आएको पसिना
तिमीले करको नाममा
खोसेर लागेपछि
देशमै बस्ने मेरो मन
टुट्दै गयो
र दलिन गनेँ
आकाश नियालेँ

क्रान्ति भनेर हिँड्ने पुस्तासँग
आज मै पनि

लामबद्ध छु
हातमा फाइल
आँखामा आँसु छ
र
मनमा धड्किरहेछ-
बाआमाले आर्जेको खेतबारी

समृद्धिको
सपना बुनिएको देश
आज
विदेशी बजारमा हाट लागेको छ
त्यसैले
मुगलानको बाटो देखाउने आकाश होइन,
मलाई मेरो खेत फराकिलो लाग्छ,

युवाहरू फर्किऊन् गाउँ
सिप सिकाऊन् विद्यालयहरू
र
मेरो देशमै
सम्मानसँग
बाँच्न सकोस् श्रम
नत्र,
आकाशले सधैँ देखाउने छ
मुग्लान पुग्ने बाटो ! ■

**सिन्धुपाल्चोक**



**विद्युतकर्मी साहित्यिक समाजले आयोजना गरेको**
**'पुष्कर लोहनीको साहित्यिक योगदान' विषयक कार्यक्रममा सहभागी स्रष्टाहरू ।**



# "सुदूर अब दूर नाइँ... झिक्कै झिक्कै माया तमलाई"

चतुर्भुज गौतम 'निर्मलश्री'

केही समयअगाडि चर्चित युवा नेता बालेन्द्र साहको मौनताले भरिएको चुनावी अभियानको क्रममा सामाजिक सञ्चालनमा सुदूरपश्चिम र कर्णाली प्रदेश पुगेर एक/एक वाक्य मात्रका अभिव्यक्ति पोस्ट गरेका थिए । ती शब्दहरूले सामाजिक सञ्जालमा एउटा तरङ्ग नै ल्याएको थियो र यद्यपि त्यो तरङ्ग अहिलेसम्म कायम नै छ ।

बालेन्द्र साहले सुदूरपश्चिम प्रदेशमा अभिव्यक्त गरिएको पोस्ट थियो- "सुदूर अब दूर नाइँ, झिक्कै झिक्कै माया तमलाई" ।

कर्णाली प्रदेशमा पुगेर व्यक्त गरिएको पोस्ट थियो- "कर्णालीका सुइना, अब हाम्मा सुइना ।"

सम्भवतः सुदूरपश्चिम वा कर्णाली प्रदेशको बासिन्दाभन्दा बाहिरको बासिन्दा भएको कारणले उनले पोस्ट गरेको कुरा वा शब्द/शब्दविन्यासका कारणले सामान्य भए पनि अहिलेका चर्चित व्यक्तिको पोस्ट भएकोले अत्यन्तै चर्चामा आएको छ, एक हिसाबले यी वाक्य (पोस्ट) हरूले सामाजिक सञ्जालमा तहल्का नै मच्चाइरहेको छ र अहिले यी वाक्यहरू सामान्य छैनन्, असामान्य भएका छन्, धेरैले यी वाक्यहरूलाई आधारित बनाएर गीत/कविता बनाएर यी भाषाको पक्षपोषण गरिरहेका छन् ।

यिनै पोस्ट भएका (हालै चर्चामा आएका) देख्दा सामान्य तर असामान्य वाक्यलाई मात्रै नभएर यी दुई प्रदेशको सामान्य सप्रसङ्ग व्याख्या गर्न गइरहेको छु ।

**१. "सुदूर अब दूर नाइँ, झिक्कै झिक्कै माया तमलाई" ।**

**क. सुदूरपश्चिमको परिचय**

सुदूरपश्चिम प्रदेश नेपालको सबैभन्दा पश्चिम भूभाग हो । २८.२२ डिग्रीदेखि ३०.०९ डिग्री उत्तरी अक्षांश र ८०.३ डिग्रीदेखि ८१.२५ डिग्री पूर्वी देशान्तरसम्म

फैलिएको भूभाग नै नेपालको विकट मानिएको सुदूरपश्चिम प्रदेश हो । यसको पूर्वमा कर्णाली र लुम्बिनी प्रदेश, पश्चिममा भारतको उत्तराखण्ड राज्य, उत्तरमा कर्णाली प्रदेश र चीनको स्वशासित क्षेत्र तिब्बत तथा दक्षिणमा भारतको उत्तरप्रदेश राज्य रहेका छन् । अन्तर्राष्ट्रिय सीमाना चीन तथा भारत दुबै देशलाई छोएको क्षेत्र यहाँको दार्चुला जिल्ला हो । वि.सं. २०७८ को जनगणनाअनुसार यो प्रदेशको जनसङ्ख्या २६,९४,७८३ रहेको छ । यो प्रदेशले नेपालको कूल भूभागमध्ये १३.३० प्रतिशत भूभाग ओगटेको छ । विभिन्न जडीबुटी र यार्सागुम्बा पाइने महत्त्वपूर्ण क्षेत्र हो सुदूरपश्चिम प्रदेश ।

सुदूरपश्चिम प्रदेशका प्रमुख नदीहरू सेती, बुढिगङ्गा, चौलानी, महाकाली र कर्णाली हुन् । महाकाली नदीले नेपाल र भारतको सीमानालाई छुट्याएको छ भने कर्णालीले यस प्रदेशलाई कर्णाली र लुम्बिनी प्रदेशबाट छुट्याएको छ । यस प्रदेशको कैलाली जिल्लामा रहेको घोडाघोडी ताल विश्व सम्पदा सूचीमा रहेको सीमसार क्षेत्र हो भने झिलमिला ताल, वेदकोट ताल (कञ्चनपुर) र आँखाको आकार भएकाले नै "सुर्मा सरोवर" नामकरण भएको ताल पनि (बझाङ) यसै प्रदेशमा अवस्थित रहको छ । आलिताल (डडेल्धुरा), छतिवन तालपनि (डोटी) यसै प्रदेशका शोभायमान ताल हुन् ।

यस प्रदेशमा गौरा पर्व, बड्का अतवारी (विशेषतः थारुहरूको महान् पर्व), दसैं, तिहार, धुमधामका साथ मनाइन्छ । तराई क्षेत्रको चौधरी परिवारमा नयाँ वर्षको रूपमा मानिने माघी पर्वको आफ्नै महत्त्व र संस्कृति छ ।

यहाँका प्रमुख धार्मिक स्थलहरूमा उग्रतारा (डडेलधुरा), त्रिपुरासुन्दरी (बैतडी), शैलेश्वरी (डोटी), बडीमालिका (बाजुरा), बैजनाथ (अछाम), माल्लिकार्जुन (दार्चुला) निङ्गगलाशैनी (बैतडी) आदि अत्यन्तै प्रख्यात छन् । यस प्रदेशको सबैभन्दा प्रमुख सांस्कृतिक गीत, सम्पदा र सभ्यता भनेको देउडा हो ।

यस प्रदेशको महत्त्वपूर्ण पर्यटकीय क्षेत्र खप्तड, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, रामारोसन हुन् भने बुढीनन्दा, सुर्मा सरोबर ताल, पाताल भूमेश्वर, दोगडा केदार, घोडाघोडी ताल, अजयमेरु कोट, अपि, सैपाल, अमरगढी किल्ला, बडीमालिका धार्मिक, सांस्कृतिक एवम् ऐतिहासिक पर्यटकीय क्षेत्र हुन् । हाल स्वर्गीय राजा महेन्द्रले एक महिना अस्थायी राजधानी बनाएको कर्णाली नदीको तराई भूभागमा अवस्थित टीकापुरको पार्कसमेत पर्यटकहरूको रोजाइमा पर्न थालेको स्थान हो ।

यो प्रदेशमा रहेको नौ जिल्लामध्ये बझाङ, दार्चुला र बाजुरा हिमाली प्रदेशमा रहेका जिल्लाहरू हुन् । नेपालका ७७ जिल्लामध्ये सर्वाधिक हिमक्षेत्र भएको जिल्ला बझाङ यही प्रदेशमा पर्छ । अपी (७१३२ मिटर) र साइपाल (७०३१

मिटर) यस प्रदेशका सबैभन्दा अग्ला हिमाल हुन् । व्यास, नाम्पा, कापुचुली, फिरानकोभ, दोङ्गलिप, योकापहाड, रानी, जेठी बहुरानी, सुनखानी, शङ्खमाला, चाँदशेखर, गुदुपाल, व्याँसीमारेलगायतका ५ हजार मिटरभन्दा बढी र सात हजार मिटरभन्दा कम उचाइका हिमालको सङ्ख्या सयौँ छ यो प्रदेशमा । पाँच हजार मिटरभन्दा बढी उचाइ भएका हिमालहरू त अनगिन्ती नै छन् ।

हिमालको मामिलामा सुदूरपश्चिम अत्यधिक धनी छ । यद्यपि सुदूरपश्चिमका सबै हिमालको पहिचान र प्रचारप्रसार हुन सकेको छैन । त्यसैले त यस प्रदेशको भूगोलको झन्डै आधा हिस्सा हिमाली भूभाग भए पनि यस प्रदेशले हिमालबाट लिनुपर्ने कुनै लाभ लिन सकेको छैन । यद्यपि यो प्रदेशमा पाँच हजार पाँच सय मिटरभन्दा बढी उचाइका हिमालहरूको सङ्ख्या दुई सय पचासभन्दा बढी रहेको अनुमान छ । यति हुँदा पनि विश्वभरिका हिमालको बारेमा जानकारी दिने वेभसाइट पिकभाइजरका अनुसार सुदूरपश्चिमका ७१ ओटा मात्रै हिमालको नामकरण गरिएको पाइएको छ ।

**ख. अहिलेको चर्चित शब्दको भावार्थ**

मौन चुनावी प्रचारको क्रममा अहिले चर्चाको शिखरमा आएका बालेन्द्र साहले पोस्ट गरेको क्याप्सन "सुदूर अब दूर नाइँ, झिक्कै झिक्कै माया तमलाई" ले मन छोयो । मेरो मात्र होइन नेपाली भाषिक सभ्यतालाई माया गर्ने हरेक नागरिकको मन छोएको छ यो शब्दले ।

यहाँ उल्लेख गर्नुपर्ने कुरो के छ भने उनको यो पोस्ट सम्पूर्ण रूपमा सुदूरपश्चिमको भाषासँग मेल भने खाँदैन । "सुदूर अब दूर नाइँ, झिक्कै झिक्कै माया तमलाई" भन्ने वाक्यमा एउटा शब्द "माया" बाहेक सबै शब्दहरू सुदूरपश्चिमको कुनै न कुनै भाषिक समूहको लबजसँग मिल्छ । तर केवल "माया" भन्ने शब्द मिलेको देखिँदैन । "माया" नेपाली शब्द हो र सुदूरपश्चिमको भाषिक शब्दमा मायालाई "सौँराई" भन्ने गरिन्छ । सुदूरपश्चिमको भाषिक हिसाबले भन्नुपर्दा "सुदूर अब दूर नाइँ, झिक्कै झिक्कै माया तमलाई" भन्ने वाक्य सम्पूर्ण रूपमा "सुदूर अब दूर नाइँ, झिक्कै झिक्कै सौँराई तमलाई" हुनुपर्ने थियो ।

तर भाषिक शब्दावलीहरू, भाषाका प्रयोगहरू जुन स्थानीयले प्रयोग नगरेर अन्य क्षेत्रका व्यक्तिहरूबाट प्रयोग हुन खोज्छ, त्यस बेला त्यो भाषा बिगारिएको हुँदैन । भाषा सिक्न खोजिएको भन्ने अर्थमा बुझ्नुपर्छ । स्थानीय जनजिब्रोमा बोलिएको भाषा, ठेट भाषा वा काठेभाषा हुन सक्छ तर अन्य समुदायबाट बोलिन वा भनिन खोजियो भने त्यसले धेरै महत्त्वपूर्ण अर्थ राख्ने रहेछ ।

२. "**करनालीका सुईना अब हाम्मा सुईना**"

**क. कर्णाली प्रदेशको परिचय**

कर्णाली प्रदेश नेपालको मध्यपश्चिम क्षेत्र हो । यो प्रदेश २८.१० डिग्रीदेखि ३०.२६ डिग्री उत्तरी अक्षांश र ८०.५८ देखि ८३.४० पूर्वी देशान्तरसम्म फैलिएको छ । कर्णाली प्रदेश भौगोलिक रूपमा विकट तथा दुर्गम क्षेत्रहरू धेरै रहेका छन् । यस प्रदेशको पूर्वतर्फ गण्डकी र लुम्बिनी प्रदेश, पश्चिममा सुदूरपश्चिम प्रदेश, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा लुम्बिनी र सुदूरपश्चिम प्रदेश रहेका छन् । वि.सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार यो प्रदेशको जनसङ्ख्या १६,८८,४१२ रहेको छ र यो प्रदेशले देशको कूल भूभागको १९ प्रतिशत भूगोल ओगटेको छ ।

कर्णाली प्रदेशको भूबनावट मुख्य हिमाल, मध्यपहाड, महाभारत लेक, चुरे पर्वत र उपत्यका आदि मिलेर बनेको छ । यस प्रदेशको सबैभन्दा अग्लो भूभाग चुरेन हिमाल (७,३४८ मिटर) हो । चङ्खेली हिमाल यहाँको अर्को प्रख्यात हिमाल हो । मुगु जिल्ला र हुम्ला जिल्लामा पर्ने यो हिमाल नेपालको एक रुपियाँको नोटमा समेत अङ्कित भएको हिमाल हो । करिब चार हजार दुई सय मिटर उचाइ रहेको छ ।

अर्को प्रख्यात हिमाल चाङ्गला हिमाल हो । हुम्ला जिल्लामा पर्ने यो हिमाल नेपाल र चीनको सीमानामा पर्छ । यसको उचाइ ६७२१ मिटर रहको छ ।

यो प्रदेशमा हुम्ला कर्णाली, मुगु कर्णाली, ठुली भेरी, सानी भेरी, तिला, हिमा आदि नदीहरू बगेका छन् । तालतलैयामा कर्णाली प्रदेश अत्यन्तै धनी मानिन्छ । रारा ताल, शे-फोक्सुन्डो ताल, कुभिन्डे दह यस प्रदेशका मुख्य तालहरू हुन्, जुन पर्यटकीय र ट्रेकिङका लागि अति प्रख्यात छन् ।

सामाजिक, सांस्कृतिक र भाषिक विविधता कर्णालीको सम्पत्ति हो । यस प्रदेशमा ब्राह्मण, क्षत्री, ठकुरी, मगर, थारु, राउटे, राजी, वादी, गुरुङ आदि जातिहरूको बाहुल्यता रहेको छ । यस प्रदेशमा ७५ प्रतिशतभन्दा बढी जनसङ्ख्या कृषिमा आधारित छ भने विश्व प्रसिद्ध मार्सी धान, कोदो फापर, चिनो, उवा, यहाँका प्रमुख उत्पादन हुन् । विभिन्न जडीबुटी र यार्सागुम्बा पाइने महत्त्वपूर्ण क्षेत्र हो कर्णाली प्रदेश ।

भाषा, साहित्य, सांस्कृतिक एवम् प्राकृतिक हिसाबले निकै धनी भएर पनि गरिबीको उपमा पाएको कर्णाली प्रदेश पर्यटकीय हिसाबले निकै आशालाग्दो स्थान हो । पर्यटकीय क्षेत्रका लागि उर्बर खानीको रूपमा छ कर्णाली प्रदेश तर यसको उचित प्रयोग हुन नसक्दा त्यसको लाभ कर्णाली प्रदेशले मात्र नभएर नेपालले नै लिन सकेको छैन ।

नेपाली भाषामा लेखिएको पहिलो अभिलेख दामुपालको अभिलेख (दैलेखको दुल्लुमा अवस्थित), नेपाली भाषाको उद्‌गमस्थल सिँजा, रमणीय रारा ताल, शे-फोक्सुन्डो ताल विश्वकै सबैभन्दा उच्च स्थानमा फल्ने मार्सी धान फल्ने क्षेत्रलगायत विश्वकै सबैभन्दा उच्च स्थानमा रहेको मानव बस्ती "छ्यो" पनि यसै प्रदेशभित्रको भूभाग हो ।

नेपाली भाषामा लेखिएको अभिलेख भएको क्षेत्रबाहेक यो प्रदेशको दैलेख जिल्लामा श्रीस्थान, नाभीस्थान, धुलेश्वर, पादुका, कोटीलाजस्ता पञ्च तीर्थस्थलसमेत रहेका छन् । श्रीस्थान र नाभीस्थानमा रहेको कहिले ननिभ्ने ज्वाला दैलेखको अर्को जीवन्त परिचय हो । त्यसैले नेपालको दैलेख जिल्लालाई ज्वालामुखीको क्षेत्र र ग्याँसको अमूल्य भण्डार भएको क्षेत्रको रूपमा चिनिन्छ ।

रारताल (मुगु) आन्तरिक लगायत वैदेशिक पर्यटकहरूको प्रमुख रोजाइ हो । ५ कि.मी. लम्बाइ, ३ कि.मी. चौडाइ र १६७ मिटर गहिराइ भएको यो तालको परिक्रमा गर्न मात्रै पनि कम्तीमा पाँच घण्टा लाग्ने गर्छ । रारातालको प्रमुख विशेषता भनेको यहाँको पानीको रङ छिनछिनमा परिवर्तन भइरहनु हो, नेपालमा कहीँ कतै नपाइने स्नो ट्राउट प्रजातिको माछा यहाँ पाइन्छ ।

हिन्दूहरूको प्रसिद्ध तीर्थस्थल मानसरोवर जाने प्रमुख स्थान हो हुम्ला ।

**ख. अहिलेको चर्चित शब्दको भावार्थ**

कर्णाली हाम्रो भाषा हो, संस्कृति हो, सभ्यता हो । अझै हामी नेपालीहरूको लागि त कर्णाली भाषिकाको मूल उद्‌गम बिन्दु हो । अहिलेसम्म कर्णाली उपेक्षामा परेको छ । तर अब कर्णालीको उपेक्षा बिस्तारै हट्दै जाने नै छ ।

यहाँको "रारा ताल" विश्व पर्यटनको केन्द्र बन्दैछ । "शे-फोक्सुन्डो" विश्वले चिन्दैछ । "पाचाल झरना" अविरल झर्दैछ । "चङ्खेली हिमाल", "सिँजाको सभ्यता" र "कर्णालीको भाषा" अब लोकभाका र डेउडाका लागि मात्रै नभएर नेपाली सभ्यताको अध्ययनको केन्द्र बन्ने छ, बनाउनुपर्ने छ ।

हालै चुनावी दौडानको क्रममा मौनतामा अघि बढ्दै गरेका बालेन्द्र साहले कर्णाली प्रदेशमा पुगेर एउटा वाक्य पोस्ट गरे- "करनालीका सुईना अब हाम्मा सुईना" । त्यो वाक्य केवल वाक्य रहेन । त्यसले समेत एउटा तरङ्ग ल्यायो । हजारौँ लाइक र कमेन्ट भएको भ्युजहरू आए । सामाजिक सन्जालभरि हलचल ल्यायो ।

के हो त बालेनले व्यक्त गरेको पोस्ट "कर्णालीका सुईना अब हाम्मा सुईना"को भावार्थ । कर्णालीको भाषामा "सुईना" भन्ने शब्दले "आफ्नो मान्छे" र "हाम्मा" भन्ने शब्दले "हाम्रो मान्छे/आफ्नो मान्छे" भन्ने जनाएपछि "कर्णालीका

सुईना अब हाम्मा सुईना”को भावार्थ “कर्णालीका आफ्ना मान्छेहरू अब हाम्रो मान्छे” भन्ने अर्थ जनाएको छ ।

भलै शब्द र भाषाको बोल्ने लवज र प्रकट गर्ने शैली फरक होस् तर अपभ्रंश भएको भाषा भए पनि जति टाढाको भए पनि कर्णाली टाढाको रहँदैन । हामी सबै नेपालीको हो भन्ने अर्थ उजागर गर्छ नै ।

## ३. आफ्नै बारेमा

माथि उल्लिखित यी यिनै वाक्यहरू थिए जुन वाक्यले सामाजिक सञ्जालमा अहिले हलचल आएको छ । हलचल आउनका कारण नेपालको सबैभन्दा सुदूर पूर्वमा उमेद्वार भएका बालेन्द्र साहको एउटा फेसबुकमा पोस्ट भएको क्याप्सनले सुदूरपश्चिममा मात्रै नभएर सम्पूर्ण नेपालभरिमा र नेपालभरिमा मात्रै नभएर नेपालीहरू रहेको सम्पूर्ण विश्व भूगोलमा चर्चा भएको शब्दलाई समेटेर आआफ्नो सन्जालमा पस्किरहेका छन् भने सुदूरपश्चिमकै बासिन्दा भएको नाताले यस विषयमा मैले पनि केही लेख्नपर्छ कि भन्ने लागेर यति लेख्ने प्रयास गरेको छु ।

म अहिले सुदूरपश्चिमको बासिन्दा । पुर्ख्यौलीथलो लुम्बिनी अञ्चलको अर्घाखाँची जिल्ला । अर्घाखाँचीको खिदिम मेरो पुर्खाहरूको थातथलो भए पनि मेरो पिताजीहरू बसाइँसराइको क्रममा बर्दियाको राजापुर क्षेत्रमा सरेपछि मेरो जन्म हालको राजापुर नगरपालिकामा र हुर्काइ कैलाली जिल्लाको टीकापुर क्षेत्रमा भएको हो । जुन अहिले सुदूरपश्चिम प्रदेशको पूर्वमा अवस्थित तराई क्षेत्रको प्रमुख स्थान हो ।

म हालको सुदूरपश्चिम प्रदेशको कैलालीमा बस्ने मान्छे भए पनि वि.सं. २०७२ भन्दा अगाडि डोटी जिल्लाको दिपायलसम्म बाहेक अन्य क्षेत्रमा जाने अवसर मिलेको थिएन ।

२०७२-२०७५ सम्मको सुदूरपश्चिमको बाँकी सबै ८ जिल्लाको अधिकांश भूभागमा जाने र घुम्ने अवसर मिलेको थियो । त्यहाँको अशिक्षा र गरिबीको कारण अधिकांश सुदूरपश्चिमेलीहरू भारतको गुजरात, मुम्बईमा रोजगारीको लागि जाने गर्थे । सुदूरपश्चिममा भोक थियो, रोग थियो, अशिक्षा थियो, सुदूरपश्चिमेली सोझा थिए, निमुखा थिए तर सुदूरपश्चिम देशको अन्य क्षेत्रभन्दा निकै सुन्दर थियो र अहिले सुदूरपश्चिमको सुन्दरता भने यथावत् नै छ भने रोग, अशिक्षा, भोकमरी भने बिस्तारै हट्दै जान थालेको हो कि भन्ने अवस्था देखिन थालेको छ ।

२०७२-७५ सम्म पटकपटक सुदूरपश्चिम भ्रमणको क्रममा ९ वटै जिल्लाका नागरिक, भाषा र अवस्थालाई मध्यनजर गरी जानी नजानी त्यहाँकै रैथाने भाषा र लवजमा अलिअलि मिल्ने गरी दुई चार लाइन गरेर केही हरफहरू कोरेर राख्ने

गरेको छु र मैले पनि त्यहीँको स्थानीय भाषामा केही कविता र गीतहरू बनाएको छु । पुर्ख्यौली थातथलो लुम्बिनीतिरको भए पनि पश्चिम नेपालका केही भाषा बुझ्ने मात्रै र केही भाषा अलिअलि बोल्न पनि सक्छु ।

**र अन्त्यमा**

यसरी भन्नै नसकिने र लेख्नै नसकिने विशेषताले भरिएको प्रदेश हो सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश । यही प्रमुख विशेषता र उपादेयतालाई चिन्ने प्रयास गरेर या बुझ्न प्रयास गरेर नै हुन सक्छ २०८२ मा हुन गइरहेको निर्वाचनको सङ्घारमा हालको सबैभन्दा चर्चित उमेद्वारबाट यस क्षेत्रको पहिचानलाई भाषाको माध्यमबाट उजागर गरेर साङ्केतिक रूपमा नेपाललाई र नेपालको सबैभन्दा सुदूरमा रहेका, विकासको दृष्टिकोणले पछाडि परेका वा पारिएका स्थानलाई अब यी प्रदेशहरू अगाडि आउनुपर्छ भनेर जुरुक्क उचालेर जुर्मराउन खोजेको अर्थमा लिन सकिन्छ यी वाक्यहरूलाई ।

भलै ! बालेन्द्र साहले चुनाव जितून् या हारुन् ? त्यो झापाली ५ नम्बर क्षेत्रका मतदाताहरूको विषय हो तर नेपालको सबैभन्दा सुदूर पूर्वको उमेद्वारले नेपालको सबैभन्दा विकट मानिएका सुदूरपश्चिम र कर्णाली प्रदेशको विषयमा स्वयम् यसै क्षेत्रका बासिन्दाहरूले भुलिसकेका वा भुल्न खोजिरहेका शब्द र वाक्यहरूलाई सामाजिक सञ्जालमा पोस्ट गरेर यी भावनाहरू अब यस क्षेत्रका मात्र हैनन् सारा नेपालीका गहना हुन्, सम्पत्ति हुन् भन्ने भावार्थ प्रकट गरिदिएका छन् ।

हामी नेपालीहरूको खस भाषाको उत्पत्तिस्थल कर्णाली प्रदेश र सुदूरपश्चिमको वेशभूषा, भाषा, कला, संस्कृति र भूगोललाई उपेक्षा गर्ने होइन, अब संरक्षण र संवर्द्धन गर्नु नै यस क्षेत्रका बासिन्दाहरूको मात्र नभएर नेपाललाई शासन गर्न खोज्नेहरूको समेत दायित्व हो भन्ने मानसिकतामा अबका सम्पूर्ण राजनीतिज्ञहरू रहून् भन्ने समेत यो एउटा मौन सन्देशसमेत हो । अस्तु ।

■

**कार्यरत : नेपाल विद्युत् प्राधिकरण**
**मझौला उत्पादन सञ्चालन तथा सम्भार विभाग**
**रत्नपार्क, काठमाडौँ**



# मेरो एक भोट लिलामीमा छ

मनोरञ्जन मल्ल ठकुरी

तिमीसँग एआईले जलाएर बाँकी भएको नोट छ
मसँग तिमीलाई चाहिने भोट छ
तिमी र म एक अर्कासँग गठबन्धन गरौँ
तिमीलाई यो चुनाव जित्न
जसरी पनि भोट झार्नु छ
मलाई घर खर्च चलाउन,
अनि लालाबालाको भोक मार्नु छ।
त्यसैले स्वाभिमान बन्धकी राखेरै प्रस्ताव गरेको छु
मेरो एक भोट लिलामीमा छ।
मलाई पार्टीको सिद्धान्तको मतलब छैन
आफ्नो नैतिकता रहोस् या टिकोस् मतलब छैन
भोलि सत्तामा पुगेपछि
तिमीले देशै बेच्न पछि पर्दैनौ भने
मैले तिमीलाई किन सित्तैमा भोट दिने ?
भोट बेच्नु मेरो बाध्यता हो तर
राष्ट्रियता बेच्नु तिम्रो बहाना हो।
त्यसैले आदर्शको कुरा तिमी पनि नगर
म पनि गर्दिनँ
राम्रै मुल्य आए म भोट बेच्न पछि पर्दिनँ।
सित्तैमा भोट दिएर तिमीहरूका
हावा र मनगढन्ते कुरा कति सुन्नु
दिक्क लागेर कान मात्र कति सुन्नु ?
डाँडामा ल्यापटप चलाएर
महिनाको तीन लाख कहिले कमाउनु
पैसै नभएपछि चलेको रेल पनि कसरी चढ्नु

परोपकारी बन्न त पक्कै टिकट पाएनौ
बुद्ध बन्छु भनेर पक्कै मैदानमा आएनौ
सत्तामा पुगेर तिमीलाई चुनावको खर्च उठाउनु छ
मलाई पेट पाल्नलाई खर्च जुटाउनु छ।
तिमीलाई भोट चाहिएको अनि मलाई नोट
क्या सुनौलो मौका छ
ल छिटो खरिदविक्रीको गठबन्धन गरिहालौँ।
राम्रै मूल्य पाएँ भने
तिम्रो झन्डा पनि बोकौँला
जे जे बोले पनि परर ताली ठोकौँला
विश्वास नलागे खाली कागजमा सही केरौँला
म जस्तै अरूलाई पनि लेराउला।
त्यसैले चुनाव आउँदै छ
खुरुक्क म जस्तो मान्छे बेलैमा चिनिहाल
लिलामीमा भएको मेरो भोट पैसो तिरेर किनिहाल।
त्यसपछि तिमी आफ्नो आटो म आफ्नो बाटो
पाँच वर्ष वास्तै नगर्नु, जेसुकै होस यो देशको माटो।

हो यस्तै भनेर भन्न अनि गर्न मन भए पनि
यत्रो वर्ष दुखै दुःख सहे पनि
मतदाता सच्चिने बेला आएको छ
देश विकासमा मच्चिने बेला आएको छ।
किनकि
हामीले यो मौकामा सही व्यक्तिलाई
भोट नहाले
गलत ब्यक्तिलाई फेरि पनि पाल्नुपर्छ
सबै मिलेर यो पटक
सही सही मान्छेलाई जिताएर
गलतहरूलाई फाल्नुपर्छ
त्यसैले सोचेर सम्झेर भोट हालौँ
कर्तव्य सम्झेर मतदान गरौँ। ■

**कार्यरत : ईन्जिनियरिङ सेवा निर्देशनालय**



# भाषाको मानकीकरण र आधुनिकीकरणको सङ्क्षिप्त अवधारणा

अतृप्ताचार्य

### १. पृष्ठभूमि

मानिसले आफ्नो अनुभूति, अनुभव, विचार, भावना, संवेग र ज्ञानलाई पुस्तान्तरण र हस्तान्तरण गर्ने प्रमुख माध्यम नै भाषा हो । यसलाई मानव सभ्यता विकासको प्रमुख आधारशीला मानिन्छ । गतिशीलता भाषाको प्रमुख विशेषता हो । यो समाजसँगै जन्मिन्छ, हुर्किन्छ र समयानुकूल परिवर्तन हुँदै जान्छ । यही परिवर्तनशीलतालाई आत्मसात गर्दै भाषालाई व्यवस्थित, प्रभावकारी, सम्प्रेष्य र समसामयिक बनाउने प्रक्रिया नै भाषाको मानकीकरण र आधुनिकीकरण हो ।

नेपालजस्तो बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मुलुकमा विभिन्न भूगोलमा बसोबास गर्दै आएका र बहुल संस्कृति अवलम्बनमा अभ्यस्त रहेका प्रयोक्ताहरूको भाषिक व्यवहारमा एकरूपता कायम गर्न तथा भाषाको प्रयोग क्षेत्र विस्तारका साथै कार्यक्षमता अभिवृद्धि गर्न समेतका लागि मानकीकरण र आधुनिकीकरणको विशेष महत्त्व रहेको छ । तसर्थ यो आलेख यिनै विषयहरूको सेरोफेरोमा वर्तुलित हुँदै अघि बढ्नेछ ।

### २. भाषाको मानकीकरणको अवधारणा र यसको महत्त्व

भाषाको मानकीकरण भाषा योजनाको एउटा पक्ष हो । भाषाको लेख्यीकरणपश्चात् मानकीकरणको प्रक्रिया सुरु हुन्छ । भाषाको मानकीकरण भन्नाले कुनै निश्चित भाषाका विभिन्न रूप, उपबोली, स्थानीय, सामाजिक र वर्गीय भेदहरूको बीचबाट एउटा साझा, स्वीकार्य र औपचारिक रूप निर्धारण गरी त्यस भेदलाई औपचारिक रूपमा बिस्तारित र प्रतिष्ठित गर्ने कार्य हो । यो उक्त भाषामा उपलब्ध विविध विकल्पमध्ये एउटालाई छनोट गरी त्यसलाई व्याकरण, शब्दकोश, साहित्य, आमसन्चार आदि विविध क्षेत्रमा विकसित गर्ने प्रक्रिया हो । मानकीकरण सामान्यतया व्याकरण, हिज्जे, शब्दावली, उच्चारण र लेखनशैलीमा गरिन्छ ।

भाषाको मानक रूप त्यही हुन्छ, जसलाई राज्य, शैक्षिक संस्था, सञ्चार माध्यम र साहित्यिक वृत्तले औपचारिक रूपमा स्वीकार गर्छन् । मानकीकरणको उद्देश्य कुनै बोलीलाई दबाउनु होइन, बरु समान अर्थलाई प्रकट गर्न प्रयोग गरिने विविध शब्दमध्येबाट सहज, साझा र बहुस्वीकार्य भाषिक रूपको खोजी गरी त्यसलाई सन्चार सम्पर्कका क्रममा प्रयोगमा ल्याउनु हो । जस्तैः नेपाली भाषी वक्ताले स्थानानुसार अलग अलग रूपमा प्रयोग गर्ने 'रच','रैच', 'रेछ' 'रच' 'रेच' 'रहेछ' आदि भाषिक रूपमध्येबाट 'रहेछ' लाई स्तरीय रूपको मान्यता दिई व्यावहारिक प्रयोगमा सोही स्तरीय रूपको औपचारिक प्रयोग-प्रचलन गर्न वक्ताहरूलाई उत्प्रेरित गर्नु नै मानकीकरण हो ।

सर्वाधिक वक्ता सङ्ख्या, विस्तृत भूगोल, विस्तृत शब्द भण्डार, आफ्नै साहित्य र लिपि हुनुका साथै आमसन्चारमा छाएको, जनसम्पर्कमा व्यापक रूपमा प्रचलनमा आएको, ऐतिहासिक परम्परा बोकेको, मध्यमवर्गीय शिक्षितले प्रयोग गर्ने,राजधानीको आसपासमा बोलिने समृद्ध भाषाको मात्र मानकीकरण गर्ने गरिन्छ । अर्को शब्दमा रास्ट्रभाषाको भूमिकामा रहँदै आएको वा रहन सक्ने ल्याकत भएको भाषालाई स्तरीकरण उद्देश्यले मूलतः भाषाको मानकीकरण गरिएको हुन्छ ।

मानकीकरणको महत्त्व र आवश्यकतालाई निम्नलिखित बुँदाहरूका माध्यमबाट प्रस्ट पार्न सकिन्छ :

- शैक्षिक क्षेत्रमा मानक वा स्तरीय भाषा प्रयोग मार्फत गुणस्तरीय शिक्षा प्रदान गर्न ।
- पाठ्यपुस्तक, परीक्षा, अनुसन्धान सबैमा भाषिक एकरूपता आवश्यक हुने र एकरूपताको पूर्वशर्त नै मानकीकरण भएकाले ।
- प्रशासन र कानुनी क्षेत्रमा प्रयुक्त परिपत्र, प्रस्ताव, टिप्पणी, ऐन, कानुन, नियम, आदेश, फैसला आदिमा स्पष्ट र मानक भाषा प्रयोग हुँदा अर्थ निरूपणलाई सहज हुने भएकाले ।
- मानकीकरणले साहित्य र संस्कृतिसँग पाठकको पहुँच सहज बनाउने हुनाले ।
- मानकीकरण आधुनिकीकरणको सिँढीतर्फ उक्लने पहिलो खुट्किलो भएकाले ।
- यस प्रक्रियाले भाषालाई नियमबद्ध, एकरूप र व्यापक रूपमा प्रयोगयोग्य बनाउने भएकाले ।
- लेख्य परम्पराको विकास र स्थिरीकरणका लागि।
- यसले व्यक्ति र समुदायलाई सामाजिक एकताको सूत्रमा बाँध्ने कार्य गर्ने भएकाले ।

## ३. भाषाको मानकीकरण गर्ने प्रक्रिया

जुनसुकै भाषाको मानकीकरणका लागि पनि केही निश्चित प्रक्रियाहरू अपनाइएका हुन्छन् । यहाँ नेपाली भाषाको मानकीकरणका लागि मुख्य रूपमा

लिइएका आधारहरूको चर्चा गरिएको छ,जुन सबै भाषाको मानकीकरणको साझा मानक बन्न सक्ने देखिन्छ :

**क. छनोट**

नेपाली भाषाका धेरै क्षेत्रीय रूपहरू/भाषिकाहरू (जस्तैः पूर्वेली, माझाली, ओरपच्छिमा, मझपच्छिमा, परपच्छिमा आदि) भए तापनि गोरखा र आसपासका क्षेत्रमा प्रयोग हुने पूर्वेली भाषिकाको गोर्खाली भेदलाई मानक नेपाली भाषा मानिएको छ । मूलतः शक्ति, शिक्षा र राजनीतिको केन्द्रको रूपमा रहेको शक्तिशाली भेद भएकाले नै पूर्वेलीअन्तर्गतको गोर्खाली भेदलाई छनोट गरी नेपाली भाषाको मानकीकरण भएको देखिन्छ ।

**ख. कोडीकरण**

भाषाका नियमहरूलाई स्पष्ट रूपमा लिपिबद्ध गर्ने प्रक्रिया नै कोडीकरण हो । यसका लागि व्याकरण र शब्दकोश लेखनको कार्य सबैभन्दा महत्त्वपूर्ण हुन्छ । नेपाली भाषाको सन्दर्भमा हेर्दा हेमराज पण्डितको 'गोरखा भाषा चन्द्रिका व्याकरण' (१९६९) बृहत् व्याकरणका रूपमा प्रकाशित भएको पछिल्लो नेपाली व्याकरण हो । कुनै पनि शब्दको अर्थ र हिज्जे निश्चित गर्न शब्दकोशको प्रयोग गरिन्छ । यस प्रयोजनका लागि नेपाल प्रज्ञा-प्रतिष्ठानले शब्दकोश निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको देखिन्छ ।

**ग. संस्थागत विकास**

नेपाली भाषाको नियमन र मानकीकरणका लागि केही संस्थाहरूको भूमिका निर्णायक र महत्त्वपूर्ण देखिन्छ। तत्कालीन नेपाली भाषा प्रकाशिनी समितिले सुरुवाती समयमा पाठ्यपुस्तक र व्याकरणका नियमहरू तय गरेको थियो । त्यस्तै तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले 'नेपाली बृहत् शब्दकोश' मार्फत शब्दको हिज्जे र अर्थलाई मानक रूप दिएको पाइन्छ । त्रिभुवन विश्वविद्यालयले चाहिँ शिक्षा र शोधको माध्यम नेपाली व्याकरणलाई व्यवस्थित गरेको देखिन्छ ।

**घ. प्रयोग विस्तार**

मानक भाषालाई केवल दैनिक बोलचालमा मात्र सीमित नराखी विभिन्न क्षेत्रमा प्रयोग योग्य बनाइन्छ; जस्तैः सरकारी कामकाज र प्रशासन कानुनी दस्तावेजहरू, वैज्ञानिक र प्राज्ञिक लेखन साहित्यिक सिर्जना, रेडियो नेपाल, गोरखापत्र आदि सरकारी दस्तावेजहरूमा प्रयोग गरिनु नै प्रयोग बिस्तार हो ।

**ङ. स्वीकार**

प्रयोग बिस्तार गरेर मात्र भाषाको मानकीकरण हुँदैन । शिक्षित समाज र सरकारी निकायहरूले उक्त भाषालाई औपचारिक माध्यमको रूपमा सहज र स्वचालित ढङ्गले स्वीकार गरेको पनि हुनुपर्छ । जब विद्यालय, विश्वविद्यालय र

सञ्चारमाध्यमले एउटै व्याकरण र हिज्जे प्रयोग गर्न थाल्छन्, तब त्यो भाषाले 'मानक'को मान्यता पाउँछ ।

यसका अतिरिक्त स्वनामधन्य साहित्यकार तथा युगन्तकारी कृतिहरूको योगदानले पनि भाषाको मानकीकरणमा अहम भूमिका खेल्न सक्छ । जस्तैः भानुभक्त आचार्यले 'रामायण' मार्फत छरिएर रहेका भाषिकालाई एउटै ढाँचामा ल्याई भाषिक एकता कायम गरे भने मोतीराम भट्टले छापाखानाको प्रयोग र उच्च मूल्ययुक्त विभिन्न साहित्यिक कृति लेखनमार्फत नेपाली व्याकरणमा एकरूपता ल्याउन सुरु गरेको दृष्टान्त पाइन्छ ।

गोरखा भारत जीवन, माधवीलगायत विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन तथा हलन्त बहिष्कार आन्दोलन, झर्रोवादी आन्दोलन जस्ता विविध भाषिक आन्दोलन र अभियानहरूले समेत नेपाली भाषाको मानकीकरणमा पर्याप्त योगदान गरेको देखिन्छ ।

## ४. भाषाको आधुनिकीकरणको अवधारणा र यसको महत्त्व

भाषाको आधुनिकीकरण भन्नाले समाजका मानिसहरूको विचार, झुकाव, भावना, जीवनशैली आदिमा आएको परिवर्तनका आधारमा भाषालाई समयानुकूल नयाँ नयाँ क्षेत्र (ज्ञान, विज्ञान, प्रविधि, प्रशासन, अर्थतन्त्र र सामाजिक परिवर्तन आदि) मा सहजै प्रयोग हुन सक्षम तुल्याउने प्रक्रिया भन्ने बुझिन्छ । अर्को शब्दमा आधुनिकीकरणले भाषालाई नयाँ नयाँ प्रयोग क्षेत्रमा प्रयोग हुने सामर्थ्यको विकास गर्दछ । आधुनिकीकरणबिना भाषा समयसँगै अनुकूलित हुन सक्तैन ।

आधुनिक समाजमा कम्प्युटर, इन्टरनेट, कृत्रिम बुद्धिमत्ता, विज्ञान प्रविधि, अन्तरिक्ष विज्ञान जस्ता विषयहरू छन्, जसलाई व्यक्त गर्न परम्परागत शब्दावली मात्र पर्याप्त हुँदैन । त्यसैले नयाँ शब्द निर्माण, आयातीत शब्दको प्रयोग,अनुवाद र प्राविधिक तथा पारिभाषिक शब्दको विकास आधुनिकीकरणका प्रमुख उपायहरू हुन् । यी विविध उपाय अवलम्बन गर्दै समाजका विविधता एवम जटिलता समेतलाई सम्बोधन गर्ने गरी भाषालाई समृद्ध वा सक्षम बनाउने अभिभावकीय दायित्व राज्यको हो । यो कार्यभार पूरा गर्न सुविचारित ढङ्गले भाषा नीति र योजनाको तर्जुमा गर्ने र समाजकै भाषिक स्तर र आवश्यकता अनुरुप प्रतिफलमुखी ढङ्गले कार्यान्वयन गराउने तर्फ राज्यले सावधानी अपनाउनुपर्छ ।

भाषाको आधुनिकीकरणको महत्त्वलाई देहाय अनुसार प्रस्तुत गर्न सकिन्छः

- प्रविधि, सञ्चार, डिजिटल प्लेटफर्म, सफ्टवेयर, मोबाइल एप र सामाजिक सञ्जाल आदिमा सहज रूपमा आफ्नो भाषाको प्रयोग गर्ने दक्षता बढाउन ।
- समाजमा भाषा सम्प्रेषणका क्रममा आउने समस्याहरू हटाउन ।

- वैज्ञानिक र प्राविधिक अभिव्यक्तिलाई प्रभावशाली तुल्याउन ।
- विश्वव्यापी ज्ञानसँग आफूलाई आबद्ध गर्न
- भाषालाई समयानुकूल बोधो र भुत्ते हुनबाट जोगाउन ।
- नयाँ पुस्ताले आफ्नो भाषामा अभिव्यक्ति सामर्थ्य फेला नपारेमा प्रयोक्तामा आफ्नो भाषाप्रतिको बफादारितामा कमी आउँछ । फलस्वरूप सन्निकटमा प्रयोग हुने शक्तिशाली भाषातर्फ झुकाव बढ्न गई भाषान्तरण र भाषिक मृत्यु सम्मको कहाली लाग्दो स्थिति आउन पनि सक्छ । तसर्थ भाषाको अस्तित्व जगेर्नाका लागि आधुनिकीकरणको महत्त्व ज्यादा छ ।

## ५. भाषाको आधुनिकीकरण गर्ने प्रक्रिया

भाषाको आधुनिकीकरण भनेको यसलाई पुरानो शैलीबाट मुक्त गर्दै समसामयिक आवश्यकता, विज्ञान, प्रविधि र विश्वव्यापी सञ्चार अनुकूल बनाउने प्रक्रिया हो । यसका केही मूलभूत प्रक्रियाहरू देहाए बमोजिम रहेका छन् :

### क. नयाँ शब्दावलीको निर्माण

आधुनिकीकरणको सबैभन्दा ठूलो चुनौती नयाँ अवधारणालाई आफ्नै भाषामा व्यक्त गर्नु हो ।यसका लागि विशाल प्राविधिक शब्द भण्डारको दरकार पर्छ । शब्दभण्डारको विकासका लागि निम्न उपाय अपनाइनु वेश हुन्छः

- देशभित्र जनसाधारणमा प्रचलित विविध स्रोतका भाषाका शब्दहरूलाई पहिलो प्राथमिकता दिने ।
- विदेशी भाषाबाट शब्दहरू लिनै परेमा आफ्नो उच्चारण र हिज्जेमा ढाल्न सकिने वा नेपाली जनजिब्रोमा रुझे-भिजेका शब्दहरू नै लिने । जस्तैः Computer लाई 'कम्प्युटर', Mobile लाई 'मोबाइल' आदि ।
- विज्ञान, कानुन, प्रविधि चिकित्सा आदि क्षेत्रका लागि सटिक शब्दहरूको सङ्कलन सहित प्राविधिक तथा पारिभाषिक शब्दकोष निर्माण गर्ने ।

### ख. प्रविधिको प्रयोग र डिजिटलीकरण

भाषालाई आधुनिक बनाउन प्रविधिसँग जोड्नु अनिवार्य छ; यसका लागि निम्न कार्य गर्नु मनासिब हुने देखिन्छः

- पहिलेका 'प्रीति' वा 'कान्तिपुर' जस्ता फन्टहरूबाट मुक्त भई विश्वव्यापी रूपमा चल्ने युनिकोडको प्रयोग गर्ने ।
- स्पेलिङ चेकर , नेपाली शब्दकोश एपहरू र गुगल ट्रान्सलेट जस्ता औजारहरूको प्रयोग गर्ने ।
- एआईले नेपाली भाषा बुझ्ने र लेख्ने क्षमता विकास गर्न सघाउन थालेकोले उक्त प्रविधिको सावधानीपूर्वक उपयोग गर्ने ।

**ग. वाक्य गठनमा सरलता**

पुरानो नेपाली लेखनमा लामा-लामा र जटिल वाक्यहरू लेख्ने चलन थियो। तर आज समयमा धेरै परिवर्तन आएको छ। आज छोटा र स्पष्ट वाक्यहरूलाई प्राथमिकता दिइन थालेको छ। बोलीचालीको भाषा र लेख्य भाषाबीचको दूरी कम गर्ने प्रयास हुन थालेको छ। 'तस्मात्', 'यद्यपि', 'तथापि' जस्ता बोझिला शब्दहरूको प्रयोग कम हुन थालेको छ। तसर्थ पछिल्ला प्रवृत्तिहरूलाई आत्मसात गरेर भाषाको आधुनिकीकरणमा टेवा पुऱ्याउन सकिन्छ।

**घ. मानक वर्णविन्यासको स्थिरता**

पटक-पटकको नियम परिवर्तनले प्रयोगकर्तामा अन्योल सिर्जना गर्छ। त्यसैले, एउटै स्थिर नियम पालना गर्नु आधुनिकीकरणको एउटा पाटो हो ताकि अन्तर्राष्ट्रिय स्तरमा नेपाली भाषाको एउटै मानक स्वरूपमा देखियोस्।

**८. निष्कर्ष**

भाषाको मानकीकरण र आधुनिकीकरण कुनै भाषालाई जीवित, सक्षम र सम्मानित बनाउने आधार हुन्। यी प्रक्रियाबिना भाषा केवल भावनात्मक सम्पदा मात्र रहन्छ, व्यावहारिक साधन बन्न सक्दैन। नेपाली भाषाको दीर्घकालीन विकास, राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय पहिचानका लागि मानकीकरण र आधुनिकीकरणलाई सन्तुलित र समावेशी ढङ्गले अघि बढाउन आवश्यक छ। समयको माग बुझेर भाषा सुधार गर्न सकियो भने भाषा स्वयं भविष्यको सशक्त आधार बन्न सक्छ। आजको विश्व भूमण्डलीकरण, प्रविधि, विज्ञान र तीव्र सामाजिक परिवर्तनको युगमा भाषाको मानकीकरण र आधुनिकीकरण झन् बढी आवश्यक र अपरिहार्य बनेको छ।

**सन्दर्भग्रन्थसूची :**

अधिकारी, हेमाङ्गराज ( २०५६), 'सामाजिक तथा प्रायोगिक भाषाविज्ञान', काठमाडौँ, रत्नपुस्तक भण्डार

थापा, दीन बहादुर ( २०७१), 'सामाजिक तथा मनोभाषाविज्ञान', काठमाडौँ, काष्ठमण्डप पुस्तक घर।

पौडेल, नेत्रप्रसाद (२०६४), 'सामान्य तथा प्रायोगिक भाषाविज्ञान', ( छैटौँ संस्करण), पैरवी प्रकाशन

विभिन्न कार्यपत्र एवम जर्नलहरू।

■

**विदुर-५, नुवाकोट**

# नेपाल विद्युत प्राधिकरणको मानव संसाधन व्यवस्थापनमा रहेका समस्याहरू



भरत के.सी

मानव संसाधन व्यवस्थापनः सङ्गठनको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने उपयुक्त जनशक्तिको प्राप्ति, विकास, उपयोग, सम्भारलगायत विविध पक्षसँग सरोकार राख्ने व्यवस्थापकीय अवधारणा मानव संसाधन व्यवस्थापन हो । परम्परागत कर्मचारी प्रशासनको जगमा मानव संसाधन व्यवस्थापनको अवधारणा सुरु भएको हो । मानव संसाधन व्यवस्थापनले सङ्गठनमा कार्यरत कर्मचारीलाई सङ्गठनको महत्त्वपूर्ण सम्पत्तिको रुपमा स्वीकार गर्दछ। परम्परागत कर्मचारी प्रशासनको अवधारणा, व्यवस्थापनका मानव सम्वन्ध तथा व्यवहारवादी सिद्धान्तहरूले मानव संसाधन व्यवस्थापनको अवधारणा विकासका लागि आधार प्रदान गरेको देखिन्छ । सङ्गठनको मुटुको रूपमा रहने सङ्गठनको एकमात्र जीवित साधन मानव संसाधनले सङ्गठनका अन्य साधनको समेत परिचालन गर्ने भएकाले सङ्गठनमा मानव संसाधनको सर्वाधिक महत्त्व रहेको हुन्छ ।

मानव संसाधन व्यवस्थापनका प्रमुख पक्ष/तत्त्व/आयामहरू देहायबमोजिम रहेका छन् :

- **मानव संसाधनको प्राप्ति** : सङ्गठनको उद्देश्य प्राप्तिका लागि योग्य जनशक्ति सङ्गठनमा भित्र्याउनका लागि योजना तयार पार्ने, भर्ना कार्यक्रम चलाउने, उपयुक्त कर्मचारी छनौट गर्ने लगायतका काम मानव संसाधनको प्राप्तिअन्तर्गत पर्छन् ।
- **मानव संसाधनको विकास** : यसअन्तर्गत सङ्गठनमा भित्रिएका जनशक्तिको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रम चलाउने, उच्च अध्ययनको अवसर दिने र व्यवस्थापन विकासका विभिन्न कार्यक्रम चलाउने लगायतका कार्यहरू पर्दछन् ।
- **मानव संसाधनको उपयोग** (Utilization) : मानव संसाधनको उपयोगअन्तर्गत सङ्गठनको उद्देश्य प्राप्तिका लागि उपयुक्त कर्मचारीलाई उपयुक्त जिम्मेवारी दिई कर्मचारीहरूको भरपुर उपयोग गर्ने विभिन्न क्रियाकलापहरू पर्दछन् ।

- **मानव संसाधनको अनुरक्षण वा सम्भार :** मानव संसाधनको अनुरक्षणअन्तर्गत सङ्गठनमा कर्मचारीलाई टिकाई राख्नका लागि अवलम्बन गरिने विभिन्न उपायहरू पर्दछन् । यसअन्तर्गत कर्मचारीलाई दिइने विभिन्न मौद्रिक र गैरमौद्रिक सेवा सुविधा, उपयुक्त कार्य वातावरण, उत्प्रेरणा, मानवीय मूल्य मान्यताको कदर लगायतका विषयहरू पर्दछन् ।

नेपाल विद्युत् प्राधिकरणको सन्दर्भमा मानव संसाधन व्यवस्थापनमा रहेका प्रमुख समस्याहरू देहायबमोजिम रहेका छन् :

**मानव संसाधनको प्राप्तिमा रहेका समस्याहरू**

- नेपाल विद्युत् प्राधिकरणले नकारात्मक भर्ना प्रणालीको अवलम्बन गरेको छ जसका कारणले विद्युत प्राधिकरणमा वजारमा रहेका सर्वोत्कृष्ट जनशक्ति भित्रिएका छन् भनि विश्वास गर्न सकिने अवस्था छैन ।
- विद्युत् प्राधिकरणमा कर्मचारी छनौटका लागि लोकसेवा आयोगले लिने छनौट परीक्षा परम्परागत छ, काम उन्मुख भन्दा सिद्धान्त उन्मुख छ ।
- कर्मचारी छनौटका मापदण्ड पूर्ण रूपमा वस्तुगत र वैज्ञानिक समेत छैनन् ।
- विज्ञापन प्रकाशन देखी छनौट प्रकृया सम्पन्न हुन लाग्ने समायावधि अत्यन्तै लामो रहेको छ जसले गर्दा संस्थाले समयमै कर्मचारी नपाउने तथा प्रतिस्पर्धीले लामो समय नतिजा कुरेर बस्नुपर्ने अवस्था छ ।

**मानव संसाधनको विकासमा रहेका समस्याहरू**

- मानव संसाधनको विकासका लागि तालिमका अवसरहरू पर्याप्त छैनन् । सीमित तालिमका कार्यक्रमहरू समेत सम्पूर्ण कर्मचारीको पहुँचमा रहेको देखिँदैन ।
- विद्युत प्राधिकरणका कर्मचारीहरूको क्षमता विकासका लागि स्थापना गरिएको तालिम प्रदायक संस्थाको संस्थागत क्षमता अपेक्षित रूपमा विकास भएको छैन ।
- मानव संसाधनको विकासका लागि विद्युत प्राधिकरणले विनियोजन गर्ने वजेट अत्यन्त कम रहेको छ । विनियोजन गरेको रकमलाई जनशक्ति विकासका लागि गरेको लगानीको रूपमा बुझ्ने भन्दा पनि खर्चको रूपमा वुझ्ने परिपाटी विद्यमान छ ।
- व्यवस्थापन विकासका कार्यक्रम समेत प्रभावकारी छैनन् ।
- कर्मचारीहरूको क्षमता विकासका लागि उच्च अध्ययनको व्यवस्था समेत सीमित छन् ।
- मानव संसाधन विकास योजनासमेत वनेको देखिँदैन ।

**मानव संसाधनको उपयोगमा रहेका समस्याहरू**

- उपयुक्त स्थानमा, उपयुक्त व्यक्तिलाई उपयुक्त समयमा जिम्मेवारी दिने

व्यवस्था पछिल्लो समयमा शुरुवात भएपनि उक्त व्यवस्था पूर्ण रूपमा लागु हुन सकेको देखिँदैन ।

- विद्युत प्राधिकरणमा मानव संसाधनको प्रभावकारी उपयोग गर्नका लागि मानव संसाधन उपयोग योजना वनाउनुपर्नेमा उक्त योजना वनाईएको छैन ।
- व्यक्तिको क्षमता हेरेर जिम्मेवारी दिने व्यवस्था पछिल्लो समयमा कार्यान्वयन भएको देखिन्छ ।तरपनि भनसुन, दवाव र प्रभावले समेत जिम्मेवारी दिने सवालमा प्रभाव पारेको कुरालाई नजरअन्दाज गर्न भने मिल्दैन ।
- सङ्गठनमा कार्यरत जनशक्तिको प्रभावकारी उपयोग गर्नका लागि व्यवस्थापकहरूको चासो, चिन्तन र क्षमता देख्न सकिन्छ ।यद्यपि उक्त चासो, चिन्तन र क्षमता अनुशार कार्य गर्नका लागि विभिन्न आन्तरिक र बाह्य वातावरणले अवरोध सिर्जना गरिरहेका छन् । (कर्मचारी खटनपटनमा ट्रेड युनियन र तालुक मन्त्रालयको अनावश्यक चासो)
- सरुवाको प्रणाली पुर्वानुमानयोग्य र वैज्ञानिक नहुँदा मानव संसाधनको उपयोगमा समस्या रहेको छ ।

**मानव संसाधनको सम्भारमा रहेका समस्याहरू**

- विद्युत प्राधिकरणमा कार्यरत उम्दा जनशक्तिलाई सङ्गठनमा टिकाइराख्नका लागि सङ्गठनले उचित कार्यवातावरण निर्माण गर्नेतर्फ पर्याप्त ध्यान दिन सकेको देखिँदैन ।
- कार्यरत जनशक्तिलाई सङ्गठनमा टिकाइराख्नका लागि दिनुपर्ने मौद्रिक र गैरमौद्रिक सेवा सुविधा समेत प्रयाप्त छैनन् । सेवा, सुविधा र अवसरमा समेत एकरुपता देखिदैन ।
- कर्मचारीहरूको उत्प्रेरणा र मनोवल समेत कमजोर रहेको देखिन्छ ।
- पूर्वानुमानयोग्य तथा वैज्ञानिक वृत्ति विकास पद्धतिको अवलम्बन गर्न सकिएको छैन जसले गर्दा मानव संसाधनको सम्भारमा समस्या देखिएको छ ।

माथि उल्लिखित विभिन्न समस्याका कारण नेपाल विद्युत् प्राधिकरणमा मानव संसाधन व्यवस्थापनमा केही कमजोरीहरू देखिएका छन् । सकारात्मक भर्ना प्रणालीको अवलम्बन, मानव संसाधनको विकासका लागि तालिम तथा विकासका कार्यक्रमलाई प्रभावकारी बनाउने एवं उपयुक्त स्थानमा, उपयुक्त व्यक्तिलाई, उपयुक्त समयमा जिम्मेवारी दिने व्यवस्थालाई पूर्ण रूपमा लागु गर्दै नेपाल विद्युत् प्राधिकरणको मानव संसाधन व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सकिन्छ । नेपाल विद्युत् प्राधिकरणमा मानव संसाधन व्यवस्थापनलाई प्रभावकारी बनाउन नयाँ सार्वजनिक शासनका मूल्य र मान्यतालाई समेत प्रयोग गर्न सकिने देखिन्छ । ■



# माइतीको घरैमा

शारदादेवी पोखेल भट्टराई

सम्झ्यो मेरो मगज तनले, गाउँ बेँसी नदेख्दा,
हुन्थ्यो धेरै मन चुलबुले, स्याउला पात बोक्दा ॥

गाईगोरु दिनभर चरी, बेलुका स्याउलामा
बोक्दै हिँड्दा पनि अति खुसी, माइतीको घरैमा ॥

कोदोरोटी पनि कति मिठो, गोलभेँडा अचार
चोप्दै खाँदा जिउ नि रसिलो, खुल्छ राम्रो विचार ॥

केराघारी घर वरिपरि, फूलबारी बगैँचा,
सम्झी सम्झी मन उडिगयो, माइतीको घरैमा ॥

घैया गोड्दै फुरफुर परी, पर्म पालो गरेको,
साथी साथी मिलजुल गरी खेत रोप्दै हिँडेको ॥

वर्षा बाढी कति कति गए, खेत थुन्दै गरामा,
डुल्थ्यौँ हामी अति रहरले, माइतीको घरैमा ॥

टीकाटालो गरीकन दसैँ, चाड ठुलो भनेर,
बस्थ्यौँ हामी घर घर गई, दक्षिणा त्यो गनेर ॥

खित्का छोड्दै खितखित गरी, खेल्न लट्ठे पिङैमा
पालो कुर्थ्यौं जति समय होस्, माइतीको घरैमा ॥

बाआमाकै वरपर बसे, ढुक्क हुन्थ्यो मनैमा
गाईगोरु रनवन चरे, जान्छु भन्थैँ वनैमा ॥

भोकलाग्दा तर मन रुने, दाम बाको जनैमा
काँक्रो, केरा जति पनि हुने, रातमाटा घरैमा ॥

द्यौसी भैलो रमझम गरी, सेलरोटी पकाई
नाच्दै खाँदै मनखुस गरी, चाडबाडै मनाई ॥

सम्झी सम्झी रूपमय बनी, सम्झनामै रहौँला
तन्नेरीझैँ बनिरहूँ सधैँ, माइतीको घरैमा ॥ ■

कार्यरत : के.क.प्र. शाखा
मो. ९८५१४११९३९



'अमरज्योति' साहित्यिक पत्रकारिता विशेषाङ्क र मातृका पोखरेलको कथासङ्ग्रह विमोचन कार्यक्रममा स्रष्टाहरू ।



# झुटो आश्वासन

कविता पोखेल (सुवेदी)

आऊ प्रिय बसौँ एकसाथ
अति भो नगर अनेक बात
तिम्रा ती वाचा एक एक सम्झन्छु
तिम्रा झुटो आश्वासन सबै सामु खोल्छु ॥

कति मिठो आश्वासन दिएथ्यौ
चुनावपछि तिमी मन्त्राणी हुनेछ्यौ
अनि सरर बोलेरोमा कुदिरहन्छ्यौ
कहिले स्वदेश त कहिले विदेश भ्रमण गरिरहने छ्यौ ॥

खोई त पूरा भयो तिम्रा ती वाचा
कुन मुखले हिँड्छौ पचाएर लाज
हिजोसम्म मलाई अनेक बात बनाई
अनगिन्ती आश्वासनको चाङ लगाई ॥

अझ भन्थ्यौ ड्राइभर बनी हाँक्छु देश
सयर गराउँछु तिमीलाई सेरोफेरो स्वदेश
भन्थ्यौ प्यारी म राजा तिमी रानी
राख्दछु तिमीलाई स्वर्गकी परीसरि ॥

अझै कैयौँ आश्वासनका माझ
भुलायौ मलाई व्यर्थै नि आज
मक्खै थिए म पाएर तिम्लाई
डुल्ने छु विश्व तिम्रो हात समाई ॥

कसम खाएर वाचा गरेथ्यौ
विकासका अभियानमा चल्छन् हातहरू
युवा, रोजगार का पक्षमा बोल्छन् आवाजहरू
अन्याय, बेथितिका विरुद्ध चल्छन् यी पाइलाहरू ॥

बल्ल थाहा भो भ्रम रहेछ सारा
मस्त निद्रामा म रहेछु हेर
प्रण गर्छु अहिल्यै लाग्दिनँ कहिल्यै
झुटो आश्वासनका खातिर पछि लाग्दिनँ आखिर ॥ ■

कार्यरत : थिमी वितरण केन्द्र, भक्तपुर

कविता .....

# मनको आशा

मिमन पुलामी



मनको आशामा बादल आए पनि,
आशाको घाम कहिल्यै अस्ताउँदैन
पीडाले आँसु झार्न सक्छ,
तर हिम्मतको दीप निभ्न पाउँदैन ।

हारका बाटाहरू हजार आए पनि,
जितको बाटो एक दिन भेटिन्छ ।
आजको मौन भोलिको कथा बनेर,
समयसँगै सबै दुःख मेटिने छ ।

फूलजस्तै जीवन काँडाले घेरिए पनि,
सुगन्धले आफ्नो धर्म छोड्दैन ।
साँचो मनले बाँच्न सके एक पल,
जीवन कहिल्यै अधुरो हुँदैन । ■

कार्यरत : नेपाल विद्युत् प्राधिकरण
केन्द्रीय कार्यालय, काठमाडौँ

## 'अमरज्योति' साहित्यिक पत्रकारिता विशेषाङ्क र मातृका पोखरेलको कथासङ्ग्रह विमोचन

नेपाल विद्युत प्राधिकरण, विद्युतकर्मी साहित्यिक समाजको आयोजनामा दुई महत्त्वपूर्ण कृतिको विमोचन सम्पन्न भएको छ। २०८२ पुस २५ शुक्रबार रत्नपार्कस्थित प्राधिकरणको केन्द्रीय कार्यालयको सभाहलमा आयोजित एक विशेष समारोहका बीच समाजको त्रैमासिक प्रकाशन 'अमरज्योति' को अङ्क ६८ (साहित्यिक पत्रकारिता विशेषाङ्क) र प्राज्ञ मातृका पोखरेलको कथासङ्ग्रह 'मलाई पनि निद्रा लागेन' सार्वजनिक गरिएको हो ।

वरिष्ठ साहित्यकार नगेन्द्रराज शर्माको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ 'रोदन', समीक्षक डा. हरि सिलवाल र नेपाल साहित्यिक पत्रकार सङ्घका अध्यक्ष मोहन दुवाल विशेष अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । प्रमुख अतिथि तथा विशेष अतिथिहरूले संयुक्त रूपमा पुस्तक र पत्रिकाको विमोचन गर्नुभएको थियो । कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि नगेन्द्रराज शर्माले नेपाली साहित्यिक पत्रकारिता अझै पनि सङ्कटपूर्ण अवस्थाबाट गुज्रिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले साहित्यिक पत्रकारिता धेरै हदसम्म लहड र सनकको भरमा टिकेको छ, तर यो समाजसेवाको एउटा बलियो माध्यम पनि हो ।"

### कृतिमाथिको समीक्षा

विमोचित 'अमरज्योति' साहित्यिक पत्रकारिता विशेषाङ्कमाथि समीक्षा गर्दै वरिष्ठ साहित्यिक पत्रकार श्रीओम श्रेष्ठ 'रोदन' ले यस अङ्कले नेपाली साहित्यिक पत्रकारिताको इतिहास र वर्तमानलाई बुझ्न महत्त्वपूर्ण सघाउ पुऱ्याउने धारणा राख्नुभयो । त्यस्तै, डा. हरि सिलवालले मातृका पोखरेलको कथासङ्ग्रह 'मलाई पनि निद्रा लागेन' माथि टिप्पणी गर्दै संवेगात्मक र सामाजिक यथार्थको सन्तुलन कथामा पाइने उल्लेख गर्नुभयो । कार्यक्रममा कथाकार मातृका पोखरेलले आफ्नो कृतिको सिर्जना प्रक्रियाबारे जानकारी दिनुभएको थियो भने प्राधिकरणका उपकार्यकारी निर्देशक तुलाराम गिरीले 'अमरज्योति' ले प्राधिकरणभित्रको साहित्यिक वातावरणलाई उचाइ दिएको बताउनुभयो ।

## विद्युतकर्मी साहित्यिक समाजले पुष्कर लोहनीको साहित्यिक योगदानलाई सम्झियो

'अमरज्योति' को यस विशेषाङ्कमा साहित्यिक पत्रकारिताका विविध आयाममा केन्द्रित २६ जना लेखकका लेखहरू समावेश छन् । जसमा नगेन्द्रराज शर्माको अन्तर्वार्ताका साथै ऋद्धिबहादुर मल्ल, रोचक घिमिरे, कर्ण दयाल 'सोराडी', कुलप्रसाद पराजुली, जीवन शर्मा, डा. टंक उप्रेती, ठाकुर बेलवासे, ताराप्रसाद वस्ती, नवराज रिजाल, निर्मल अर्याल, परशुराम अधिकारी, पवन आलोक, पुष्य घिमिरे, प्रकाश थापामगर, बोधराज पौडेल, मनु बि.क., मातृका पोखरेल, माधव घिमिरे 'अटल', मोहन दुवाल, रामेश्वर राउत मातदास, लक्ष्मी भट्टराई 'परिधि', विमल भौकाजी, शब्दसेना, शशिधर भण्डारी र शान्तिराम भट्टराई 'शाराभ सिन्धु' का लेखहरू रहेका छन् ।

विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष एवं पत्रिकाका प्रधान सम्पादक विष्णुप्रसाद आचार्य 'अतृप्त' को अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन कार्यकारी सम्पादक युवराज शर्माले गर्नुभएको थियो । समाजकी उपाध्यक्ष शारदा पराजुलीले स्वागत मन्तव्य राख्नुभएको सो कार्यक्रममा लेखकहरूलाई पारिश्रमिक र अतिथिहरूलाई मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा ठूलो सङ्ख्यामा साहित्यिक पत्रकार तथा लेखकहरूको उपस्थिति रहेको थियो ।

विद्युतकर्मी साहित्यिक समाजले पुष्कर लोहनीको साहित्यिक योगदानलाई सम्झियो ।

नेपाल विद्युत् प्राधिकरण, विद्युतकर्मी साहित्यिक समाजले 'त्वदीयं वस्तु गोविन्द, तुभ्यमेव समर्पये' नामक साहित्यिक कार्यक्रममार्फत वरिष्ठ साहित्यकार पुष्कर लोहनीको साहित्यिक योगदानको स्मरण गर्दै सम्मान कार्यक्रमको आयोजना गरेको छ ।

विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष विष्णु आचार्य 'अतृप्त'को अध्यक्षता तथा अग्रज साहित्यकार पुष्कर लोहनीको प्रमुख आतिथ्यमा घट्टेकुलो, काठमाडौँस्थित 'महापुष्कर सभाकक्ष'मा मिति २०८२ मङ्सिर २६ गते, शुक्रबार साँझ उक्त कार्यक्रम सम्पन्न भएको हो । उक्त कार्यक्रममा विशेष अतिथि नइ एकेडेमीका कुलपति इन्दिरा प्रसाईं, अतिथिहरू- वरिष्ठ साहित्यकार तथा शारदा मासिकका सम्पादक विमल भौकाजी, निबन्धकार श्रीबाबु कार्की, भाषा आयोगका माननीय सदस्य मातृका पोखरेल लगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्षहरू- कुलप्रसाद पराजुली, केशव रुपाखेती, विष्णुबहादुर सिंह, पुण्य घिमिरे, रामेश्वर राउत 'मातृदास' र कृष्णदेव रिमाल 'शब्दसेना', वि.क.सा.स.का पूर्वउपाध्यक्ष राजु शर्मा, आयोजक

संस्था वि.क.सा.स. आठौँ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरू (शारदा पराजुली, मुकुन्दप्रसाद प्रसाई, भोला शर्मा, सङ्गीता अधिकारी, रीता चालिसे, मिमन पुलामी, अनिल पौडेल, रामराजा ओझा, नारायणप्रसाद आचार्य लगायत) समेतको कार्यक्रममा सहभागिता रहेको थियो । सो कार्यक्रममा वरिष्ठ साहित्यकार पुष्कर लोहनीलाई माला, दोसल्ला र उहाँको योगदान झल्कने सम्मानपत्र समर्पण गरिएको थियो । त्यसैगरी 'त्वदीयं वस्तु गोविन्द तुभ्यमेव समर्पये' अर्थात् 'जसको सिर्जना हो उहाँलाई नै सुनाउने' खण्डको कार्यक्रममा सभाकक्षमा उपस्थित सबैले सम्मानित स्रष्टा पुष्कर लोहनीद्वारा विभिन्न कालखण्डमा रचिएका विभिन्न विधा (कथा, कविता, मुक्तक, हाइकु, चोका, कटौता आदि) का रचनाहरू उहाँलाई नै सुनाएका थिए।

उक्त कार्यक्रममा मन्तव्य राख्दै सम्मानित व्यक्तित्व लोहनीले ८८ वर्षको उमेरमा पनि आफूमा साहित्य सिक्ने र सिकाउने ऊर्जा अझै कायम रहेको विचार प्रकट गर्दै सत्यको पक्षमा आफूले निडरतापूर्वक कलम चलाएको तर प्राप्तिका लागि भनेर नलेखेको धारणा राख्नुभएको थियो ।

उक्त समारोहमा कार्यक्रम आयोजनाको औचित्य पुष्टि गर्दै विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष विष्णु आचार्य 'अतृप्त'ले "तिम्रो वस्तु तिमीलाई नै समर्पण गर्दछौँ" भन्ने आशयसहित 'त्वदीयं वस्तु गोविन्द, तुभ्यमेव समर्पये' नामक साहित्यिक अभियान सुरु गरिएको बताउनुभयो । उहाँले यो अभियान हालसम्म क्रमश: आदिकवि भानुभक्त आचार्य, महामानव विश्वेश्वरप्रसाद कोइराला, कवि विष्णुबहादुर सिंह तथा सात युवा कविहरूको समूह (पि सेभेन) को साहित्यिक देनप्रति समर्पित रहँदै सञ्चालन भइसकेको जानकारी दिँदै सोही अभियानको पाँचौँ संस्करणका रूपमा पुष्कर लोहनीको साहित्यिक योगदानलाई स्मरण गरिएको विचार व्यक्त गर्नुभयो ।

यसअघि 'तीन तियाँ', 'गजल मुशायरा', 'पुस्तकसँग पाठक', 'बहुभाषिक काव्यगोष्ठी', 'लेखन प्रशिक्षण कार्यशाला', 'स्रष्टा सम्मान', 'पर्यटन साहित्य प्रवर्द्धन' लगायतका विविध स्वाद र शैलीका साहित्यिक कार्यक्रम सञ्चालन गरिसकेकाले पृथक् धारको कार्यक्रम खोज्ने सिलसिलामा यस्तो स्वरूपको कार्यक्रम गर्ने अवधारणाको विकास हुन गई यस प्रकृतिको कार्यक्रम शृङ्खलाबद्ध रूपमा आयोजना गरिएको संस्थाका सचिव युवराज शर्मा (आविष्कार कला) ले जानकारी दिनुभयो ।

■

# विद्युतकर्मी साहित्यिक समाज

### संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू :
गङ्गा अधिकारी, भगवती प्रसाईं,
मातृका पोखरेल, रमेशप्रसाद तिमिल्सिना,
रमेशप्रसाद न्यौपाने, रामेश्वर राउत 'मातृदास'

### प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू :
कृष्णदेव रिमाल, चण्डिका रायमाझी,
दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ,
मोहनकृष्ण उप्रेती, सरिता शर्मा

### दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू :
कृष्णदेव रिमाल, कुसुम ज्ञवाली,
भगवती प्रसाईं, मातृका पोखरेल,
विन्दु शर्मा, यादवराज घले

### तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू :
मातृका पोखरेल, भगवती प्रसाई, विन्दु शर्मा
मञ्जुलाल श्रेष्ठ, दीपक दहाल,
कौशल भट्टराई, ओमप्रकाश घिमिरे

### चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू :
मातृका पोखरेल, विन्दु शर्मा, कौशल भट्टराई,
यादवराज घले, चण्डिका रायमाझी, शिशिर
थापा, कोमलनाथ आत्रेय, शारदा पराजुली

### पाँचौं कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू :
शिशिर थापा, कोमल कौशिक,
मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी,
शारदादेवी भट्टराई, माधव अधिकारी प्रसून,
शारदा पराजुली, दीपा खकुरेल

### छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल, ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा, ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य, ९८४१३५४९७२
सहसचिव - यादवराज घले, ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली, ९८४१३६३३२५
सदस्यहरू :
सङ्गीता अधिकारी, ९८४१८२७८३६
विष्णुप्रसाद आचार्य, ९८४१५४८४२५
आविष्कार कला, ९८५७०३७५८३
बलराम पुडासैनी, ९८४१४०५००७
रीता खनाल, ९८४१६०२१७२
शारदादेवी भट्टराई, ९८४४४७८८३२

### सातौं कार्यसमिति २०७९

अध्यक्ष- कृष्णदेव रिमाल, ९८४११९६८८८
उपाध्यक्ष- शारदा भट्टराई पोखरेल, ९८४४४७८८३२
सचिव- विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव- शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष- मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
सदस्यहरू:
सङ्गीता अधिकारी, ९८४१८२७८३६
आविष्कार कला, ९८५७०३७५८३
बलराम पुडासैनी, ९८४१४०५००७
रीता चालिसे खनाल, ९८४१६०२१७२
भोला शर्मा, ९८४१३३७७७२,
मिमन पुलामी, ९८४५९५८४५३

### आठौं तथा वर्तमान कार्यसमिति २०८२

अध्यक्ष- विष्णुप्रसाद आचार्य, ९८४१५४८४२५
उपाध्याक्ष- शारदा पराजुली, ९८४१३६३३२५
सचिव- आविष्कार कला, ९८५७०३७५८३
सहसचिव- भोला शर्मा, ९८४१३३७७७२
कोषाध्यक्ष- मुकुन्दप्रसाद प्रसाईं, ९८४३०५१४५०
सदस्यहरू :
सङ्गीता अधिकारी, ९८४१८२७८३६
बलराम पुडासैनी, ९८४१४०५००७
रीता चालिसे खनाल, ९८४१६०२१७२
मिमन पुलामी, ९८४५९५८४७३
अनिल पौडेल, ९८५१०३७०५७
रामराजा ओझा, ९८४१९१५७०५

## विद्युतकर्मी साहित्यिक समाज

### संरक्षक

हितेन्द्र देव शाक्य
(कार्यकारी निर्देशक, नेविप्रा)

### सहसंरक्षक

मोहनबहादुर कायस्थ, ९८५१०१५०३५
विष्णुबहादुर सिंह, ९८५१०२१८०९
डम्बरबहादुर नेपाली, ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय, ९८५१०७२०४८
शेरसिंह भाट, ९८५१०३८५४०

## संस्थापक आजीवन सदस्यहरू:

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमलाश्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

## आजीवन सदस्यहरूको नामावली

१. विष्णुप्रसाद उपाध्याय
२. रमा पोखरेल
३. रम्भा शर्मा अधिकारी -९८४१६८१४७५
४. शान्ता सुवेदी -०२१-४६०६८८
५. कुमारप्रसाद ओझा -९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला -९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा -९८५१०१८८४४
८. देवराज प्रसाईं -९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती -९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे -९८४१२८६२६७
११. भुवनचन्द ठकुरी -९८०१००२००२
१२. रामप्रसाद अधिकारी-
१३. अच्युत नेपाल -९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान -९८५११०६१०७
१५. कौशल भट्टराई -९८४१४४७१९०
१६. दण्डपाणि बस्याल -९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल -९८४१३४९८५४
१८. गौरीमान कडरिया -
१९. बद्रीनाथ रोक्का -
२०. बेलप्रसाद शर्मा -९८४१४११६४४
२१. मातृका बजिमय -९८४३६६९०५१
२२. सरिता शर्मा -
२३. काशिराम शर्मा -९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल -
२५. विष्णुप्रसाद आचार्य -९८४१५४८४२५
२६. कुसुम ज्ञवाली -
२७. केशवराज पन्त -
२८. चिरञ्जीवी शर्मा -
२९. टङ्क श्रेष्ठ -९८५११२३३९३
३०. ध्रुवराज भट्टराई -
३१. रमापति पराजुली -९८४२०२७७५६
३२. विन्दु शर्मा -९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य -९८५१०५४३६०
३४. हरिहरमान पालिखे -
३५. प्रकाशजङ्ग राणा-
३६. राष्ट्रभूषण प्रधान - ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल - ९८४११९६८८८
३८. कौशिला देवान- ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक - ९८४१२७८६५८
४०. सरोज अर्याल - ९८४६०८८२३१
४१. यादवराज घले - ९८४१३६१६९६
४२. उषा सिंह - ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ- ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी- ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल - ९८४१८३५६८५
४६. राजु शर्मा - ९८४१४२६४६२
४७. रीता खनाल - ९८४१६०२१७२
४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव -
५१. नवराज भट्ट -
५२. रङ्गराज सिम्खडा -
५३. भोजराज पौडेल -
५४. अनिरुद्रप्रसाद यादव - ९८४१५०२३५८
५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९
५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३

६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारू राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी -९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले -
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-
१२२. कृष्णकान्त पण्डित - ९८४१७६२९४०
१२३. देवीमाया दाहाल - ९८४१३३३७९४
१२४. निर्मला सुवेदी - ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने - ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी - ९८५११८८२५४
१२७. देवराज घिमिरे -
१२८. बोधनाथ रिमाल - ९७६१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल - ९८४१५४८३७८
१३०. कल्पना कोइराला - ९८४१८०३२००
१३१. थीरकुमार खत्री - ९८४१५७०९२२
१३२. सोमराज शाह - ९८४१०२७९२७
१३३. सङ्गीता कार्की - ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४

१३५. रामशरण उप्रेती– ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल– ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी– ९८५११३०४२१
१३८. दुर्गा काफ्ले – ९८४१५१०५४७
१३९. प्रशून अधिकारी – ९८५११६६८१०
१४०. रामहरि गौतम – ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल – ९८४५४६०५२
१४२. मदन तिम्सिना – ९८५११९८३४५
१४३. हरराज न्यौपाने – ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र – ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी – ९८४१४७५२८७
१४६. मनोज सिलवाल – ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल – ९८४१७३२२७१
१४८. रमेश पौडेल– ९८४१२५३१८६
१४९. जयराज भण्डारी – ९८४१२४२६५५
१५०. शम्भु बस्नेत – ९८५१०७४००४
१५१. हरिहर बराल – ९८४१३०५२४२
१५२. केदार प्र. धिताल – ९८५११५६०६२
१५३. शिव अधिकारी– ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर – ९८४१२५९९५७
१५५. अजय दाहाल– ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा – ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी – ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल – ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई – ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ– ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई – ९८४१३२०३१०
१६२. मणिराज नेपाल – ९८५१०४००५६
१६३. दीपा खकुरेल – ९८४१४४८५३०
१६४. मैया थापा – ९८४११८४४०३
१६५. सागर ज्ञवाली – ९८५११४०२३०
१६६. शम्भु बस्नेत – ९८५१०७४००४
१६७. राजेशकुमार राजथला – ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी – ९८४६११९१७४
१६९. ममता वली खरेल – ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी– ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी – ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य – ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो – ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल – ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे – ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला – ९७४५००७६६६
१७७. नरेश मैनाली – ९८४१४४९०१५
१७८. विकास चित्रकार – ९८४१३६११८९
१७९. सृजना ख्याजु– ९८४१९२३५३३
१८०. विजयप्रसाद दास– ९८६०८०७३८१
१८१. कपिल मिश्र – ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली – ९८४१६८५९८२
१८३. रीता बस्नेत – ९८६००१३५६१
१८४. सरस्वती अर्याल – ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल– ९८४१२६१६६६
१८६. दीपक भण्डारी – ९८५११२४४८६
१८७. प्रमिला चौधरी – ९८४११९४७०७
१८८. वसन्तराज नेपाल – ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य – ९८६०११९७११
१९०. चन्द्रकला निरौला – ९८४१९२६०८१
१९१. आनन्द सुवेदी– ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने – ९८४१५०१६०९
१९३. अम्बिका खत्री – ९८४१५६२६९७
१९४. प्रकाश पराजुली – ९८४३७२२०९५
१९५. सुभाष पाण्डे – ९८४९०३३७६२
१९६. विकास पुडासैनी – ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला – ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ– ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने – ९८५११२३२४५
२००. अम्बिका घिमिरे – ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का – ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ – ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र – ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र – ९८४९८२९६९९
२०५. जनक महत –९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का – ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे – ९८५११८६९७३

२०८. केदारप्रसाद पाण्डे – ९८४१३६५४९०
२०९. आविष्कार कला – ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला – ९८४९७५३२३२
२११. विमला खड्का – ९८४६०९६७५७
२१२. पङ्कज राना – ९८४७१९४६०
२१३. जमुना पोखरेल – ९८४१८४७२१३
२१४. रीता खत्री – ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल – ९८९११०५४६६
२१६. गङ्गा सापकोटा – ९८४७५५४१०८
२१७. प्रकाश कुँवर – ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल – ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने – ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल – ९८५११६८२१४
२२१. लोकेन्द्रबहादुर साउद –९८५१०९९१३३
२२२. अञ्जु कटुवाल – ९८४१२५०७६६
२२३. सरिता डङ्गोल – ९८४१५०२९१२
२२४. खेमराज भण्डारी – ९८५१२४००७७
२२५. सरोज घिमिरे – ९८४१५४८०७२
२२६. हरिप्रसाद अधिकारी– ९८५२०२८४५२
२२७. वीरेन्द्र कुमार झा – ९८५२०२४९४०
२२८. सरोज कुमार श्रेष्ठ– ९८४२०९८६९२
२२९. आनन्द नेपाल – ९८५२०२४६४५
२३०. उज्ज्वलराज नेपाल– ९८५२०३२६१८
२३१. विनोद सुवेदी – ९८४१३०८३९६
२३२. रमेशप्रसाद घिमिरे – ९८५२०३१०७९
२३३. निर्मला शर्मा – ९८४१५४८७२५
२३४. हरिप्रसाद घिमिरे – ९८४१८२१४९२
२३५. राजेन्द्र कोइराला – ९८४१२९२०६०
२३६. शेरजङ्ग कार्की– ९८५११८८८५८
२३७. सुरेन्द्रजङ्ग थापा – ९८५१०४११८८
२३८. राजनप्रसाद प्याकुरेल – ९८४१७००७७०
२३९. तुलाराम गिरी – ९८५११६८२१९
२४०. राजनऋषि कँडेल – ९८४१३४५४२३
२४१. महेश्वर सत्याल – ९८५१०९३१७०
२४२. अनिता बजगाईं – ९८४१६८६३४८
२४३. नागेन्द्रकुमार यादव – ९८५२०३९७०१
२४४. हरिबोल हुमागाई – ९८४११७४८७१
२४५. चाँदनी बि.क. – ९८४७१०७२१४
२४६. राजन पालुङ्गा – ९८४१३७३७७६
२४७. दिनेश शिवाकोटी – ९८४५०१२४६७
२४८. नारायण रेग्मी – ९८५११४७४५४
२४९. सागर शिवाकोटी ९८४१७८१२६४
२५०. उमा न्यौपाने – ९८१३६३६७९०
२५१. मिमन पुलामी – ९८४४५९४२३६
२५२. राजन फुयाँल –
२५३. शमशेरबहादुर न्हुच्छे प्रधान –
२५४ निरबहादुर भण्डारी – ९८४१३२७४७२
२५५. राजु भण्डारी –९८४६०१०४५५
२५६. जयराम आचार्य – ९८५११३१६९३
२५७. मान्चुकुमारी श्रेष्ठ ९८४१८६५०१५
२५८. ध्रुवराज प्रसाई – ९८४१६०२९२६
२५९ मिलन मनुवा दाहाल – ९८५१०१७३९०
२६०. नारायणप्रसाद रिजाल –९८५६०४९४६१
२६१. सुरेन्द्र पोखरेल – ९८४१०६१७५४
२६२ नारायणप्रसाद आचार्य –९८४१७२७३९३
२६३. मधुकर बस्नेत – ९८४१७९०७४८
२६४. रवीन्द्रजङ्ग पाण्डे – ९८५१०३४६४२
२६५. हरिबहादुर थापा ९८४९००२१२३
२६६. सुमनराज मानन्धर ९८४९३९३१६९
२६७. तेजकान्त उपाध्याय – ९८५५०३१९६४
२६८. रञ्जित शाह ९८४९१२४५९०
२६९. विवेक तिम्सिना – ९८५११९९२७३
२७०. सरस्वती केसी – ९८४१८२७७५१
२७१. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९
२७२. दीपक चौधरी, ९८५११–६२६५०
२७३. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१–३६८५९९
२७४. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७५. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७६. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७७. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७८. सुनिता खड्का, ९८४५०३०९९९
२७९. उपेन्द्र सिंह, ९८४१३०००२६
२८०. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८१. आशिषरत्न शाक्य, ९८४९६२४९८५

२८२. सुलोचना आचार्य, ९८४१८६१८१९
२८३. एलिना कार्की, ९८४३४७३६५९
२८४. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८५. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८६. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८७. सोबित थपलिया, ९८४१८९८७२३
२८८. अनिल पुडासैनी, ९८४१४४६५६५
२७९. शोभा दर्लामी, ९८४९१२८४५७
२९०. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९१. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९२. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९३. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९४. भक्ति चौलागाईं, ९८६५१५४३९८
२९५. छविलाल अधिकारी, ९८५६०४१९९९
२९६. बबिता पौडेल, ९८४६१३४६०२
२९७. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९८. राजु बराल, ९८५६०४६४०८
२९९. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३००. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०१. निरोज पौडेल, ९८५११९१९२६
३०२. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०३. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०४. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०५. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०६. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०७. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०८. अर्जुन तिवारी, ९८४६०९७६४२
३०९. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३१०. अनिल अर्याल, ९८४६१२२६०२
३११. किशोर घिमिरे, ९८५७०६६६८१
३१२. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१३. सुदिप पौडेल, ९८४६१९९१०४
३१४. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१५. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१६. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१७. नमराज रिमाल, ९८४०७३९१७५
३१८. विकास चौधरी, ९८५६०३११९१
३१९. किरण चौधरी, ९८४६९४०५०३
३२०. कृष्णप्रसाद पौडेल, ९८४१३७३५८१
३२१. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२२. सन्तोष गौतम, ९८४१३७८९५१
३२३. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२४. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२५. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२६. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२७. युवराज न्यौपाने, ९८५११५२३५४
३२८. पेमा डुम्रे, ९८४६५४६०२९
३२९. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३० कविता पोखरेल सुवेदी, ९८४९६७८४४७
३३१. राजु भट्टराई, ९८४१०३७६२०
३३२. तारादेवी धमला, ९८४१०२५४६५
३३३. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३४. दामोदर काफ्ले, ९८४२३४१२२२
३३५. निलम मरासिनी, ९८४९०७९८५३
३३६. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३७. सञ्जीव रेग्मी, ९८४१९९१९९२
३३८. अनिल पौडेल, ९८५१०३७०५७
३३९. राजुबाबु पाण्डे, ९८०८९४५६५७
३४०. देवीमाया कोइराला, ९८४३३९९१७३
३४१. राजुप्रसाद तिमिल्सिना, ९८४६४९०६७५
३४१. कमलराज ओझा, ९८४८४३९१८१
३४२. रामराजा ओझा, ९८४१९१५७०५
३४३. सुरज रेग्मी, ९८५११३५०७७
३४४. रवीन्द्र शाह, ९८४५२९७०२८
३४५. सुजित घिमिरे, ९८५६०४८५२०
३४६. टीकाराम पौडेल, ९८५१३१५९२१
३४७. खिलराज राई, ९८४२८४७१८६
३४८. सूर्यराज ढुङ्गाना, ९८४१५४९५९८
३४९. दीपक गौतम, ९८५११४१३३४
३५०. सुदन कुँवर, ९८५१०६४४३४
३५१. सुरेन्द्र पौडेल, ९८५७६२६५५५
३५२. पद्मराज जोशी, ९८४१३६८९५३
३५३. प्रकाश काफ्ले, ९८५११२८१७९

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | उर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |
| १९. | सागरदेखि सागरसम्म | २०७९ | हरिप्रसाद अधिकारी | प्रकाशन |
| २०. | गन्तव्यतिर | २०८० | राजु शर्मा | प्रकाशन/विमोचन |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

१. कुलप्रसाद पराजुली २०६७
२. मोहनबहादुर कायस्थ २०६८
३. पुष्पनाथ शर्मा २०६९
४. विष्णुबहादुर सिंह २०७०
५. कृष्णमोहन जोशी २०७१
६. केशव रूपाखेती २०७२
७. वीरेन्द्र पाठक २०७३
८. पुण्य घिमिरे २०७४
९. मोहनकृष्ण उप्रेती २०७५
१०. भुवनचन्द ठकुरी २०७५
११. मातृकाप्रसाद सङ्ग्रौला २०७५
१२. पुष्कर पुरी २०७५
१३. जुजुकाजी रञ्जित २०७६
१४. देवेन्द्र अधिकारी (दुःखी माइला)२०७६
१५. कमला श्रेष्ठ २०७७
१६. आर.आर. चौलागाईं २०७८
१७. मातृका पोखरेल २०७९
१८. रमेशप्रसाद न्यौपाने २०७९
१९. मञ्जुलाल श्रेष्ठ २०८०
२०. गङ्गा अधिकारी २०८०
२१. राजु शर्मा २०८१
२२. शान्ता भट्टराई सुवेदी २०८१

२३. उपेन्द्र शिवाकोटी (कला सम्मान) २०८१
२४. रुद्रबहादुर पालुङ्वा (सङ्गीत सम्मान) २०८१
२५. दीपक दाहाल २०८२
२५. भगवती प्रसाईं २०८२

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित संस्थाहरू

१. शारदा साहित्यिक मासिक, काठमाडौँ २०८०
२. साहित्य सन्ध्या, काठमाडौँ, २०८०
३. साहित्य सङ्गम, मकवानपुर, २०८०
४. दायित्व वाङ्मय प्रतिष्ठान, काठमाडौँ, २०८०
५. प्युठान साहित्य परिषद्, प्युठान, २०८०
६. नुवाकोट साहित्य प्रतिष्ठान, नुवाकोट, २०८०